# प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय कार्यक्रम

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

महेन्द्रकुमार शाक्य

त्रि.वि.द.नं. ३४-०४५-३५६-२

परीक्षा क्रमाङ्क २१४०११६

शैक्षिक वर्ष ०६४/०६६

सुकुना बहुमुखी क्याम्पस

शिक्षाशास्त्र संकाय

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


२०६८

## सिफारिस पत्र

सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङमा शिक्षाशास्त्र सङ्कायअन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग शिक्षाशास्त्र मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र महेन्द्रकुमार शाक्यले स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता परिपूर्ति गर्न **"प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय कार्यक्रम"** शीर्षकमा केन्द्रीत रही गरेको शोधकार्य मेरो प्रत्यक्ष सुपरिवेक्षणमा तयार गर्नुभएको हो । उहाँले पूरा गर्नुभएको यस शोधपत्रको सम्पूर्ण पक्षबाट म पूर्ण सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्नको लागि मूल्याङ्न समितिमा सिफारिस गर्दछु ।

.........................

श्री लक्ष्मीकुमार श्रेष्ठ
शोधनिर्देशक
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ

# स्वीकृति पत्र ।

सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङमा शिक्षाशास्त्र सङ्कायअन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र महेन्द्रकुमार शाक्यले स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता परिपूर्ति गर्न **प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय कार्यक्रम** शीर्षकमा शोधकार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| क्र. स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख तथा शोध निर्देशक | |
| २ | श्री गणेशप्रसाद दाहाल | सदस्य, शोध समिति | |
| ३ | सह-प्रा. श्री.हेमराज ढकाल | बाह्य परीक्षक | |

मिति :- २०६८/०७/२०

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय अन्तर्गत सुकुना बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, इन्द्रपुर, मोरङ्गको एम.एड. द्वितीय बर्ष (कोर्स नं. ५९८) को आवश्यकता पूरा गर्न यो **प्रौढहरुका लागि संचालित अनौपचारिक विद्यालय कार्यक्रम** शीर्षकको शोध पत्र तयार गरिएको हो ।

यस शोधकार्य अघि बढाउन शैक्षिक योजना तथा व्यवस्थापन विभागले आयोजना गरेको शोधपत्र लेखनसम्बन्धी अभिमुखीकरण कार्यक्रमले अमूल्य सघाउ पुऱ्याएको छ भने शोधपत्र प्रस्ताव लेखन र स्वीकृतिदेखि शोधकार्य अघि बढाउन निरन्तर निर्देशन तथा मार्गदर्शन गर्नु हुने क्याम्पस प्रमुख श्री पितकुमार श्रेष्ठ, विभागीय प्रमुख तथा शोध निर्देशक श्री लक्ष्मीकुमार श्रेष्ठलाई हृदयदेखि नै धन्यवाद तथा आभार व्यक्त गर्दछु । शोधपत्रलाई यस रुपमा ल्याई पुऱ्याउन अमूल्य मार्गदर्शन तथा सुझाव प्रदान गरी यस कार्यप्रति उत्प्रेरित गर्नु हुने श्रद्धेय गुरु श्री गणेशप्रसाद दाहाल प्रति कृतज्ञता व्यक्त गर्दछु ।

२१ औं शताब्दीको यस अवधिमा पनि औपचारिक शिक्षाको मूलप्रवाहमा समाहित हुन नसकेकाहरुलाई लक्षित गरी सञ्चालन गरिएको अनौपचारिक प्रौढ विद्यालयको प्रभावकारिता अध्ययनका लागि आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने अन्तर्वार्ता एवं समूह छलफलमा सहभागी हुने प्र.अ. हरु, शिक्षकवर्ग, वि.व्य.स. पदाधिकारीहरु, अभिभावक, विद्यार्थी तथा उक्त कार्यक्रम अनुगमन निरीक्षण गर्ने वि.नि./श्रोतव्यक्ति मित्रहरु लगायत जि.शि.का. मोरङ्गका  कार्यक्रम संयोजकलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा शोधकार्य अघि बढाउन प्रत्यक्ष अप्रत्यक्ष रुपमा  सहयोग पुऱ्याउनु हुने सबै शुभेच्छुक साथीहरुलगायत जि.शि.का मोरङ्गका उपसचिव द्वय श्री अशोक कुमार कालाखेती र श्री गणेशप्रसाद अधिकारी प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै यस शोधपत्र टङ्कन गरी सहयोग गर्ने त्रिवेणी फोटो कपी सेन्टर विराटनगरका भाई अशोक पौडेललाई धन्यवाद ज्ञापन गर्दछु ।

महेन्द्रकुमार शाक्य
एम.एड. दोस्रो बर्ष
सुकुना बुहमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन समूह

# शोध सार

**प्रौढहरुका लागि संचालित अनौपचारिक विद्यालय कार्यक्रम** शीर्षक राखेर गरिएको यस अध्ययनको मुख्य उद्देश्य अनौपचारिक विद्यालय कार्यक्रमले पारेको प्रभाव पत्ता लगाउनु हो । यो अध्ययनलाई अघि वढाउनको लागि प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय कार्यक्रमसँग सम्वन्धित विभिन्न शोधपत्र एवं लेख रचनाहरुको अध्ययन गरियो ।

यस अनुसन्धानको लागि गुणात्मक तथा परिमाणात्मक दुवैलाई मिश्रित रुपमा प्रयोग गरिएको छ । यसमा उद्देश्यमूलक नमूना छनौट गरिएको छ भने अनुसन्धानको साधनको रुपमा  स्थलगत भ्रमण, अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, समूह छलफल जस्ता विधिहरुको प्रयोग गरिएको छ । अध्ययन कार्यको लागि प्राथमिक तथा द्वितीयक दुवै तथ्याङ्क संकलनका स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कको स्रोतका रुपमा सम्वन्धित विद्यालयका शिक्षक, प्रधानाध्यापक विद्यार्थी, अभिभावक, कार्यक्रम हेर्ने संयोजक, विद्यालय निरिक्षक, स्रोतव्यक्ति र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुबाट प्राप्त तथ्याङ्कलाई लिइएको छ भने सम्बन्धित विद्यालयका अभिलेखहरु, जिल्ला शिक्षा कार्यालयमा रहेका अनौपचारिक शिक्षासम्वन्धी दस्तावेज, अभिलेख एवं तथ्याङ्कको अध्ययन तथा शोधकार्यसँग सम्वन्धित अन्य अनुसन्धानात्मक कृतिहरुलाई द्वितीय तथ्याङ्कका स्रोतका रुपमा लिइएको छ । आवश्यक तथ्याङ्क सङ्कलन गर्न अवलोकन, छलफल र अन्तर्वार्ता प्रश्नावली जस्ता साधनको प्रयोग गरिएको छ । नमूना छनोटमा परेका विद्यालयहरुमा स्थलगत भ्रमण गरी कक्षामा अध्ययनरत विद्यार्थी, कक्षा शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षलगायत सम्वन्धित विद्यार्थीका अभिभावकसँग छलफल कार्य सम्पन्न गरी उनीहरुबाट अन्तर्वार्ता प्रश्नावलीसमेत भरी तथ्याङ्क संकलन गरिएकोछ ।

यस अध्ययनबाट प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय कार्यक्रम लक्षित वर्गका लागि सकारात्मक भएको भएपनि नियमित उपस्थिति दर बढाउनु, पाठयक्रम पाठयपुस्तक समयमा उपलब्ध नभएको, शिक्षक तालिमको व्यवस्था नभएको पाइयो । विद्यार्थी छात्रवृत्ति, पोशाक, स्टेशनरी व्यवस्था, विद्यार्थी प्रोत्साहन जस्ता पक्षको अभाव छ । शिक्षकहरुको पठनपाठन कार्यमा सहयोग गर्न सम्बन्धित निकाय तथा विद्यालय निरिक्षक श्रोतव्यक्ति, कार्यक्रम संयोजक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापकहरुद्वारा निरीक्षण अनुगमन गरी पृष्ठपोषण दिने कार्यको अभाव देखिएको छ ।

कार्यक्रमको प्रभावकारिता वृद्धि गराउनका लागि अभिभावक, विद्यार्थी र शिक्षक बैठक, छलफल, अन्तरक्रिया तथा भेटघाट जस्ता आवश्यकीय पक्षको समन्वयमा कदमहरु चाल्नुपर्ने देखिन्छ भने विद्यार्थीलाई पठनपाठनमा सहयोग पुऱ्याउन पाठयपुस्तक समयमा उपलब्ध गराउनु पर्ने, विद्यालय पोशाक, छात्रवृत्ति, विद्यार्थी प्रोत्साहन, अभिभावक जागरण कार्यक्रम, शिक्षकलाई तालिम व्यवस्थापन, सम्बन्धित निकायले गर्न आवश्यक छ । कक्षाकोठाको व्यवस्था सरसफाईलगायत निरन्तर व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक, विद्यालय निरिक्षक/ श्रोतव्यक्तिबाट निरीक्षण अनुगमन र पृष्ठपोषण प्रदान गरिनु आवश्यक छ । कक्षा शिक्षणमा विद्यार्थीलाई प्रत्यक्ष सहयोग पुग्ने व्यवहारिक सीप हाँसिल गराउने प्रयोगात्मक विधि, सहभागी केन्द्रित विधिको प्रयोग गरिनु पर्दछ । अभिभावक छलफल, अन्तरक्रियाको कार्यक्रम विद्यालयद्वारा गरिनु पर्दछ । त्यस्तै पाठय्क्रम पाठयपुस्तकमा परिमार्जन गरी विद्यार्थीको पेशा व्यवसाय सञ्चालनमा प्रत्यक्ष सहयोग पुऱ्याउने खालका विषयवस्तु समावेश गरी सीपमूलक शिक्षामा जोड दिन आवश्यक देखिन्छ ।

# बिषयसूची

पृष्ठसंख्या


| | |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञताज्ञापन | iii |
| शोधसार | iv |
| बिषयसूची | vi |
| तालिकासूची | x |
| संक्षिप्त शब्दावली | xi |


## परिच्छेद एकः परिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनको उद्देश्य | ६ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ६ |
| १.६ अध्ययनको परिसिमा | ६ |
| १.७ सम्बन्धित शब्दावलीहरुको परिभाषा | ७ |


## परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ सैद्धान्तिक खाका | ११ |
| २.३. अध्ययनको उपादेयता | १४ |


## परिच्छेद तीनः अनुसन्धान विधि


| | |
|---|---|
| ३.१. अनुसन्धान ढाँचा | १६ |
| ३.२. नमूना जनसङ्ख्या | १६ |
| ३.३. नमूनाको आकार | १६ |
| ३.४. नमूना छनौटको आधार | १७ |

३.५. अनुसन्धान साधन १७
३.५.१. अवलोकन १७
३.५.२. अन्तर्वार्ता १८
३.५.३. समूह छलफल १८
३.६. तथ्याङ्कको स्रोत १९
३.६.१. प्राथमिक स्रोत १९
३.६.२. द्वितीयक स्रोत १९
३.७. तथ्याङ्क सङ्कलन प्रक्रिया १९
३.८. तथ्याङ्क विश्लेषण प्रक्रिया १९

## परिच्छेद चारः तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण

४.१ प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय कार्यक्रमको वर्तमान अवस्था २०
४.१.१ अनौपचारिक निम्न माध्यमिक प्रौढ विद्यालय विवरण २०
४.१.२ विद्यार्थी सङ्ख्या विवरण २१
४.१.३ जातिगत विद्यार्थी विवरण २३
४.१.४ उमेरगत विद्यार्थी विवरण २५
४.१.५ विद्यार्थी उपलव्धि विवरण २६
४.१.६ परीक्षासम्वन्धी विवरण २८
४.१.६.१ दलित विद्यार्थीको विवरण ३२
४.१.६.२ जनजाति विद्यार्थीहरुको परीक्षा सम्बन्धी विवरण ३३
४.१.७ विषयगत औषत सिकाई उपलब्धि दर ३४
४.१.८ पाठ्य सामग्रीको उपलब्धता ३५
४.२ कार्यक्रमको प्रभावकारिता ३७
४.२.१ विद्यार्थी सहभागिता तथा कक्षा नियमितता ३८
४.२.२ शिक्षक व्यवस्थापन तथा तालिम सञ्चालन ३९
४.२.३ कक्षा सञ्चालन तथा व्यवस्थापन ४१
४.२.३.१ कक्षा सञ्चालन ४१
४.२.३.२ कक्षा व्यवस्थापन ४२

४.२.४ पाठ्यक्रम तथा पाठ्यसामग्रीको स्तरीयता एवं सान्दर्भिकता ४३
४.२.५. सिकाइ उपलब्धि तथा उत्तीर्ण दर ४४
४.२.६ माथिल्लो कक्षामा पहुँच ४५
४.२.७ पठनपाठनका लागि योजना निर्माण ४७
४.२.८ शिक्षक परामर्श, सहयोग तथा समन्वय ४८
४.२.९ कार्यक्रम निरीक्षण, अनुगमन तथा पृष्ठपोषण ४९
४.३ समस्या तथा निराकरणका उपायहरु ५०
४.३.१ विद्यार्थीसँग सम्बन्धित समस्याहरु ५०
४.३.२ अभिभावकसँग सम्बन्धित समस्याहरु ५१
४.३.३ शिक्षकसँग सम्बन्धित समस्याहरु ५२
४.३.४ कक्षा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी समस्याहरु ५२
४.३.५ पाठ्यक्रम तथा पाठ्युस्तक सम्बन्धी समस्याहरु ५३
४.४ समस्या निराकरणका उपायहरु ५४
४.४.१ विद्यार्थीसँग सम्बन्धित समस्या निराकरणका उपायहरु ५४
४.४.२ अभिभावकहरुसँग सम्बन्धित समस्या निराकरणका उपायहरु ५६
४.४.३ शिक्षकसँग सम्बन्धित समस्या निकारणका उपायहरु ५६
४.४.४ कक्षा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी समस्या समाधानका उपायहरु ५७
४.४.५ पाठ्यक्रम तथा पुस्तकसम्बन्धी समस्या निराकरणका उपायहरु ५८

## परिच्छेद पाँचः प्राप्ति, निश्कर्ष र सुझाव

५.१ प्राप्ति ५९
५.२ निश्कर्ष ६०
५.३ सुझावहरु ६२
५.३.१ नीतिगत तह ६२
५.३.२ अभ्यास तह ६३
५.३.३ अनुसन्धान तह ६५

**सन्दर्भग्रन्थसूची**

## अनुसूचीहरु

| | |
|---|---|
| अनुसूची १ | नमूनाको आकार |
| अनुसूची २ | अवलोकन फाराम |
| अनुसूची ३ | विद्यार्थीका लागि अन्तरवार्ता प्रश्नावली |
| अनुसूची ४ | अभिभावकहरुका लागि अन्तर्वार्ता प्रश्नावली |
| अनुसूची ५ | शिक्षक तथा प्र.अ.हरुका लागि अन्तरवार्ता प्रश्नावली |
| अनुसूची ६ | वि.नि.,स्रोतव्यक्ति तथा कार्यक्रम संयोजकहरुका लागि अन्तरवार्ता प्रश्नावली |
| अनुसूची ७ | वि.व्य.स.अध्यक्षहरुका लागि अन्तरवार्ता प्रश्नावली |
| अनुसूची ८ | समूह छलफलका लागि तयार गरिएका बुँदाहरु |
| अनुसूची ९ | जनजाति विद्यार्थीहरुको परीक्षासम्बन्धी विवरण |
| अनुसूची १० | अनौपचारिक निम्नमाध्यमिक प्रौढ विद्यालय विवरण |

# तालिकासूची


| | शीर्षक | पेज न. |
|---|---|---|
| तालिका १ | नमूना छनौटमा परेका विद्यालय विवरण | २१ |
| तालिका २ | अनौपचारिक प्रौढ नि.मा. तहका विद्यार्थी विवरण | २२ |
| तालिका ३ | जातिगत विद्यार्थी विवरण, (२०६८) | २३ |
| तालिका ४ | उमेरगत विद्यार्थी विवरण | २५ |
| तालिका ५ | विद्यार्थी उपस्थिति विवरण | २७ |
| तालिका ६ | कुल विद्यार्थीको परीक्षासम्वन्धी विवरण (दोस्रो तह) | २९ |
| तालिका ७ | विद्यालय छाड्ने विद्यार्थी विवरण | ३० |
| तालिका ८ | बीचैमा विद्यालय छोड्नुको कारण | ३१ |
| तालिका ९ | दलित विद्यार्थीहरुको परीक्षा विवरण | ३२ |
| तालिका १० | बिषयगत औषत उपलब्धि दर | ३४ |
| तालिका ११ | पाठ्यसामग्रीको स्तर सुहाँउदो सिकारुको चाहना र आवश्यकता सम्वन्धी विवरण | ३६ |
| तालिका १२ | तालिमको व्यवस्था सम्बन्धी प्रतिक्रिया विवरण | ४० |
| तालिका १३ | कक्षा नियमित संचालन भएको नभएको विवरण | ४२ |
| तालिका १४ | विद्यार्थीको सिकाई उपलब्धि प्रति सन्तुष्ट, असन्तुष्ट विवरण | ४५ |
| तालिका १५ | औपचारिक विद्यालयको कक्षा ९ भर्ना भएका विद्यार्थी संख्या | ४६ |
| तालिका १६ | पठनपाठनसम्बन्धी योजना निर्माण परामर्श, छलफल विवरण | ४७ |
| तालिका १७ | निरीक्षण/ अनुगमन विवरण | ४९ |
| तालिका १८ | पाठयसामग्री तथा शिक्षण सामग्री समयमा उपलब्ध भए/नभएको विवरण | ५३ |

# संक्षिप्त शब्दावली

नि.मा.वि.- निम्नमाध्यमिक विद्यालय

मा.वि.- माध्यमिक विद्यालय

प्र.अ.- प्रधानाध्यापक

वि.व्य.स .- विद्यालय व्यवस्थापन समिति

वि.नि.- विद्यालय निरीक्षक

जि.शि.का.- जिल्ला शिक्षा कार्यालय

गा.वि.स.- गाउँ विकास समिति

न.पा.- नगरपालिका

उ.प.म.न.पा.- उप महानगरपालिका

शै.ज.वि.के.-शैक्षिक जनशक्ति विकास केन्द्र

गै.स.स. - गैरसरकारी संस्था

# परिच्छेद एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव सभ्यता विकासको मेरुदण्ड हो । शिक्षाबिना व्यक्ति, समाज र राष्ट्र विकासको कल्पना गर्न सकिन्न । विकासको पूर्वाधारका रुपमा रहेको प्राकृतिक स्रोत साधनको पहिचान र परिचालन, आर्थिक विकास तथा सामाजिक रुपान्तरण, दक्ष जनशक्ति निर्माण गर्ने कार्य शिक्षाले गर्दछ । शिक्षा क्षेत्रको विकासले नै देशको विकासको पहिचान हुने गर्दछ । अतः विश्वका सवै विकसित एवं अल्पविकसित राष्ट्रहरुसमेत शिक्षा क्षेत्रको विकासका लागि प्रयासरत देखिएका छन् ।

मानवजीवनको सुरुवातसँगै भएका विभिन्न घटना, अवस्था, परिस्थितिबाट शिक्षा विकासको प्रक्रिया अनौपचारिक रुपबाट थालली भएको हो भन्न सकिन्छ । खासगरी व्यक्ति, समाज तथा राष्ट्रको चाहना तथा उद्देश्य, विज्ञान र प्रविधिको विकास एवं सामाजिक सचेतनाकरण र विश्वमा देखापरेका स्वतन्त्रता एवं प्रजातन्त्रका लागि भएका विद्रोहले ल्याएको जागरणका कारण मानिसका चाहना र आवश्यकताहरु पनि तीव्रगतिमा बढ्दै गए । यी पक्षहरुलाई औपचारिक शिक्षाले मात्र सम्बोधन गर्न सकेन । त्यस्तै मानिसहरुमा भएको वर्ग विभाजनलाई साँघुरो बनाउन सकेन । धनी झनझन धनी र जान्नेसुन्ने बन्दै गए भने सुविधाविहीन, पिछडीएका र विपन्न वर्ग झन झन तल झर्दै गए । औपचारिक शिक्षाको यस्तो अवस्था भइरहेको बेला विश्व शैक्षिक मञ्चमा पनि सन् १९६० को दशकबाट औपचारिक शिक्षाको वैकल्पिक उपायहरुको सोच विकास भयो जुन अनौपचारिक शिक्षा बन्न पुग्यो (शर्मा एण्ड शर्मा, २०६३) ।

सामाजिक विभेद कम गरी समतामूलक समाज स्थापनाका लागि शिक्षालाई एउटा सशक्त माध्यम मानिन्छ । शिक्षाले दुईवटा माध्यमबाट व्यक्तिको विकास सुनिश्चित गर्दछ । एउटा शिक्षाकै माध्यमबाट भने अर्को शिक्षाबाट प्राप्त गरिने ज्ञान र सीपमार्फत । राज्यले शिक्षाका विभिन्न कार्यक्रम सञ्चालन गर्दछन् । अविकसित देशमा औपचारिक शिक्षाको अवसर सवैलाई प्राप्य हुँदैन । औपचारिक शिक्षाको पहुँच सबैलाई नपुगेपछि शिक्षा प्राप्त गर्ने र नगर्नेबीच सामाजिक विभेद घट्नुको साटो वढ्न जान्छ । यसरी औपचारिक शिक्षाको माध्यम वर्गविभेद बढाउने वा त्यसलाई सम्पुष्टीकरण गर्ने साधनका रुपमा रहने गर्दछ । त्यसैले कुनै कारणबस औपचारिक शिक्षाको पहुँच अप्राप्त व्यक्तिलाई विकासको मूलप्रवाहमा समाहित गर्न र उनीहरुको जीवनस्तर सुधार  गर्नका लागि प्रत्येक राज्यले अन्य बैकल्पिक

शैक्षिक कार्यक्रमहरु सञ्चालन गरेको हुन्छ, जसलाई अनौपचारिक शिक्षा भन्न सकिन्छ । त्यस्तो अनौपचारिक शिक्षा  औपचारिक शिक्षाको पूरक वा वैकल्पिक शिक्षाको रुपमा रहन्छ जसको अवधि, सहभागी, स्वरुप आदि राज्यको वा सञ्चालनको उद्देश्य र लक्ष्यअनुरुप निर्धारित हुन्छ (भट्टराई २०६२) ।

यसै क्रममा शिक्षाको विकासक्रमलाई व्याख्या गर्नुपर्दा औपचारिक शिक्षाबाट मात्र सवै नागरिकको शिक्षाको अवसर र आवश्यकता पूर्ति हुन नसकिरहेको अवस्थामा अनौपचारिक शिक्षालाई पूरक एवं बैकल्पिक माध्यमका रुपमा लिई समाजमा पिछडीएका बर्गलाई समेत राष्ट्रको शैक्षिक प्रक्रियामा सशक्तीकरण र चेतनाकरणको माध्यमबाट समाहित  गरी उनीहरुको जीवनस्तरमा सुधार ल्याउने प्रयास गरिएको हुन्छ (शै.ज.वि.के., २०६६) । वैकल्पिक एवं खुला शिक्षाले सामान्यतया अत्यन्त गरीब क्षेत्रहरु र समुदायको आवश्यकता पुरा  गर्न प्रयास गर्छ । औपचारिक विद्यालयमा वास्तविक अवसरको मूल्य नै अभिभावकहरुको लागि ठूलो बोझको रुपमा रहेको हुन्छ । अभिभावक र समुदायका लागि यस्ता खुला एवं बैकल्पिक विद्यालय प्रायसः सम्झौता गर्न लायकको हुनुको एउटा कारण घरायसी काममा बालबालिकाको योगदान हुनैपर्ने अवस्था रहनु हो (यूनेस्को २००८) । अर्कोतर्फ सवैका लागि शिक्षाको नारा सन् २०१५ सम्ममा पुरा गर्नु छ भने अर्कातिर आर्थिक, पेशागत, पारिवारिक, भौगोलिक, कारणले नियमित विद्यालयमा पढ्न मुस्किल पर्नेहरु पनि छन् । त्यसैले बढ्दो जनसङख्यालाई शिक्षा दिन, रोजगारी पाउन, रोजगारमा संलग्न व्यक्ति, घर छोड्न नसक्ने बालबालिका र महिलाहरुका लागि खुला शिक्षाको आवश्यकता पर्दछ (श्रेष्ठ, २०६४) ।

यसै सन्दर्भमा नेपाल अधिराज्यको संविधान, २०४७ ले मौलिक हकअन्तर्गत पहिलो पटक शिक्षा तथा संस्कृतिसम्बन्धी हकको व्यवस्था गरेको छ । यसलाई नेपालको अन्तरिम संविधान, २०६३ ले पनि निरन्तरता दिएको छ (कानुन तथा न्याय मन्त्रालय, २०६३) । संवैधानिक प्रतिवद्धता, शिक्षासम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेज तथा बिभिन्न सन्धि संझौतामा गरिएको प्रतिवद्धताको कार्यान्वयनका क्रममा सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना ( २००१ - २०१५) तथा सबैका लागि शिक्षा (२००४-२००९) रणनीतिक कार्यक्रम लागू गरिएका छन् । तीन वर्षीय अन्तरिम योजना, २०६४-२०६७ ले शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गरी साक्षर वनाउने तथा गुणस्तरयुक्त तथा रोजगारमूलक शिक्षा प्रदान गर्ने उद्देश्य निर्धारण गरी सोको परिपूर्तिका लागि खुला शिक्षाको प्रयोग गरी शिक्षाको

अवसर सवै नेपाली नागरिकको पहुँच सुनिश्चित गर्ने एवं खुला विश्वविद्यालयको स्थापना गरी उच्च शिक्षामा सर्वसाधारणको पहुँच सुनिश्चित गर्ने देश सुहाउँदो खुला र दूर शिक्षाको उपयुक्त पद्धतिको अनुसन्धान तथा विकासमा जोड दिने जस्ता नीति एवं कार्यनीति अवलम्वन गरेको छ (शिक्षा मन्त्रालय, २०६३) । यस किसिमको व्यवस्था कार्यान्वयनमा ल्याउन खुला शिक्षा तथा दूर सिकाइ सम्वन्धी नीति २०६३ ले थप टेवा पुऱ्याएको छ ।

वैकल्पिक विद्यालय शिक्षामार्फत विद्यालय जान नपाउने र बीचैमा विद्यालय छोड्नेहरुलाई विद्यालयीय शिक्षाको अवसर दिलाउने, विद्यालयीय शिक्षामा जान नसक्नेहरुका लागि व्यावसायिक शिक्षाको प्रवन्ध मिलाउने, खुला विद्यालयमार्फत विद्यालय तहको समकक्षी शिक्षा उपलव्ध गराउने, खुला विश्व विद्यालय मार्फत उच्च तहको समकक्षी शिक्षा उपलव्ध गराउने, शैक्षिक संस्थाहरुलाई प्रोत्साहित गरी खुला विद्यालय सञ्चालन गर्ने, पढ्ने विषयवस्तु तथा पढाउने शैलीमा जीवनोपयोगी सीपहरु आवद्ध गर्ने, बेग्लै खुला विश्वविद्यालय नखुलेसम्म उच्चशिक्षाको कार्यक्रमहरु संचालन गर्न संस्थाहरुबाटै उच्च तहको समकक्षी शिक्षा उपलब्ध गराउने आदि कार्यनीति पनि तय भएको र सोअनुसार मुलुकमा केही निम्न माध्यमिक तथा मा.वि. तहका खुला विद्यालयहरु सञ्चालनमा आइरहेका छन् । अनौपचारिक शिक्षा केन्द्रमार्फत आर्थिक वर्ष २०५६/०५७ देखि बिभिन्न कारणले प्राथमिक शिक्षाको अवसरबाट बञ्चित बालबालिकाका लागि वैकल्पिक विद्यालय कार्यक्रम अन्तर्गत प्राथमिक शिक्षा विस्तार कार्यक्रम र अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन भएको हो भने यसैलाई स्तरोन्नति गर्दै हाल अनौपचारिक शिक्षाको माध्यमबाट खुला बैकल्पिक विद्यालय कार्यक्रम अन्तर्गत निम्नमाध्यमिक तहको कार्यक्रम पनि आ.ब. २०६३/६४ देखि अनौपचारिक शिक्षा केन्द्रद्वारा संचालनमा ल्याइएको छ । कार्यक्रम विशेष गरी कक्षा ५ सम्म अध्ययन गरी वा वैकल्पिक प्राथमिक शिक्षा उत्तीर्ण गरी वा अनौपचारिक प्राथमिक शिक्षा उत्तीर्ण गरी निम्नमाध्यमिक तह शिक्षाको अवसर नपाएका किशोर/किशोरी तथा प्रौढ (महिला, पुरुष) का लागि सञ्चालित छ । प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका, २०६५ अनुसार अनौपचारिक प्राथमिक विद्यालय (११८५ ओटा), नि.मा.बि. (८४ ओटा) र माध्यमिक (५०) ओटा गरी कुल १३१९ विद्यालय सञ्चालन भएका छन् । यस्ता विद्यालयका हकमा क्रमसः ३, २, र १ बर्षे समयावधि प्राथमिक नि.मा.वि. र मा.वि तहको लागि तोकिएको छ । यसै प्रकृतिका

खुला माध्यमिक तहका कक्षाहरु शैक्षिक जनशक्ति विकास केन्द्र बाट मुलुकमा ७५ जिल्लामा कुल ८५ ओटा बेग्लै नीति- अनुसार सञ्चालन भइरहेका छन् (गुरागाईं, २०६७) ।

यसै परिप्रेक्ष्यमा मोरङ जिल्लामा पनि यस्ता अनौपचारिक बैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालयका रुपमा विगत २ वर्षदेखि जम्मा ९ वटा अनौपचारिक निम्न माध्यमिक कक्षा चलेका छन् ।

## १.२ समस्याको कथन

शिक्षा पाउनु सबैको अधिकारको कुरा हो । विश्व शिक्षा मञ्चमा परिकल्पना गरिए- अनुसार “सबैका लागि शिक्षा” एक समावेशी र सबैको पहुँच सुनिश्चित गर्ने आधार एवं प्रयास हो । नाजुक अवस्थामा रहेका समूह र सुविधाबिहीनलाई बिशेष ध्यान दिने कुरा धेरै लक्ष्यहरुमा स्पष्ट गरिएका छन् । न्यून माग र कमजोर गुणस्तरले धेरैको बञ्चितताको सिर्जना गर्दछ । यो चक्रलाई भेदन गर्न गुणस्तर सुधार, लचकता, शिक्षाको सान्दर्भिकता, परिवारका लागि विद्यालय शुल्कमा कमि आदि प्रयासहरु गर्नु पर्ने समस्या देखिएका छन् (युनेस्को, २००७) ।

वर्तमान अवस्थामा शिक्षा क्षेत्रमा देखा परेका समस्या अन्तर्गत प्रौढहरुको लागि अनौपचारिक शिक्षा पनि एक हो । साक्षरता अभियानसँगै सबैका लागि शिक्षा भनिए तापनि औपचारिक र अनौपचारिक दुई किसिमका शिक्षा सञ्चालनमा केही समस्या देखिएको हो । जसअन्तर्गत विद्यालय जान नसक्ने अथवा विद्यालयबाहिर रहेका बालबालिकाको संख्या अधिक रहेको छ भने बाँकी अल्पसंख्यक, पिछडीएका सेवाबिमुख, आदिवासी, जनजाति तथा सीमान्त गरिवीको रेखामुनी रहेका विपन्न वर्गकाहरु पनि औपचारिक शिक्षाबाट वञ्चित भएको अवस्थामा अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम सञ्चालन एउटा सम्भावना र चुनौतिको रुपमा देखा परेको छ । शिक्षाको अवसरबाट कोहि पनि वञ्चित नहोउन भन्ने धारणा अनुसार अनौपचारिक शिक्षा सञ्चालनमा ल्याइएको भए तापनि यसको प्रभावकारिताका बारेमा थुप्रै सवालहरु उठ्ने गरेका छन् । जस्तै नेपाल जस्तो गरिब राष्ट्रमा के सन् २०१५ सम्ममा सवैका लागि शिक्षाको लक्ष्य हाँसील गर्न सक्दछन् ? खासगरी नेपालका शिक्षावाट बञ्चित बालबालिकाहरु तथा प्रौढहरुले समतामूलक र न्यायपूर्ण ढंगले अनौपचारिक तवरले शिक्षा हाँसिल गर्न सक्छन्? बैकल्पिक एवं अनौपचारिक शिक्षा पूरा गरी माथिल्लो तहमा के कस्तो पहुँच रहेको छ? कार्यक्रमले लक्षित समूहलाई समेट्न सकेको छ ? के यस्ता कक्षाहरुको पठनपाठन नियमित चलेका छन् ? र यस्ता कक्षा सञ्चालनको

वर्तमान अवस्था कस्तो छ के कस्ता समस्याहरु चुनौतीको रुपमा रहेको छ? आदि समस्याहरुले गर्दा अध्ययनकर्तालाई पनि एउटा कौतहलता उत्पन्न गराउने काम गरेको छ जसको यथार्थता पत्ता लगाउन र समस्या समाधानको उपाय सुझाउने अभिप्रायले यो अध्ययन गरिएको हो ।

## १.३ अध्ययनको औचित्य

शिक्षाको अवसरबाट वञ्चित र औपचारिक शिक्षाको मूलप्रवाहबाट बाहिर रहेका बिभिन्न उमेर समूह र शैक्षिक आवश्यकता भएको बालबालिका, युवा तथा प्रौढहरुलाई बैकल्पिकरुपमा गुणस्तरीय र आवश्यकतानुसारको शिक्षाको व्यवस्था गर्नुपर्ने चुनौती रहेको छ । सहश्राब्दी विकासका लक्ष्यहरु र सबैका लागि शिक्षाको राष्ट्रिय कार्य योजनाले सन् २०१५ सम्ममा पूरा गर्नेगरी राखेका लक्ष्य र उद्देश्यहरु पूरा गर्न अनौपचारिक शिक्षाको व्यापक विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ । स्रोत र साधनको अभाव एकातिर समस्याको रुपमा देखिएको छ भने अर्कातिर कक्षा ५ पूरा गरी निम्नमाध्यमिक तहमा भर्ना नभएको पाइन्छ ।

विद्यालय तह पूरा गरेका सम्पूर्ण बालबालिकाहरुलाई मातृ विद्यालयमा कसरी मूल प्रवाहीकरण गर्ने भन्ने अहम् चुनौती रहेको छ । यस्ता वैकल्पिक खुला विद्यालयबाट मातृ विद्यालयमा भर्ना भएका बालबालिकाहरुको अवस्था कस्तो छ ? यसको खोजी गर्नु नितान्त आवश्यक छ । प्रस्तुत अध्ययन खासगरी बालबालिका, सीमान्तकृत, वञ्चित समूह, बाल मजदूर तथा लक्षित समूहका बालवालिकालाई अनौपचारिक शिक्षामा समाहित गराउनको लागि विभिन्न तह र तप्काका व्यक्ति, संघसंस्था, नीतिनिर्माणकर्ता, अनुसन्धानकर्ता र शिक्षा क्षेत्रमा आफूलाई समर्पित गर्ने सम्पूर्णको लागि एउटा महत्वपूर्ण कदम हुने देखिन्छ । यसबाट प्राप्त भएका प्राप्ति र निष्कर्षहरुले गहन समस्या बोक्ने हुँदा त्यस्ता समस्या समाधानका लागि सबै पक्षबाट जोडदार भरसुनाई गराउनमा समेत सहयोगी हुने देखिन्छ । यस्तै विद्यालयहरुको कक्षा सञ्चालन प्रक्रिया, यसको प्रभावकारिता, शिक्षक र विद्यार्थीहरुको कक्षामा नियमितता तथा सरोकारवालाहरुले कार्यक्रमलाई कसरी लिएका छन् त्यस बारेमा सत्यतथ्य पत्ता लगाउनको लागि पनि प्रस्तुत अध्ययन उपयोगी हुने देखिन्छ । सन् २०१५ सम्ममा ‘सवैका लागि शिक्षा’ अभियानको नारालाई सफल वनाउन अनौपचारिक शिक्षा कार्यक्रमले अहम भूमिका निर्वाह गर्दछ भन्ने सोंचले व्यापकता पाएको सन्दर्भमा यो अध्ययनले निश्चयनै विषयवस्तुको विद्यमान ज्ञानमा थप योगदान पुऱ्याउने छ । साथै

भविष्यमा यी र यस्तै क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तालाई समेत सहयोग पुऱ्याउने छ । यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा खुला सिकाई सम्बन्धी नीति निर्माता, व्यवस्थापन पक्ष र कार्यान्वयन तहमा संलग्न संरचना/पदाधिकारीलाई भावी दिनमा अझ कार्यक्रमलाई के कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने बारेमा जानकारी प्रदान गरी सहयोग पुऱ्याउन अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यो अध्ययन निम्न उद्देश्यहरु राखेर गरिएको छ :

१. प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय कार्यक्रमको वर्तमान अवस्था पत्ता लगाउनु ।

२. अनौपचारिक विद्यालय कार्यक्रम कार्यान्वयनको लेखाजोखा गर्नु ।

३. अनौपचारिक विद्यालय कार्यक्रमले प्रौढहरुमा पारेको प्रभाव खोज्नु ।

४. अनौपचारिक विद्यालय कार्यक्रम संचालनमा देखिएका समस्याहरु पहिचान गरी समाधानका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनका मुख्य अनुसन्धानात्मक प्रश्नहरु निम्नानुसार रहेका छन् ।

१. प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय कार्यक्रमको प्रभावकारिता के कस्तो रहेको छ?

२. अनौपचारिक विद्यालय कार्यक्रम लक्षित समूहसम्म पुगेको छ-छैन र कार्यक्रम पुगेका ठाउँमा प्रौढहरुमा कस्तो प्रभाव पारेको छ?

उपर्युक्त अनुसन्धानात्मक प्रश्नहरुका आधारमा अध्ययन कार्यलाई अघि बढाइएकोछ ।

## १.६ अध्ययनको परिसिमा

यो अध्ययन कोशी अञ्चलको मोरङ जिल्लामा अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत खुला विद्यालयको अवधारणाअनुसार संचालन भएका अनौपचारिक निम्नमाध्यमिक शिक्षा चलेका विद्यालयहरुमा मात्र केन्द्रित रहेको छ । यो अध्ययन मोरङ जिल्लामा सञ्चालित अनौपचारिक निम्न माध्यमिक शिक्षा चलेका विद्यालयहरुमध्ये नमूना छनोट गरी छनोटमा परेका ४ वटा विद्यालयहरुको अवस्थासँग मात्र सीमित रहेको छ र ती विद्यालयहरुले यस्ता कक्षा सञ्चालनमा भोगीरहेका समस्या तथा कार्यक्रम सञ्चालनमा देखापरेका समस्या पहिचान गर्दै समस्या समाधानका उपाय प्रस्तुत गर्ने एवं उक्त कक्षामा

समावेस भएका सहभागीहरुको संख्या, उपस्थिति दर, उपलब्धि दर जातिगत विवरण मात्र अध्ययन गरिएको छ । साथै यस अध्ययन नमूना छनोटमा परेका विद्यालयहरुको कक्षा संचालन प्रक्रिया, सामग्री, समय, जनशक्ति व्यवस्थापन र परिचालन एवं अन्य निकायसँगको समन्वयको अवस्थामा केन्द्रीत रहेको छ । त्यसैले यस अध्ययनको निश्कर्ष केवल निर्णयात्मकभन्दा सूचनात्मक र विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ । यो निर्णय सम्पूर्ण क्षेत्रमा सामान्यीकरण गर्न सकिने छैन । तर यसै निर्णयलाई आधारमानी यस्तै अन्य क्षेत्रहरुमा अनुमान र भविष्यवाणी गर्न सकिने छ ।

## १.७ सम्बन्धित शब्दावलीहरुको परिभाषा

सीमान्तकृतः सीमान्तकृत भन्नाले राजनीतिक र राज्य सञ्चालनका लागि विभिन्न क्रियाकिलापमा कहिल्यै पहुँच नरहेको समुदायलाई जनाउँछ। जसलाई विकासको मूल प्रवाहबाट राज्यद्वारा सधै पछाडि पारिएको हुन्छ । जातीय, लैङ्गिक, भाषिक, धार्मिक, भौगोलिक विकटता र भूमिहीनता आदिको आधारमा विभेदमा परेका हुन्छन् । अन्तरिम संविधान २०६३ को पहिलो संशोधनले राज्य संरचनामा मधेशी, दलित, आदिवासी, जनजाति, महिला र पिछडीएका वर्ग  तथा क्षेत्रलाई समानुपातिक समावेशका आधारमा सहभागी गराउने व्यवस्था गरेको समुदायका बालबालिकाहरुलाई जनाउँछ ।

मूलप्रवाहीकरणः औपचारिक शिक्षाबाट बञ्चित भएका वा विकासको फल चाख्न नपाएका तथा लैङ्गिक, भाषिक, धार्मिक ,सांस्कृतिक, आर्थिक तथा सामाजिक पक्षमा पछाडि परेकालाई समान हक, अधिकार प्रदान गरी विकासको गतिमा समाहित  हुने वातावरणको सृजनालाई जनाउँछ ।

अनौपचारिक शिक्षाः अनौपचारिक शिक्षा कुनै निश्चित समाज, वर्ग, जात, धर्म, उमेर, लिङ्ग र पेशाका लागि भन्ने नभई समाजका सबै उमेर समूह, जातजाति, धर्म, वर्ण र उमेरका लागि उपयुक्त र प्रभावकारी शिक्षा हो । समाजका आर्थिक, सामाजिक, शैक्षिक कुनै पनि पक्षबाट उपेक्षित समुदायमा लक्षित रही सबै वर्गका बालबालिका, महिला, पुरुष, युवा, वेरोजगार, फुर्सदी र रोजगार समेतमा यो शिक्षा प्रभावकारी हुन्छ । यो सिकारुको आवश्यकतामा आधारित भई औपचारिक शिक्षा पद्धति भन्दा वाहिर संगठित गरिएको खुला तथा लचिलो शिक्षा हो ।

प्रौढ विद्यालयः औपचारिक शिक्षाबाट वञ्चित भएका तथा वीचैमा पढाई छोडी वसेका, प्रौढ, पुरुष तथा महिलाहरुका लागि सञ्चालित अनौपचारिक शिक्षा हो । सहभागीहरुको इच्छा, चाहना, रुची, क्षमता तथा आवश्यकतालाई ध्यान दिई उपयुक्त समय तथा स्थान निर्धारण गरी औपचारिक शिक्षाका पाठ्यक्रमलाई संश्लेषित गरी तहगत रुपमा अध्ययन अध्यापन गरेपछि निश्चित तहको परीक्षामा उत्तीर्ण भएपछि माथिल्लो कक्षामा भर्ना हुन सक्ने प्रावधान भएको खुला विद्यालयको अवधारणाअनुसार सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रम नै प्रौढ विद्यालय कार्यक्रम हो ।

प्रभावकारिताः कार्यक्रमको लक्ष्य, उद्देश्य प्राप्तिका लागि अपनाइएको विधि, तौरतरिका तथा सञ्चालन प्रकृयासँग सम्बन्धित पक्ष र कार्यक्रमले हाँसिल गरेको उपलब्धि तथा वातावरणमा कार्यकमले पारेको प्रभाव अध्ययन गर्नु नै कार्यक्रमको प्रभावकारिता हो ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस परिच्छेदमा यस अध्ययनसँग सम्वन्धित लेख, रचना अध्ययनहरुको पुनरावलोकन र सान्दर्भिक सैद्धान्तिक खाका बारे छलफल अघि बढाइएको छ ।

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

औपचारिक शिक्षाको अवसर सवैले प्राप्त गर्न नसक्नुका कारणले सामाजिक विभेद वढ्दै जान्छ । तसर्थ औपचारिक शिक्षाको पहुँच अप्राप्त वर्ग वा समुदायलाई उनीहरुको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार गर्नका लागि प्रत्येक राष्ट्रले अन्य वैकल्पिक उपायका रुपमा शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिराखेको हुन्छ । जसलाई अनौपचारिक शिक्षाबाट सम्वोधन गरिन्छ (काफ्ले, २०६४) ।

औपचारिक विद्यालयले सबै क्षेत्र, वर्गका व्यक्तिलाई सम्बोधन गर्न नसकेको सन्दर्भमा सहभागीको माग र आवश्यकता पनि पूरा गर्न सकेको छैन ।

आचार्य तथा सिंह, (२००२) का अनुसार औपचारिक विद्यालयको वर्तमान प्रणालीले सम्पूर्ण विद्यालयबाहिर रहेका बालबालिकाहरुको माग र आवश्यकता पूर्ति गर्न सक्दैन । फिल्डबाट के देखिएको छ भने ५०% भन्दा बढी औपचारिक प्राथमिक शिक्षाका ग्राजुयट नियमित विद्यालयमा भर्ना हुँदैनन् । तसर्थ अनौपचारिक शिक्षाका कार्यक्रमलाई निरन्तरता दिन आवश्यक देखिएको सुझाएका छन् । बालिकाहरु वैकल्पिक माध्यमबाट नै अध्ययन अगाडि बढाउन चाहन्छन् । अभिभावकहरुले औपचारिक विद्यालय भन्दा वैकल्पिक माध्यमको अनौपचारिक शिक्षाका कार्यक्रमलाई उत्तम मानेको देखिन्छ । वैकल्पिक एवं खुल्ला माध्यमका कार्यक्रमहरुलाई अर्को पुस्तासम्म प्रणालीगत प्रक्रियामा लाने दवाव परिरहेको देखिन्छ । केही केन्द्रहरुमा अभिभावकहरुले आफ्ना छोरीहरुलाई मात्रविद्यालयबाट निकालेर सुविधा भएको अनौपचारिक कक्षाहरुमा भर्ना गरेको पनि पाइन्छ । यसबाट लैङ्गिक मुद्दा उजागर भएको सुझाएको छ ।

त्यसैगरी गुरागाईं (२०६७) ले उल्लेख गरेअनुसार विद्यालयको पहुँच भन्दा बाहिर रहेका वा विद्यालय भर्ना भई व्यावहारिक कठिनाई वा अन्य व्यक्तिगत तथा पारिवारिक कारणले बीचैमा विद्यालय छाड्न बाध्य बालबालिका, विद्यालय उमेर पूरा भइसकेका वयस्क तथा निरक्षर प्रौढलाई साक्षर बनाई उनीहरुको शिक्षा पाउने नैसर्गिक अधिकारको प्रत्याभूति गर्ने तथा सवैका लागि शिक्षाको प्रतिवद्धता पूरा गर्ने सन्दर्भमा अनौपचारिक शिक्षा कार्यक्रम

उपयोगी देखिएको छ । यस्तो शिक्षा सरोकारवालामुखी, लचिलो समय, सहभागी केन्द्रित पाठय सामग्री, पहुँचयोग्य स्थान विचार गरेर संचालन गरिएको हुन्छ ।

अनौपचारिक कार्यक्रमहरु सम्बन्धमा फ्यारेल तथा हार्टबेल (२००८) का अनुसार अनौपचारिक कक्षाका कार्यक्रमहरु कम्तिमा पनि नविनतम आशाका किरणका रुपमा देखिएका छन् । वैकल्पिक विधिहरुको अनुशरणले सिकाइमा उल्लेखनीय नतिजाहरु प्राप्त भएका छन् । अति गरिब बालबालिकाहरुलाई समेत यसले फाइदा पुऱ्याएको छ । त्यसैले बैकल्पिक रुपमा संचालन भएका यस्ता अनौपचारिक कक्षाका कार्यक्रम एउटा आशा गर्न सकिने सङकेतका रुपमा आएको छ (कार्की, २०६६ बाट उद्धृत) ।

यसै सन्दर्भमा सिन्हा (२०६५) ले उल्लेख गरे अनुसार औपचारिक विद्यालय प्रणालीमा विद्यालय व्यवस्थापन, संगठन, विषयवस्तु, शिक्षण विधि, कक्षा व्यवस्थापन, शैक्षिक लचकता, शैक्षिक कार्ययोजनाले ग्रामीण क्षेत्रका लक्षित समूहलाई समेट्न सक्दैन । गरिबहरुका लागि अवसर लागतको व्यवस्था नहुनु, विद्यालय बाहिर रहेकाहरुलाई निशुल्क शिक्षाले लाभ नपुऱ्याउनु जस्ता कुराहरुले सीमान्तकृत समूहका बालबालिकाहरु शैक्षिक मूलप्रवाहबाट बाहिर रहन्छन् ।

अनौपचारिक शिक्षाप्रति सकारात्मक धारणा रहेतापनि विभिन्न आर्थिक, सामाजिक, व्यावहारिक र व्यावसायिक सीपमूलक शिक्षा नभएकाले केही सहभागीहरुमा कार्यक्रमप्रति नकारात्मक धारणा पाइन्छ । त्यसैगरी शैक्षिक क्षेत्रमा देखिएका अन्य समस्याहरुमा छुट्टै भवन तथा कक्षाकोठाको व्यवस्था हुन नसक्नु तथा भौतिक पूर्वाधार विना नै कार्यक्रम सञ्चालन गर्न दिइने परिपाटी, शैक्षिक सामग्री उपयुक्त नभएको र समयमै प्राप्त नहुने तथा सैद्धान्तिक ज्ञान दिनमै केन्द्रित रहेकोले त्यसलाई व्यावहारिक वनाइनु पर्ने, सहभागितामूलक विधिको अनुसरण गरी जीवनोपयोगी पाठ्यक्रम तयार गर्नु पर्ने र सीपमूलक शिक्षाका माध्यमबाट उनीहरुलाई आत्मनिर्भर वनाउनका लागि स्थानीय तहदेखि केन्द्रीय तहसम्मका सम्बन्धित व्यक्तिहरुले आ-आफ्नो स्थानबाट पहल गर्नु पर्ने देखिन्छ (तिम्सिना, २०६७) ।

उपर्युक्त सम्बन्धित साहित्यहरुको पुनरावलोकन गर्दा गरिवी, चेतनाको अभाव, बालमजदुरी गर्नु पर्ने वाध्यता, वैकल्पिक शिक्षा कार्यक्रमको अभाव, कार्यक्रम सञ्चालन स्थान सही ढंगले निर्धारण गर्न नसक्नु तथा औपचारिक विद्यालयहरुले सम्बोधन गर्न नसकेका दलित, महिला, जनजाति तथा पिछडीएका वर्गहरु जो शिक्षाको मूलधारमा अझै समाहित हुन सकेका छैनन्, तिनीहरुका लागि खुला सिकाइको अवधारणाअनुसार

पठनपाठनको अवसर प्रदान गर्न जरुरी भएको छ । खुला सिकाईको माध्यमबाट पनि व्यक्तिहरुले आफ्नो व्यक्तित्व विकास गरी दैनिक जीवनयापनका लागि  आवश्यक ज्ञान, सीप आर्जन गर्न सक्दछ ।

यसै सन्दर्भमा शिक्षाको औपचारिक कक्षामा समाहित हुन नसकेका, निमुखा, गरिव, दलित तथा जनजातिहरुलाई शिक्षाको अवसर खुला सिकाईका रुपमा प्रदान गर्ने उद्देश्यले सञ्चालनमा रहेका अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमको वर्तमान अवस्था, यी कार्यक्रमको प्रभावकारिता लेखाजोखा गर्ने र कार्यक्रम सञ्चालनमा देखा परेका समस्या पहिचान गरी निराकरणका उपायहरु सुझाउने मुख्य उद्देश्य राखी मोरङ जिल्लामा सञ्चालित ९ वटा विद्यालयहरुमध्ये ४ वटा विद्यालयहरुलाई नमुना छनौट गरी यो अध्ययन अगाडि बढाइएको छ ।

## २.२. सैद्धान्तिक खाका

कुनैपनि विषयको अध्ययन गर्नकालागी त्यस विषयसँग मिल्ने विचार वा सिद्धान्तको आवश्यकता पर्दछ । अध्ययनलाई व्यवस्थित तरीकाले लैजानको लागी सिद्धान्तहरुको अवलोकन गनुपर्ने हुन्छ । यस अध्ययनमा अब्राहम मास्लोको “आवश्यकताको सिद्धान्त” तथा मैकल्याण्डको “उपलब्धिको सिद्धान्त” नजिक राखेर अध्ययनलाई अघि वढाइएकोछ । अतः यहाँ उनीहरुको सिद्धान्तको विश्लेषण गरिएको छ ।

मानिसलाई आवश्यकतामा रुमलिरहने जीवको रुपमा मास्लोले व्याख्या गरेका छन् । मानिस सदैव आवश्यकतामा अघि बढिरहेका हुन्छन । वास्तवमा मानिस के चाहन्छ भन्ने कुरा उसँग पहिले के छ ? भन्ने कुरासँग निर्भर रहन्छ । मानिसको चाहानाले नै उसलाई केही चीज आवश्यकता भएको महसुस गराउँछ ।  त्यो चिज प्राप्त भइसकेपछि मानिसमा आवश्यकताको औचित्य रहन्न तर पनि उसले अर्को थोकको आवश्यकता महसुस गरिरहेको हुन्छ । मानिसका कुनै चाहाना पुरा हुन्छन्, चाहना र आवश्यक्ताको पूर्णता भने कहिले हुदैन । यसरी एकतहको आवश्यकता पुरा हुनासाथ तुरुन्त अर्को तहको आवश्यकताको महशुस हुन्छ । उनको सिद्धान्तमा मानिसलाई काममा उत्प्रेरित गर्ने उनीहरुको आवश्यकता हो भन्ने चिन्तन पाइन्छ । मानिस असन्तुष्ट प्राणी हो । मास्लोको उत्प्रेरणा सिद्धान्तले सर्वप्रथम गाँस वास र कपासको आवश्यकताले नियमित विद्यालयको पठन पाठनबाट वञ्चित हुन पर्ने तथा शारीरिक आवश्यकता परिपूर्तिका लागि शिक्षामा लगानी गर्न नसकी सानै अवस्थादेखि आय आर्जनका लागि बुवा आमालाई काममा सघाउनुपर्ने वा आफू अरुको घरमा वालश्रमिक

भई जीवन गुजारा चलाउन पर्ने एवं सामाजिक, आर्थिक,सांस्कृतिक रुपमा अरुभन्दा पछाडि पर्दै जाने भएकाले शिक्षा पाउने आफ्नो नैसर्गिक अधिकारवाट बञ्चित हुदै कक्षा ५ सम्म पढेपछि पुग्छ , भन्ने मान्यता राखेर माथिल्लो तहको पठनपाठन पुरा नगर्ने प्रवृत्ति देखिएको छ । यसो हुनु  औपचारिक शिक्षाको मूलधारमा समाहित हुने विकल्पको अभाव देखिनु हो । मास्लोको सिद्धान्तअनुसार व्यक्तिको आवश्यक्ताको श्रृंङ्खला तल्लो तहदेखि माथिल्लो तहसम्मको हुन्छ । ती माथिल्ला आवश्यक्ता प्राप्तिका लागि व्यक्ति क्रियाशिल हुने भएकाले यो कुरालाई मध्यनजर राखेर हाल औपचारिक शिक्षाको मूलधारमा  पुनः प्रवेश गराउन त्यसरी कक्षा ५ सम्मको पढाइलाई नि.मा.वि. तहसम्म अनौपचारिक ढंगले खुल्ला विद्यालयको रुपमा पढाइ निरन्तरताको प्रयास भएको छ ।

औपचारिक शिक्षाको मूलधारमा समाहित हुन सक्ने प्रावधान रहेको सन्दर्भमा यहाँ मास्लोको उत्प्रेरणा सिद्धान्तले व्यक्तिलाई अगाडिको बाटोमा हिड्न उत्प्रेरित गरिरहन्छ भन्ने तथ्यसँग नजिक देखिन आउँछ वास्तवमा शिक्षा नै सवै आवश्यकता प्राप्तिको मूख्य साधन हो । शिक्षाबिना मास्लोको आवश्यकताको श्रृङखलाअनुसारका आवश्यकताहरुको प्राप्ति असंभव छ । अतः औपचारिक शिक्षाले मात्र समेट्न नसकेका पिछडावर्ग, दलित, उत्पीडित, जनजाति, महिला, आदिवासी अल्पसंख्यक गरिव परिवारका बालबालिकालाई शिक्षाको मूलधारमा समावेस गराई उनीहरुको चाहना परिपूर्ति गर्न औपचारिक शिक्षाको विकल्पका रुपमा अनौपचारिक खुल्ला शिक्षाको व्यवस्थापन भएको छ । यस अध्ययनमा उठाइने कुराहरु आवश्यकताको सिद्धान्त नजिक किन देखिन्छ भने- मानिसको आधारभूत आवश्यकताहरुको परिपूर्ति नभएसम्म अन्य तहको आवश्यकता महसूस नहुने कुरा स्पष्ट हुन्छ । त्यसैले यसे अध्ययनमा पनि मानिसहरुको पहिलो आवश्यकता विहान बेलुकाको गाँस, बास र कपासको समस्या देखिएकाले बालबालिकाहरुले बीचैमा पढाइ छाड्ने समस्यासँग यस सिद्धान्तले मेल खाएको देखिन्छ (कोइराला तथा अन्य, २०५७ मा उद्धृत ) ।

अध्ययनका क्रममा छनौट गरिएको प्रौढहरुका लागि अनौपचारिक विद्यालय शिक्षा कार्यक्रममा सहभागी हुने विद्यार्थीहरु एकपटक विद्यालय छाडेर पुनः कक्षामा पढाइ निरन्तरताका लागि प्रोत्साहित गरी पठनपाठनमा प्रवेश गराइएका व्यक्तिहरु हुन । म्याकल्याण्डको “उपलब्धि सिद्धान्त” अनुसार उपलब्धि हासिल गर्नका लागि अभिप्रेरणा जगाइरहनु पर्ने हुन्छ जुन उपलब्धि सिद्धान्तसँग अन्तरसम्बन्धित रहेर अभिप्रेरणा जगाइरहन्छ

। त्यसकारण उपलब्धि सिद्धान्तलाई समेत यस अध्ययनमा मनन गरी अभिप्रेरणामूलक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा समेत जोड दिइएको छ ।

उपलब्धिको आवश्यकता भन्नाले चुनौती, उन्नति, प्रगति र विकासमा विजय हाँसिल गर्ने आवश्यकता हो । पेशागत उन्नति, विश्वसनीयता र विशिष्टता हाँसिल गर्न चाहने व्यक्तिमा उपलिब्धिको आवश्यकता बढी हुन्छ । दृढ जीवनशैली अपनाई जोखिमपूर्ण, नयाँ रचनात्मक कार्य र निर्णय गर्न रुचाउँछन् । व्यक्तिगत उत्तरदायित्वको अभ्यास गर्ने, दक्षताअनुसार कार्य गर्न रुचाउने, कार्यमा पृष्ठपोषण चाहने, सामाजिक सुसम्बन्धको चाहना राख्ने व्यक्तिहरु यस्ता कार्य गर्न रुचाउँछन् । यसलाई अनुसन्धानविदहरुले वढी जोड दिएको पाइन्छ ।

अरुलाई नियन्त्रण गर्ने, प्रभाव पार्ने, निरीक्षण गर्ने, मूल्याङ्कन गर्ने, अधिनमा राख्ने तथा यस्तो चाहना गर्ने व्यक्तिलाई शक्तिको आवश्यकता हुन्छ । बिनाशक्ति व्यक्तिले यस्तो कार्य गर्न सक्दैन । प्रलोभन दिने, फसाउने, दवाउने, विश्वास दिलाउने जस्ता कार्य गरी अरुलाई कावुमा राख्न शक्तिको आवश्यकता महसुस हुन्छ । आफूलाई इञ्चार्ज ठान्ने प्रवृत्ति यसमा हुन्छ ।

म्याक्लैण्डको उपलब्धिको सिद्धान्तअनुसार व्यक्तिलाई उपलब्धिको वोध गराएर, प्रशिक्षण प्रदान गरेर, पृष्ठपोषण प्रदान गरेर, कार्यको नमूना देखाएर, चुनौतीपूर्ण र सृजनात्मक कार्य गर्ने अवसर प्रदान गरेर सकारात्मक चिन्तन मनन गर्ने प्रवृत्तिको विकास गराउन सकिन्छ । उपलब्धिको आवश्यकता बढी भएमा व्यक्ति, कार्य र चिन्तन दुबैमा कटिवद्ध भएर लाग्दछ ।

उपलब्धिको सिद्धान्तअनुसार यो शोधकार्यसँग  सम्बन्धित विद्यार्थीहरु आफ्ना आवश्यकता परिपुर्तिका लागि सदैव काम गरी खानु पर्ने र विद्यालयको औपचारिक कक्षामा नियमित उपस्थित भएर विद्यालय समयसम्म पठनपाठनमा संलग्न हुन नसक्नेहरु  हुन । तसर्थ औपचारिक शिक्षामा जस्तो दैनिक ६ घण्टा नभई कक्षामा दिनको २ घण्टाका दरले उपस्थित भई शिक्षकको नियन्त्रण, निर्देशन तथा सहसम्बन्धका आधारमा सिकाई कार्य गरी उपलब्धि हासिल गराउन ल्याइएको कार्यक्रम भएकाले यी विद्यार्थीहरुका लागि वढी अभिप्रेरणा जगाउने, सहसम्बन्ध निर्माण गर्ने, उपलब्धि हासिल गर्न गराउन उनीहरुमा उपलब्धिको आवश्यकता, शक्तिको आवश्यकता तथा सम्बन्ध स्थापनाको आवश्यकता जस्ता आधारभूत आवश्यकताका रुपमा बोध गराई कार्यक्रममा नियमितता प्रदान गर्न गराउन

आवश्यक हुने भएकाले यो सैद्धान्तिक खाकालाई पनि आत्मसात गर्दै अध्ययन कार्य अघि बढाइएको छ ।

## २.३. अध्ययनको उपादेयता

गरिव, पिछडीएका दलित, महिला, आदिवासी तथा गाँस वास र कपासका लागि श्रमिकका रुपमा काम गरिखानेहरु विद्यालय शिक्षाको मूलप्रवाहबाट वञ्चित भएका अवस्थाहरुको बारेमा यस अध्ययनका क्रममा पूर्व अध्ययन, अनुसन्धानात्मक कृति तथा अनौपचारिक शिक्षा कार्यक्रमको विभिन्न जर्नल निर्देशिकाहरुअध्ययनवाट यस शोधकार्यलाई अघि बढाउन प्रशस्त आधारहरु प्रदान गरेको छ । खासगरी अनौपचारिक खुला सिकाइको अवधारणाअनुसार चलेका कार्यक्रमहरुको उद्देश्य, कार्यनीति एवं कार्यान्वयनको चरण र अवस्था पहिचान गर्न उपर्युक्त साहित्य अध्ययनले सघाउ पुऱ्याएको छ । कार्यक्रमले लक्षित गरेका समूहरुको यस्ता कार्यक्रममा पहुँच, सहभागिता, अभिभावकहरुको चासो, कक्षा सञ्चालन प्रक्रिया, कक्षा व्यवस्थापन, उपयुक्त जनशक्ति व्यवस्थापन र सक्रियता तथा सरोकारवालाहरुको आवश्यकतालाई कार्यक्रमले कुन हदसम्म सम्बोधन गर्न सक्यो ? भन्ने सन्दर्भमा खोजीकार्यको आवश्यकता महसूस गराउन सम्बन्धित साहित्यको अध्ययनले घच्घच्याएको सम्वन्धमा यस अध्ययनको आवश्यक भएको छ ।

यस अध्ययनले खुल्ला सिकाइ कार्यक्रम अन्तर्गत सञ्चालन भएका प्रौढ विद्यालयहरुको यथार्थ अवस्था, कक्षाको वास्तविक आवश्यकता वोध सम्वन्धित पक्षबाट गरिए नगरिएको, लक्षित वर्गको मागलाई सम्वोधन गर्न सके नसकेको, कार्यक्रमलाई व्यवस्थित चुस्त दुरुस्त बनाउन थप प्रयासहरुको आवश्यकता पहिचान गर्न र भावी योजना तथा नीति निर्माण, कार्यान्वयनका सम्बन्धमा योजनाविद, कार्यक्रम सञ्चालक, सहभागीहरु, अभिभावक लगायत अन्य अनुसन्धान कार्यमा जुट्नेहरुका लागि समेत सहयोग पुऱ्याउन सक्ने विश्वास लिइएको छ । अध्ययनका क्रममा बिभिन्न शिक्षाविदहरुद्वारा प्रतिपादित सिद्धान्त अध्ययनवाट शोधकार्यलाई मार्गदर्शन गरेको छ ।

यस अध्ययनमा शिक्षाविद मास्लो (१९४३) द्वारा प्रतिपादित आवश्यकताको सिद्धान्तअनुसार आधारभूत आवश्यकताका रुपमा शिक्षालाई लिई यसको प्राप्ति पछि मात्र अन्य माथिल्लो तहको सुरक्षा, सामाजिक, आत्मसम्मान र आत्मवोध जस्ता आवश्यकता प्राप्ति हुने भएकाले अनौपचारिक शिक्षाको मूलधारबाट वञ्चित भएका हरुलाई शिक्षाको मूलधारमा समाहित गर्न अनौपचारिक खुल्ला शिक्षालाई मूलरुपमा सहयोगी कार्यक्रमका

रुपमा लिई व्यक्तिको आवश्यकता पूर्ति गर्न सकिन्छ, भन्ने हेतुले ल्याइएको कार्यक्रम अन्तर्गत प्रौढ विद्यालयहरुको अवस्था, कार्यक्रम सञ्चालनमा आइपरेका समस्या र तिनको समाधानका उपाय पहिचान गर्न आवश्यक भएकाले यो शोध कार्य अघि वढाउन यी अध्ययनहरुको उपयोगिता रहेको छ ।

यस सम्बन्धमा विद्यार्थीहरुको उपलब्धिस्तरलाई अझ माथिल्लो अवस्थासम्म पुऱ्याउनको लागि म्याक्लैण्डको उपलब्धिको सिद्धान्तअनुसार व्यक्तिलाई उपलब्धिको वोध गराएर, प्रशिक्षण प्रदान गरेर, पृष्ठपोषण प्रदान गरेर, कार्यको नमूना देखाएर, चुनौतीपूर्ण र सृजनात्मक कार्य गर्ने अवसर प्रदान गरेर सकारात्मक चिन्तन मनन गर्ने प्रवृत्तिको विकास गराउन सकिन्छ । उपलब्धिको आवश्यकता बढी भएमा व्यक्ति, कार्य र चिन्तन दुबैमा कटिवद्ध भएर लाग्दछ ।

# परिच्छेद तीनः अनुसन्धान विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन गुणात्मक, परिमाणात्मक तथा मिश्रित ढाँचा अपनाई अघि बढाइएको छ । शाब्दिक व्याख्या र विवेचना गरी अघि बढाइने गुणात्मक र साङ्खिक तथ्याङ्क प्रयोग गरी विश्लेषण गरिने परिमाणात्मक ढाँचा हो (खनाल, २०६२) । यस अध्ययनमा यी दुबै ढाँचा प्रयोग गरिएको छ । वस्तुस्थितिलाई बृहत रुपमा अध्ययन विश्लेषण गरिने तथा सम्बन्धित व्यक्ति, अवस्था सँग प्रत्यक्ष सम्पर्क स्थापित हुने र त्यसबाट प्राप्त सूचनालाई विश्लेषण एवं व्याख्याका क्रममा संख्यात्मक र विवेचनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## ३.२ नमूना जनसङ्ख्या

मोरङ जिल्लामा आर्थिक वर्ष २०६५/०६६ देखि विराटनगर उ.प.म.न.पा.भित्र २ वटा, भौंडाहा गा.वि.स.मा १ वटा, शिशवनीजहदा गा.वि.स.मा १ वटा, सोराभाग गा.वि.स.मा २ वटा, केरावारी गा.वि.स.मा १ वटा र लखन्तरी गा.वि.स.मा १ वटा तथा भाथिगछ गा.वि.स.मा १ वटा गरी जम्मा ९ वटा अनौपचारिक प्रौढ विद्यालयहरु सञ्चालन भएका छन् । ती सञ्चालित ९ वटा विद्यालयहरुबाट भौगोलिक क्षेत्र, विकटता, र सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व हुने गरी जम्मा ४ वटा अनौपचारिक विद्यालयलाई नमूना जनसंख्याका रुपमा लिई अध्ययन अगाडि बढाइएको छ ।

## ३.३. नमूनाको आकार

मोरङ जिल्लामा सञ्चालित अनौपचारिक खुला शिक्षा कार्यक्रमअन्तर्गत निम्न माध्यमिक तह चलेका ९ वटा स्थानमध्ये भौगोलिक हिसावले पिछडीएका, औद्योगिक मजदूर इलाका, ग्रामीण तथा नगरपालिका र न.पा. वाहिर चलेका कक्षाहरुमध्ये न.पा. भित्रका १ वटा कक्षा श्री  शिक्षा सदन मा.वि. विराटनगर तथा गा.वि.स अन्तर्गत ३ वटा कक्षा क्रमस शारदा नि.मा.वि. सोराभाग, वीरेन्द्र मा.वि. लखन्तरी, मच्छिन्द्र उ.मा.वि केराबारीलाई भौगोलिक, समावेशी तथा नि.मा.वि., मा.वि. र उ.मा.वि.समेतको प्रतिनिधित्व हुने भएकोले उद्देश्यमा आधारित नमूना छनोटका आधारमा छनोट गरी अध्ययन गरिएकोछ । नमूना छनोटमा परेका विद्यालयका प्र.अ. १/१ जना गरी ४ जना, सम्बन्धित विद्यालयका शिक्षकहरुबाट आवश्यक सूचना प्राप्त हुने भएकाले नमूनामा परेका विद्यालयहरुका शिक्षकहरुलाई नमूनाका रुपमा लिई प्रत्येक विद्यालयबाट २/२ जना गरी ८ जना लाई छनौट गरिएको छ । त्यस्तै सम्बन्धित कक्षामा अध्ययनरत विद्यार्थी तथा अभिभावकहरुबाट

यथार्थ सूचना पाउँन सकिने र उनीहरुको समस्या थाहा पाउँन सकिने र कार्यक्रमको प्रभावकारिताका वारेमा उनीहरुबाट यथार्थ सूचना पाउँन सकिने भएकाले उद्देश्यमा आधारित नमूना छनौट विधि प्रयोग गरी हरेक विद्यालयबाट ५/५ जना विद्यार्थी गरी २० जना, अभिभावकहरुमध्ये हरेक विद्यालयबाट ५/५ जना गरी २० जना, वि.व्य.स अध्यक्ष ४ जना, सम्वन्धित विद्यालय अनुगमन निरीक्षण गर्ने बि.नि/स्रोतव्यक्ति मध्ये ४ जना र अनौपचारिक शिक्षा हेर्ने सम्पर्क व्यक्ति (Focal Person) १ जना लाई पनि छनौट गरिएको छ। नमूनाको आकारलाई अनुसूची १ मा प्रस्तुत गरिएको छ।

## ३.४ नमूना छनौटको आधार

मोरङ जिल्लामा सञ्चालित अनौपचारिक निम्न माध्यमिक कक्षा चलेका ९ वटा कक्षामध्ये विराटनगर उप महानगरपालिका औद्योगिक हिसावले मजदूरहरुको पनि बाहुल्यता भएको क्षेत्र ठानी बिराटनगर उ.म.न.पा. भित्र चलेका १ वटा कक्षालाई पनि यस अध्ययनले नमूना छनोट भित्र राखिएकोछ, भने भौगोलिक हिसावले पिछडीएको क्षेत्र तथा नगरपालिका र न.पा. बाहिर गा.वि.स. मा चलेका, अर्थात सदरमुकाम बाहिर चलेका कक्षाहरुको अवस्था अध्ययन गर्न सोराभाग, लखन्तरी र केराबारी गा.वि.स. मा संचालित ३ वटा अनौपचारिक नि.मा.शि कक्षाहरुलाई उद्देश्यमा आधारित भई नमूना छनोट गरिएको छ। त्यस्तै नमूना छनौटका क्रममा मोरङ्ग जिल्लाका सबै भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी समावेशी तथा तथ्याङ्क प्राप्त गर्न सहज हुने भएकाले र नि.मा.वि., मा.वि. र उच्च मा.वि.समेतको प्रतिनिधित्व हुने भएकाले पनि यी विद्यालयहरुलाई छनौट गरिएको हो।

## ३.५ अनुसन्धान साधन

शोधपत्र तयार गर्न विद्यालयको स्थलगत भ्रमण, अवलोकन, अन्तर्वाता प्रश्नावली, समूह छलफल जस्ता विधिहरुको प्रयोग गरी तथ्याङ्क संकलन गरिएकोछ। प्रयोग गरिएका अनुसन्धान साधनहरुलाई निम्नानुसार प्रस्तुत गरी प्रयोग गरिनुका कारणहरु समेत उल्लेख गरिएको छ।

### ३.५.१ अवलोकन

अवलोकनबाट तथ्याङ्क सङ्कलन गर्दा प्राकृतिक अवस्थामा नै विवरण प्राप्त हुन सक्ने र यथार्थतासमेत उजागर हुने तथा अन्तर्वार्ता र समूह छलफलबाट प्राप्त सूचना पुष्टि गर्न पूरकको रुपमा कार्य गर्ने अपेक्षा लिइएको छ। बालबालिकाहरु कस्तो परिवेशमा सिकिरहेका छन् ? शिक्षक शिक्षिका तथा विद्यार्थीहरुको नियमित उपस्थितिको अवस्था,

बालबालिकाहरुको पारीवारिक अवस्था, सिकाई सामग्री व्यवस्थापन, कक्षा व्यवस्थापन तथा समय व्यवस्थापनका पक्षहरुको यथार्थ अवस्था पत्ता लगाउन नमूना छनोट गरिएका विद्यालयहरुमा अवलोकन फारमको प्रयोग गरी अध्ययन अघि बढाइएको छ । छनोटमा परेका प्रत्येक विद्यालयका बालबालिकाको उद्देश्यमा आधारित रहेर अवलोकन गरिएकोछ । अवलोकनका क्रममा तथ्याङ्कको अभिलेख अध्ययन गरी शोध कार्यमा समावेश गरिएकोछ ।

### ३.५.२ अन्तर्वार्ता

छनोटमा परेका विद्यालयका प्र.अ, शिक्षकहरु, विद्यार्थीका अभिभावकहरु, विद्यार्थीहरु जि.शि.का पदाधिकारीहरु, स्रोतव्यक्ति, विद्यालय निरीक्षक तथा कार्यक्रम संयोजक (फोकल पर्सन) सँग अन्तर्वार्ता लिइएकोछ । अनौपचारिक नि.मा.शि कक्षामा अध्ययनरत विद्यार्थीको उपस्थिति, उनीहरुको पारीवारिक पृष्ठभूमि, वीचैमा पढाइ छोड्न पर्नाका कारणहरु र औपचारिक कक्षामा पुनः प्रवेशका लागि अनौपचारिक कक्षाको भूमिकालाई कसरी लिइएको छ ? वर्तमान कक्षाको अवस्था झल्कने खालका प्रश्नहरु समेटेर अन्तर्वाता सूची तयार गरिएको छ । उत्तरदातासँग प्रत्यक्ष सम्पर्कद्वारा विषयवस्तुको गहिराईमा पुगेर जानकारी तथा तथ्याङ्कहरु प्राप्त गर्न सकिने र ती जानकारी तथा तथ्याङ्कहरु गुणात्मक, विश्वसनीय तथा वैध हुने भएकाले यो विधि प्रयोग गरिएको हो । अन्तर्वार्ता खुला प्रश्नावलीको रुपमा रहेका छन् ।

### ३.५.३ समूह छलफल

समूह छलफल अलग अलग विद्यालयका अभिभावकहरुसँग गरिएकोछ । यसमा सम्वन्धित विद्यालयमा अनौपचारिक नि.मा. शि. कक्षामा अध्यापन गराउने शिक्षक, प्र.अ./वि.व्य.स. पदाधिकारी, विद्यार्थी प्रतिनिधिलाई पनि समेटिएको छ । छलफल आवश्यकताअनुसार र सहभागीहरुको उपस्थितिका आधारमा सकेसम्म साना साना समूह बनाइ अनौपचारिक निम्नमाध्यमिक कक्षा प्रतिको धारणा आउने किसिमको छलफल सञ्चालन गरिएकोछ । यस्ता विद्यालयको कार्यक्रममा उनीहरुको सहभागिताको स्थिति कस्तो छ ? औपचारिक विद्यालयको पहुँच नभएका बालबालिकाहरुका लागि अनौपचारिक नि.मा. शिक्षाको योगदान कस्तो रहेको छ ? अनौपचारिक निम्नमाध्यमिक शिक्षा पूरा गरेपछि बालबालिकालाई औपचारिक शिक्षामा मूल प्रवाहीकरण गर्न शिक्षकहरुले दिने गरेको सल्लाह, सुझाव कस्तो छ ? जस्ता पक्ष समेटिएका छन् । यी सवालहरुको यथार्थ सूचना प्रत्यक्ष रुपमा प्राप्त गर्न सकिने भएकाले यो साधनको प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्कको स्रोत

अध्ययनको उद्देश्य पूरा गर्नका लागि प्राथमिक र द्वितीयक तथ्याङ्कका स्रोतहरुको प्रयोग गरिएकोछ ।

### ३.६.१ प्राथमिक स्रोत

शोधकार्य पूरा गर्न सम्वन्धित विद्यालयका शिक्षक, प्र.अ. विद्यार्थी, अभिभावक, कार्यक्रम हेर्ने संयोजक, वि.नि., स्रोतव्यक्ति र वि.व्य. स. अध्यक्षहरुसँग अन्तर्वार्ता तथा छलफल गरी प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतका रुपमा उपयोग गरिएको छ र यीनै प्राथमिक तथ्याङ्कका आधारमा व्याख्या तथा विश्लेषण गरिएकोछ ।

### ३.६.२ द्वितीयक स्रोत

शोधकार्य पूरा गर्न आवश्यक तथ्याङ्क संकलनका क्रममा विद्यालयमा रहेको अभिलेखहरु, जिल्ला शिक्षा कार्यालयमा रहेका अनौपचारिक शिक्षासम्वन्धी दस्तावेज, अभिलेख एवं तथ्याङ्कको अध्ययन गरिएकोछ । शोधकार्यसँग सम्वन्धित अन्य अनुसन्धानात्मक कृतिहरुलाई पनि तथ्याङ्कको द्वितीयक स्रोतका रुपमा लिइएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

शोधकार्य सम्पन्न गर्ने क्रममा आवश्यक तथ्याङ्क सङ्कलन गर्न अवलोकन छलफल र अन्तर्वाता प्रश्नावली जस्ता साधनको प्रयोग गर्न नमूना छनोटमा परेका विद्यालयहरुमा स्थलगत भ्रमण गरी कक्षामा अध्ययनरत विद्यार्थी, कक्षा शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्षलगायत सम्वन्धित विद्यार्थीका अभिभावकसँग छलफल कार्य सम्पन्न गरी उनीहरुबाट अन्तवार्ता प्रश्नावलीसमेत भरी तथ्याङ्क संकलन गरिनएकोछ । यसका साथै विद्यार्थीको नियमितता अध्ययन गर्न विद्यार्थी हाजिरी पुस्तिका, विद्यालयमा मौजूदा अन्य अभिलेखवाट समेत तथ्याङ्क लिइएकोछ । यसको अलावा यस्ता कक्षासम्वन्धी भएका शोधकार्यहरुको अध्ययनवाट समेत सूचना तथा तथ्याङ्क लिई शोध कार्य अघि बढाइएको छ ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

शोधकार्यको क्रममा प्राप्त तथ्याङ्कहरुलाई वर्गीकरण गरी विभिन्न तालिकामा प्रस्तुत गरी विश्लेषण तथा निश्कर्ष एवं सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेद चारः तथ्याङ्क प्रस्तुतीकरण, व्याख्या तथा विश्लेषण

मोरङ्ग जिल्लामा प्रौढहरुका लागि सञ्चालित अनौपचारिक निम्न माध्यमिक विद्यालय कार्यक्रमको वर्तमान अवस्था कार्यक्रमको प्रभावकारिता लेखाजोखा एवं कार्यक्रम सञ्चालनमा देखिएका समस्या पहिचान गरी निराकरणको उपायहरु सुझाउने उद्देश्यहरु राखी गरिएको यस अध्ययन कार्यका क्रममा अपनाइएका तथ्याङ्क सङ्कलनका साधनहरु- अवलोकन, अन्तरवार्ता, समुह छलफल तथा विद्यालयका अभिलेख अध्ययनवाट प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई निम्नानुसार प्रस्तुत गरी व्याख्या एवं विश्लेषण गरिएको छ।

## ४.१ प्रौढहरुका लागि सञ्चालित अनौपचारिक नि.मा.वि. शिक्षा कार्यक्रमको वर्तमान अवस्था

वर्तमान अवस्थाभित्र अनौपचारिक नि.मा.वि. प्रौढ विद्यालय विवरण, नमूना छनौटमा परेका विद्यालय तथा शिक्षक विवरण, विद्यार्थी संख्या विवरण, जातिगत विद्यार्थी विवरण, उमेरगत विवरण, विद्यार्थीको उपलब्धि विवरण, परीक्षासम्बन्धी विवरण, बिषयगत औषत सिकाई उपलब्धि दर तथा पाठ्य सामग्रीको उपलब्धता जस्ता बुँदाहरु समेटेर प्रस्तुत गरिएका छन्।

### ४.१.१ अनौपचारिक निम्न माध्यमिक प्रौढ विद्यालय विवरण

अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमका रुपमा मोरङ्ग जिल्लामा आ.व. २०६५।०६६ देखि जम्मा ९ वटा विद्यालयहरुमा यस्ता कक्षाहरु सञ्चालित छन्। अनौपचारिक निम्नमाध्यमिक प्रौढ विद्यालयको विस्तृत विवरण अनुसूची १० मा दिइएको छ।

जिल्ला शिक्षा कार्यालय मोरङ्गका अनुसार यस जिल्लामा नगरपालिकाभित्र २ वटा गा.वि.स. सोराभाग अन्तर्गत २ वटा शिसवनी जहदा, भाथीगछ, केराबारी, भौंडाहा र लखन्तरीमा एक एक गरी जम्मा ९ वटा अनौपचारिक प्रौढ विद्यालयहरु आर्थिक बर्ष २०६५।०६६ देखि संचालन भई पहिलो र दोश्रो तह संचालन गरिसकेको अवस्था देखिन्छ।

नि.मा. तहको कक्षा सञ्चालन भएका विद्यालयहरुमध्ये नमुना छनोट गरी अध्ययन गरिएका विद्यालयहरुको विवरण तथा कार्यरत शिक्षक संख्या र तालिम सम्बन्धी विवरण यसप्रकार प्रस्तुत गरिएको छ।

तालिका १ नमूना छनौटमा परेका विद्यालय विवरण

| सि.नं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित तह | सम्लग्न शिक्षक संख्या | सम्लग्न महिला शिक्षक संख्या | तालिम |
|---|---|---|---|---|---|---|
| १. | श्री शारदा नि.मा.वि. | सोराभाग | पहिलो र दोस्रो | २ जना | - | अप्राप्त |
| २. | श्री शिक्षासदन मा.वि | विराटनगर | पहिलो र दोस्रो | ३ जना | - | अप्राप्त |
| ३. | श्री मच्छिन्द्र उ.मा.वि | केरावारी | पहिलो र दोस्रो | ३ जना | - | अप्राप्त |
| ४. | श्री वीरेन्द्र मा.वि. | लखन्तरी | पहिलो र दोस्रो | ३ जना | - | अप्राप्त |

*स्रोत: स्थलगत अवलोकन फारम तथा विद्यालय अभिलेख, २०६८*

नमुना छनोटमा परेका विद्यालयमा अवलोकन तथा अन्तरवार्ता र विद्यालय शिक्षक विवरण एवं अन्य अभिलेख अनुसार आ.व. २०६५/०६६ देखि अनौपचारिक निम्न माध्यमिक प्रौढ विद्यालय कार्यक्रम तहगत रुपमा संचालन भएको देखिन्छ । पहिलो वर्ष पहिलो तह सम्पन्न गरी परीक्षामा उत्तीर्ण भएकालाई दोस्रो तहमा जाने प्रावधान अनुसार उपर्युक्त विद्यालयहरुमा दुवै तहको पठनपाठन सम्पन्न भएको पाइयो र यस वर्ष २०६८ देखि पुन: पहिलो तहको कक्षा सन्चालनमा आएको छलफलका क्रममा सहभागीहरुले बताएको पाइयो । कार्यक्रममा संलग्न शिक्षक विवरण अध्ययन गर्दा श्री शारदा नि.मा.वि. मा मात्र २ जना शिक्षक सम्लग्न रहेको देखिन्छ भने वाँकी ३ ओटै विद्यालयमा ३,३ जनाका दरले शिक्षक व्यवस्थापन भएको अवस्था देखिन्छ । तर कार्यक्रममा महिला शिक्षकको सहभागिता शून्य देखियो । शिक्षकहरुको विवरण अध्ययन तथा सम्वन्धित शिक्षकसँग लिइएको अन्तरवार्ताअनुसार अनौपचारिक प्रौढ विद्यालय सञ्चालन सम्वन्धी कुनै तालिम नपाएका पाइयो । तालिम नपाएकै अवस्था भए तापनि शिक्षकहरुद्धारा कक्षा सञ्चालन भइरहेको अवस्था देखिन्छ ।

### ४.१.२ विद्यार्थी संख्या विवरण

नमुना छनोटका रुपमा लिइएका विद्यालयमा अध्ययनरत विद्याथीहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका २ अनौपचारिक प्रौढ नि.मा. तहका विद्यार्थी विवरण

| सि.नं. | विद्यालयको नाम | पहिलो तहका विद्यार्थी २०६६ | | | दोस्रो तहका विद्यार्थी ०६६/०६७ | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | श्री शारदा नि.मा.वि. | १५ | ५ | २० | १५ | ५ | २० |
| २. | श्री शिक्षासदन मा.वि | २३ | - | २३ | २३ | - | २३ |
| ३. | श्री मच्छिन्द्र उ.मा.वि | १८ | ७ | २५ | १८ | ७ | २५ |
| ४. | श्री वीरेन्द्र मा.वि. | १४ | ५ | १९ | १४ | ५ | १९ |
| | जम्मा | ७० | १७ | ८७ | ७० | १७ | ८७ |
| | जम्मा% | ८०.४५ | १९.५४ | १००% | ८०.४५% | १९.५४% | १००% |

*स्रोत: विद्यालय अवलोकन फारम तथा विद्यालय अभिलेख, २०६८ ।*

छनौटमा परेका विद्यालयहरुले पहिलो तह आ.व. २०६५।०६६ मा कार्यक्रम सम्पन्न गरी आ.व. ०६६।०६७ मा दोस्रो तहको कक्षा संचालन गरेको देखिन्छ । जसअनुसार चारवटा विद्यालयमा जम्मा ८७ जनाले भर्ना भएको पाइयो भने जसमध्ये ७० जना छात्राहरु र १७ जना छात्रहरु पाइयो । यसले के देखाउँछ भने अझैपनि अनौपचारिक शिक्षामा महिला सहभागिमा वृद्धि देखिए तापनि हाम्रो समाज विगतको पुरानो मान्यतामा गुज्रेको र छोरीहरुलाई पठनपाठनमा सम्लग्न नगराउने, सम्लग्न गराइ हाल पनि प्रा.वि. तहमै सीमित राखिने वा सानैमा विवाह गरिदिने कारण नि.मा.वि तह पढ्दा पढ्दै विद्यालय छाड्नु पर्ने अवस्था विद्यमान छ । तसर्थ हाल यी अनौपचारिक प्रौढ विद्यालयका कक्षामा प्रौढ छात्राहरुको संख्या वढी देखिएको कुरा समूह छलफलमा संलग्न अभिभावक, विद्यार्थी, शिक्षक लगायत विद्यालय निरीक्षक, स्रोत व्यक्तिहरुले वताएको पाइयो ।

अध्ययनअनुसार पहिलो तह र दोस्रो तहमा विद्यार्थी संख्या बराबर देखिन आएको छ । यसवाट पहिलो तहदेखि दोस्रो तहसम्म पढाई निरन्तरता देखिएको छ । यस कक्षाले उनीहरुमा सहयोग पुऱ्याएको कुरा छलफलका क्रममा सहभागी विद्यार्थी तथा अभिभावकहरुले वताएको पाइयो र नमुना छनोटमा परेका यी विद्यालयहरुको विद्यार्थी संख्या अध्ययन गर्दा छात्राहरु ८०.४५% देखिनुले कार्यक्रम प्रति सकारात्मक धारणा विकास भएको देखिन्छ । तथ्याङ्कअनुसार कार्यक्रमले लक्षित गरेको वर्गका रुपमा प्रौढ महिला/ छात्राहरुको

पहुँच वढ्नुले कार्यक्रमको प्रभावकारि भएको भन्न सकिन्छ । शिक्षालाई मानव संसाधन विकास तथा शिक्षाविद मास्लोका अनुसार व्यक्तिको आवश्यक्ताको श्रृङखलाअनुसारका आवश्यकता प्राप्तिका लागि कार्यक्रमले अभिप्रेरित गरेको र उपलव्धि हाँसिल गर्न म्याकल्याण्डको उपलब्धिको सिद्धान्त अनुसार लागिपरेको अवस्था देखिन आएको छ ।

### ४.१.३ जातिगत विद्यार्थी विवरण

अनौपचारिक प्रौढ विद्यालयहरु संचालनको मुख्य उद्देश्य शिक्षाको मूलधारवाट अलग भएका गरिव पिछडीएका तथा लक्षित वर्गका बालबालिका, प्रौढ पुरुष तथा महिलाहरुको शिक्षाको मूलधारमा पहुँच के कस्तो रहेको छ भनी अध्ययनका क्रममा प्रयोग गरिएको विद्यालय अवलोकन फारम तथा विद्यालय सम्वन्धी अभिलेख अध्ययन गर्दा प्राप्त विद्यार्थीहरुको जातिगत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ३ जातिगत विद्यार्थी विवरण

| सि.नं. | विद्यालयको नाम | कूल जम्मा | | | दलित जम्मा | | | जनजाति जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | शारदा नि.मा.वि. | १५ | ५ | २० | २ | १ | ३ | १३ | ४ | १७ |
| २ | शिक्षा सदन मा.वि. | २३ | | २३ | ५ | | ५ | १८ | | १८ |
| ३ | मच्छिन्द्र उ.मा.वि. | १८ | ७ | २५ | ५ | २ | ७ | १३ | ५ | १८ |
| ४ | वीरेन्द्र मा.वि. | १४ | ५ | १९ | | १ | १ | १४ | ४ | १८ |
| | जम्मा | ७० | १७ | ८७ | १२ | ४ | १६ | ५८ | १३ | ७१ |
| | जम्मा% | ८०.४५ | १९.५४ | १०० | १७.१४ | २३.५२ | १८.३९ | ८२.८५ | ७६.४७ | ८१.६० |

*स्रोत: विद्यालय अवलोकन फारम तथा विद्यार्थी अभिलेख, २०६८ ।*

अध्ययनमा परेका कुल ८७ जना विद्यार्थीमध्ये दलितहरुको संख्या नीकै नै कम रहेको देखिन आउँछ । उक्त अनौपचारिक प्रौढ कार्यक्रमा जम्मा १६ जना १८.३९% दलितहरुले भाग लिएको देख्न सकिन्छ । जसमध्ये पनि दलित छात्राहरु अझ कम संख्यामा रहेको पाउन

सकिन्छ । अध्ययनले देखाए अनुसार अनौपचारिक कार्यक्रममा जम्मा १६ जना दलितहरुमध्ये १२ जना  दलित छात्रहरु रहेका छन् भने जम्मा ४ जना दलित छात्राहरु रहेका छन् । यसले के पुष्टि गर्दछ भने दलितहरुको प्रौढ शिक्षामा अत्यन्तै न्यून सहभागिता रहेको छ । उक्त कार्यक्रम दलित समुदायका लागि झण्डै पहुँच बाहिरको जस्तो देखिन आएको छ । त्यसमा पनि सामाजिक विभेद, लैङ्गिक, जातिय आदि भेदभावका कारण पनि दलितहरुको सहभागिता न्यून भएको पाउन सकिन्छ । त्यसकारण उक्त समस्या समाधानका लागि पनि केही ठोस कदम चाल्नुपर्ने देखिन्छ जस्तै सामाजिक विभेदलाई हडाउने, लैङ्गिक तथा जातिय विभेदलाई प्रोत्साहन हुने खालका व्यवहारहरु हटाउने आदि गर्न सकेमा दलितहरुको पनि शिक्षामा समावेशी पहुँच हुनेछ भन्न सकिन्छ । त्यसैगरी जनजातीहरुको बढी सहभागिता भएको उक्त कार्यक्रममा अधिकांश प्रौढहरुमा चेतनाको विकासको कारणले गर्दा पनि सहभागिता बढी हुन आएको देखिन्छ । नमुना छनोट गरी अध्ययन गरिएका चारवटै विद्यालयमा अन्य समूहमा पर्ने जातजातिका प्रौढ विद्यार्थीहरुको सहभागिता ०% पाइयो ।

औपचारिक विद्यालयहरुमा विद्यालय छाड्ने दरमध्ये दलित, जनजाति गरिवपरिवारको छात्रछात्राहरुको बढी रहेको सन्दर्भमा उक्त तालिका चारमा प्रस्तुत तालिकाअनुसार दलित र जनजाति समूहमा मात्र विद्यार्थी देखिएकाले समुह छलफलमा जिज्ञाशा राख्दा सहभागी, अभिभावक, शिक्षक प्र.अ., वि.व्य.स. अध्यक्षहरु तथा विद्यार्थीहरुले गरिबीका कारण वुवाआमालाई घरको काम अथवा अन्यत्र काममा खटिनु पर्ने. वा वालमजदुरी गरी खान पर्ने भएकाले ती वर्गका वालवालिकाले बीचैमा विद्यालय छाड्ने कुरा सत्य भएको र हाल यी अनौपचारिक प्रौढ विद्यालयका कक्षामा पुन : भर्ना हुन आएको कुरालाई स्वीकार गरेको पाइयो ।

उपर्युक्त जातजातिगत विवरणका आधारमा शिक्षाविना व्यक्तिको उपल्लो श्रेणीका आवश्यकताहरु प्राप्त गर्न गाह्रो छ भन्ने मान्यता वोकेर शिक्षाको माध्यमवाट आफ्नो उपलव्धि हाँसिल गर्न यी लक्षित वर्ग कार्यक्रममा अभिप्रेरित भएको देखिन्छ ।

### ४.१.४ उमेरगत विद्यार्थी विवरण

विद्यालयको विद्यार्थी भर्ना अभिलेख, विद्यार्थी तथ्याङ्क विवरण तथा विद्यालय अवलोकन फारमबाट प्राप्त अनौपचारिक प्रौढ विद्यालयका विद्यार्थीहरुको उमेरगत विवरण निम्नानुसार प्रस्तुत गरिएका छन् :

तालिका ४ उमेरगत विद्यार्थी विवरण

| सि.नं. | विद्यालयको नाम | ठेगाना | १० बर्षका | | | ११-१२ वर्ष | | | १२ बर्ष माथि | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | शारदा नि.मा.वि. | सोराभाग | - | - | - | - | - | - | १५ | ५ | २० |
| २ | शिक्षा सदन मा.वि. | विराटनगर | - | - | - | - | - | - | २३ | - | २३ |
| ३ | मच्छिन्द्र उ.मा.वि. | केराबारी | - | - | - | - | - | - | १८ | ७ | २५ |
| ४ | वीरेन्द्र मा.वि. | लखन्तरी | - | - | - | - | - | - | १४ | ५ | १९ |
| जम्मा | | | | | | | | | ७० | १७ | ८७ |

*स्रोतः विद्यालय अवलोकन फारम तथा तथ्याङ्क विवरण फारम, २०६८ ।*

अनौपचारिक प्रौढ विद्यालयका रुपमा सञ्चालन भइरहेका विद्यालयहरुको उमेरगत विवरणअनुसार निम्न माध्यमिक तहको लागि औपचारिक विद्यालयमा तोकिएको उमेर समुह १०-१२ वर्ष भएपनि यी विद्यालयहरुमा अध्ययनरत सवै ८७ जना विद्यार्थी १२ वर्षभन्दा वढी उमेरका देखिन्छन् । यसको मुख्य कारण के होला भनी समुह छलफलका क्रममा अभिभावक, विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाहरुसँग जिज्ञाशा राख्दा गरिबीका कारण प्रा.वि. तहको पढाई पुरा गरी नि.मा. तहमा भर्ना भए पश्चात कक्षा छोडेर वसेका तथा सानै उमेरमा विवाह गरिदिनाले विद्यालयमा आउन लाज लागेर विद्यालय छाडेर वसेकाहरु हाल यस्ता कक्षामा पुन : भर्ना हुन आएकाले १००% विद्यार्थी १२ वर्षभन्दा माथिका देखिएको कुरा छलफलमा सहभागीहरुले बताए ।

यसबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रमा अझैपनि आर्थिक, सामाजिक, सांस्कृतिक मूल्यमान्यताहरु हावी रहेको र कैंयौ अवस्थामा गरिबीको कारणले गर्दा पनि विद्यालय जान नसकेको तथा बीचैमा छाड्नुपर्ने बाध्यता, सानै उमेरमा विवाह गर्नुपर्ने बाध्यता तथा छोरीहरुले पढ्नु हुँदैन पढेर के पाइन्छ घरको काम गर्न जान्नुपर्छ भन्ने मान्यताहरु हावी भएको पाउन सकिन्छ । यस्ता समस्या निराकरणको लागि जनचेतनामूलक कार्यक्रमहरु अभिभावक, शिक्षक, समाजसेवी राजनीतिज्ञ आदिको सहयोगमा सञ्चालन गरी उक्त कुरीतिहरुलाई विस्तारै परिमार्जित गराउँदै लैजानु पर्ने आवश्यकता देखिएको छ ।

कार्यक्रमको मुख्य उद्देश्य नै यस्ता आर्थिक, सामाजिक, साँस्कृतिक तथा धार्मिक कारणले शिक्षाको मूलधारवाट वञ्चित भएका मजदुरी गरिखाने, दलित, महिला आदिवासी जनजातिका प्रौढहरुलाई खुला सिकाइको अवधारणाअनुसार कक्षामा पुन : अभिप्रेरित गरी सिकाई उपलब्धि हासिल गराई आफ्ना चाहना तथा आवश्यकता परिपूर्तिमा सहयोग पुऱ्याउनु रहेको हुँदा यी कक्षामा प्रौढहरुको सहभागिता देखिएको छ ।

### ४.१.५ विद्यार्थी उपलब्धि विवरण

अनौपचारिक प्रौढ विद्यालयको कार्यक्रमको वर्तमान अवस्था पत्ता लगाउने क्रममा विद्यालयहरुको स्थलगत अध्ययन अवलोकन, अन्तरवार्ता तथा समूह छलफलका क्रममा नमुना छनोटमा परेका विद्यालयहरुको विद्यालय खुलेको दिन २२० दिन र कक्षा चलेको दिन १८० दिन देखिएको छ भने विद्यार्थी उपस्थिति विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ५ विद्यार्थी उपस्थिति विवरण

| सि.नं. | विद्यालयको नाम | कूल विद्यार्थी संख्या | | | विद्यार्थी उपस्थिति दिन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७० दिनभन्दा कम | | | ७० -९९ दिन | | | १००-१४०दिन | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री शारदा नि.मा.वि. | १५ | ५ | २० | ४ | २ | ६ | ११ | ३ | १४ | × | × | × |
| २ | श्री शिक्षासदन मा.वि. | २३ | | २३ | × | × | × | २३ | × | २३ | × | × | × |
| ३ | मच्छिन्द्र उ.मा.वि. | १८ | ७ | २५ | ६ | ३ | ९ | ७ | २ | ९ | ५ | २ | ७ |
| ४ | वीरेन्द्र मा.वि. | १४ | ५ | १९ | २ | १ | ३ | १२ | ४ | १६ | × | × | × |
| | जम्मा | ७० | १७ | ८७ | १२ | ६ | १८ | ५३ | ९ | ६२ | ५ | २ | ७ |
| | प्रतिशत जम्मा | | | | १७.१४ | ३५.१९ | २५.७१ | ७५.७१ | ५२.९४ | ७१.२७ | ७.१४ | ११.७६ | ८.०४ |

*स्रोतः विद्यालय हाजिरी पुस्तिका र अवलोकन फारम , २०६८ ।*

अध्ययनका क्रममा द्वितीय तथ्याङ्कको स्रोतलाई आधार मानि हाजिरी विवरणलाई अध्ययन गर्दा कुल ७० विद्यार्थीहरुमध्ये छात्राहरुको संख्या १२ (१७.१४%) र कुल छात्रमध्ये ३५.१९% छात्र (६ जना) ७० दिन भन्दा पनि कम उपस्थित भएको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने सामाजिक वाध्यता, विवशता तथा अझैपनि शिक्षाप्रति सकारात्मक भावना जागृत नभएको भन्न सकिन्छ । विद्यार्थीहरुको अनियमित उपस्थितिको प्रमुख कारण उनीहरुले शिक्षालाई कम महत्व दिनु नै हो । विद्यार्थीहरुले आफ्नो दैनिक गुजारा चलाउनको लागि या त घरायसी कामकाजमा रेखदेख गर्नुपर्ने भएकाले पनि यस्तो अवस्था आएको हो । त्यस्तै कुल ७० छात्रमध्ये ५३ जना छात्र र कुल १७ छात्रा मध्ये ९ जना छात्रा मात्र ७०-९९ दिनसम्म हाजिर भएको र वाँकी ५ जना छात्रा तथा २ जना छात्र मात्र १००-१४० दिनसम्म विद्यालयमा हाजिर भएको देखिन्छ । विद्यार्थी उपस्थितिको अवस्था हेर्दा श्री मच्छिन्द्र उ.मा.वि मा मात्र १००-१४० दिनसम्म हाजिर हुनेहरुको संख्या बढि देखिन्छ भने बाँकी ३

वटा विद्यालय शारदा नि.मा.वि., शिक्षासदन मा.वि. र वीरेन्द्र मा.वि. मा ७०–९९ दिनसम्म मात्र उपस्थित हुने विद्यार्थीहरु देखियो । जसबाट यो स्पष्ट हुन्छ कि विद्यार्थीहरुको अनियमितता एक गम्भीर समस्याका रुपमा देखा परेको छ । विद्यार्थीहरुका लागि कुन कुराले अनियमितता ल्याएको हो त्यसको सहि पहिचानका लागि सम्बन्धित पक्षबाट तुरुन्त काम थाल्नुपर्ने देखिन्छ किनभने विद्यार्थीहरुको अनियमितताले के संकेत गर्दछ भने एकदिन उनीहरु विद्यालय छाड्ने स्थितिमा पुग्नेछन् । त्यसकारण विद्यार्थीहरुलाई शिक्षाप्रति जागृत बनाउनको लागि र शिक्षामा महत्व दर्शाउनको लागि उनीहरुलाई लागि विभिन्न सीपमूलक तथा रोजगारीमूलक शिक्षा दिनुपर्ने देखिन्छ ।

अन्तर्वार्ता प्रश्नावलीमा सम्लग्न सहभागी १००% ले विद्यार्थी उपस्थिती न्यून भएको कुरा उल्लेख गरेकाले यसलाई अध्ययनको मुख्य समस्याका रुपमा लिइएको छ ।

अध्ययनका क्रममा मास्लोको आवश्यकताको सिद्धान्त र मैकलैण्डको उपलव्धिको सिद्धान्तअनुसार शिक्षा प्राप्त गर्नु आवश्यकता र उपलव्धिको सूचक हो भने यी नमूनामा परेका विद्यालयहरुको विद्यार्थी उपस्थिति विवरणले पाठ्यक्रममा निधारित सिकाई उपलव्धि हाँसिल गर्न सक्ने अवस्था कम देखिएको छ । प्रौढ विद्यालय संचालन निर्देशिका २०६५ अनुसार तीन वर्षे औपचारिक पाठ्यक्रमअनुसार तयार गरिएका विषयवस्तु शिक्षण गर्न पहिलो र दोस्रो तह गरी २ वर्षमा संश्लेषित कोर्षको व्यवस्था एकातिर गरिएको छ भने अर्कोतिर कक्षा समय २ घण्टा मात्र दैनिक रुपमा व्यवस्था गरिएको छ । विद्यार्थी न्यून उपस्थित हुने भएकाले सिकाई उपलव्धि हाँसिल गराउन समस्या भएको छलफलका क्रममा अधिकांश शिक्षकहरुले बताएको  पाइयो ।

### ४.१.६ परीक्षा सम्वन्धी विवरण

प्रौढहरुका लागि संचालित अनौपचारिक विद्यालयहरुको प्रभावकारितासम्वन्धी अध्ययनको सन्दर्भमा नमूना छनोटमा परेका विद्यालयहरुको स्थलगत अवलोकन तथा विद्यालयको परीक्षा सम्वन्धी अभिलेखका आधारमा आ.व. २०६६।०६७ मा संचालित दोस्रो तहको परीक्षामा सम्मिलित भएकाहरुको जातिगत आधारमा प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएका छन् :

तालिका ६ कुल विद्यार्थीको परीक्षासम्वन्धी विवरण (दोस्रो तह)

| सि.नं. | विद्यालयको नाम | कूल विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | उत्तीर्ण संख्या | | | उत्तीर्ण प्रतिशत(%) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | शारदा नि.मा.वि | १५ | ५ | २० | १० | २ | १२ | १० | २ | १२ | १०० | १०० | १०० |
| २ | शिक्षासदन मा.वि. | २३ | × | २३ | ९ | × | ९ | ९ | × | ९ | १०० | × | १०० |
| ३ | मच्छिन्द्र उ.मा.वि. | १८ | ७ | २५ | ११ | ३ | १४ | ११ | ३ | १४ | १०० | १०० | १०० |
| ४ | विरेन्द्र मा.वि. | १४ | ५ | १९ | ६ | १ | ७ | ६ | १ | ७ | १०० | १०० | १०० |
| | जम्मा | ७० | १७ | ८७ | ३६ | ६ | ४२ | ३६ | ६ | ४२ | १०० | १०० | १०० |
| परीक्षामा सम्मिलित % | | | | | ५१.४२ | ३५.२९ | ४८.२७ | | | | १०० | १०० | १०० |

*स्रोत:विद्यालयको परीक्षा अभिलेख, जि.शि.का. मोरङ्ग, २०६७।*

विद्यार्थीहरुको दोस्रो तह अर्थात निम्न माध्यमिक शिक्षा उतीर्ण परीक्षाको सञ्चालन जिल्लास्तरीय नि.मा.शि. परीक्षा समिति मोरङ्गवाट सञ्चालन गरिने प्रावधान रहेको छ, (प्रौढ विद्यालय संचालन निर्देशिका,२०६५) । जसअनुसार कूल ८७ जना विद्यार्थी अध्ययन गरेकोमा ४८.२७% (४२ जना) मात्र परीक्षामा सम्मिलित भएको पाइयो । त्यसमध्ये कुल ७० जना छात्रामध्ये ५१.४२% (३६ जना) छात्राले मात्र परीक्षामा सहभागी भई १००% उतीर्ण गरेको देखिन्छ ।

अध्ययन अनुसार झण्डै ५० प्रतिशत छात्राहरु परिक्षामा सहभागिता नभएको पाइयो भने कुनैपनि छात्रले परिक्षामा भाग लिएनन् । यसले के बुझाउँछ भने विद्यार्थीहरु परिक्षाप्रति सकारात्मक नभएको र उनीहरुले परिक्षालाई कुनै न कुनै रुपमा अपहेलना गरेको र परिक्षा दिएर के हुन्छ र हामिले जानेको जानेकै छौ किन परीक्षा दिनुपर्‍यो भन्ने जस्ता कुराहरुपनि अगाडि आएको पाइयो । त्यसैगरी कतिपयले किन परीक्षा नदिएको भन्ने प्रश्नमा घरायसी काम परेको र जान नपाएको भने भने धेरैजसोले परीक्षा दिनु र नदिनु एउटै त हो भन्ने

गरेको पाइयो । यसबाट के बुझ्न सकिन्छ भने विद्यार्थीहरुमा शिक्षाप्रतिको धारणा अझैपनि कमजोर रहेको र विभिन्न सामाजिक परिस्थितिका कारण अधिकांश विद्यार्थीहरुले परीक्षामा भाग नलिएको पाइयो । त्यसैगरी अध्ययनकै क्रममा विद्यालय छाड्ने दर पनि बढ्दो रुपमा रहेको छ । विद्यार्थीहरुको विद्यालय छाड्ने विवरणलाई तलको तालिकामा देखाइएको छ :

तालिका ७ विद्यालय छाड्ने विद्यार्थी विवरण

| क.सं | विद्यालयको नाम | कूल विद्यार्थी | | | परीक्षामा सम्मिलत | | | छाड्नेको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | शारदा नि.मा.वि. | १५ | ५ | २० | १० | २ | १२ | ५ | ३ | ८ |
| २ | शिक्षासदन मा.वि. | २३ | × | २३ | ९ | × | ९ | १४ | × | १४ |
| ३ | मच्छिन्द्र उ.मा.वि. | १८ | ७ | २५ | ११ | ३ | १४ | ७ | ४ | ११ |
| ४ | वीरेन्द्र मा.वि. | १४ | ५ | १९ | ६ | १ | ७ | ८ | ४ | १२ |
| जम्मा | | ७० | १७ | ८७ | ३६ | ६ | ४२ | ३४ | ११ | ४५ |
| विद्यालय छाड्ने प्रतिशत | | | | | | | | ४८.५७ | ६४.७० | ५१.७२ |

*स्रोत:विद्यालयको परीक्षा अभिलेख, जि.श.का. मोरङ्ग, २०६७ ।*

सहभागी विद्यार्थीहरुकै सरसल्लाह, उपयुक्ततामा कक्षा संचालन, समय निर्धारण गरी कार्यक्रम सञ्चालन गरिएको भएपनि ५१.७२% (४५ जना) ले कार्यक्रम को वीचैमा विद्यालय छाडेको देखिन आएको छ । विद्यालय छाड्नेहरुमा कुल ७० जनामध्ये ३६ जना छात्राले परीक्षामा सामेल भएको र वाँकी ३४ जना ४८.५७% ले विद्यालय छाडेका छन् । त्यस्तै कुल १७ जना छात्रमध्ये ६ जना परीक्षामा सामेल भएको र वाँकी ११ जना ६४.७०% ले विद्यालय छाडेको देखिनु कार्यक्रमको लागि चुनौती सृजना भएको देखिन्छ । यस तथ्याङ्कका आधारमा शिक्षालाई अझै आवश्यकताको सूचीमा राखी उपलब्धि हाँसिल गर्न अभिप्रेरित भएको भन्न सकिने अवस्था देखिएन ।

यस सम्बन्धमा अन्तरवार्ता तथा छलफलमा सहभागीहरुलाई सोधिएको विद्यालय छाड्ने कारण अन्तर्गत निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ८ बीचैमा विद्यालय छोड्नुको कारण

| क.सं. | अन्तरवार्ता संलग्न व्यक्ति | संख्या | प्रतिक्रिया | | |
|---|---|---|---|---|---|
| | | | गरिबी | समय निकाल्न गाह्रो | जनचेतनाको अभाव |
| १ | अभिभावक | २० | १५ | ३ | २ |
| २ | विद्यार्थी | २० | १५ | ५ | × |
| ३ | शिक्षक तथा प्र.अ. | १२ | ९ | ३ | × |
| ४ | वि.व्य.स. अध्यक्ष | ४ | ३ | १ | × |
| ५ | वि.नि. श्रोतव्यक्ति तथा कार्यक्रम संयोजक | ५ | ४ | १ | × |
| जम्मा | | ६१ | ४६ | १३ | – |
| प्रतिशत जम्मा | | १००% | ७५.४० | २१.३१ | ३.२७ |

*स्रोतः अन्तर्वार्ता तथा स्थलगत अध्ययन फारम, २०६८ ।*

गरिबीका कारणले विद्यालय छाड्नेहरु ७५.४०% भएको तथा समय निकाल्न गाह्रो भन्ने २१.३१% र जनचेतनाको अभावमा ३.२७% भन्ने सहभागीहरुको विचार देखिएकाले गरिबीनै मुख्य समस्या भएकोले विद्यालय छोड्नु परेको कारण सहभागीहरुले बताए ।

यसले के देखाउँछ भने विद्यार्थीहरुको प्रमुख समस्या गरिबी रहेको र गरिबीका कारण उनीहरु शिक्षामा समावेश हुन नसकेको पाइयो । विद्यार्थीहरुका लागि उनिहरुकै अनुकुलमा कक्षाहरु सञ्चालन गरिएको भए तापनि विद्यार्थीहरुको आर्थिक विवशता र रोजीरोटीको समस्याले गर्दा उनीहरुले काम गर्नुपर्ने र पढ्नेको लागि समय खर्च गर्न नसक्ने पाइयो । त्यसैगरी कतिपय विद्यार्थीहरुको गुनासो भने समय निकाल्न गाह्रो भएको कुरा बताए उनीहरुका अनुसार ५-१० मिनेट समय झिकेर नहुने र घण्टौसम्म समय निकाल्न गाह्रो हुने भन्ने कुरा बताए । त्यसैगरी अभिभावकको जनचेतनाको कमी भएकाले पनि कतिपयले विद्यालय छाड्नु परेको र अभिभावकले अह्राए बमोजिम काम गर्नुपरेको बताए । यसबाट के स्पष्ट हुन सकिन्छ भने विद्यार्थीहरु विभिन्न बाध्यता, विवशतामा अल्झिरहेका हुनाले उनीहरुले आफ्नो समय शिक्षामा सदुपयोग गर्न सकिरहेका छैनन ।

### ४.१.६.१ दलित विद्यार्थीको परीक्षा विवरण

कार्यक्रमको लक्षित समुहको सहभागिता र उपलब्धि के कस्तो रहेको छ भनी अध्ययनका क्रममा अवलोकन फारम अभिलेख अध्ययनवाट प्राप्त दलित जातिका विद्यार्थीहरुको परीक्षामा सम्मिलित, उतीर्ण % र विद्यालय छाड्नेहरुको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ९ दलित विद्यार्थीहरुको परीक्षा विवरण (दोस्रो तह)

| सि.नं. | विद्यालयको नाम | कूल विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | उत्तीर्ण संख्या | | | उत्तीर्ण प्रतिशत(%) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | शारदा नि.मा.वि. | २ | १ | ३ | २ | १ | ३ | २ | १ | ३ | १०० | १०० | १०० |
| २ | शिक्षासदन मा.वि. | ५ | × | ५ | ५ | × | ५ | ५ | × | ५ | १०० | × | १०० |
| ३ | मच्छिन्द्र उ.मा.वि. | ५ | २ | ७ | ५ | २ | ७ | ५ | २ | ७ | १०० | १०० | १०० |
| ४ | विरेन्द्र मा.वि. | × | १ | १ | × | १ | १ | × | १ | १ | १०० | १०० | १०० |
| जम्मा | | १२ | ४ | १६ | १२ | ४ | १६ | १२ | ४ | १६ | १०० | १०० | १०० |
| परीक्षामा सम्मिलित % र | | १०० | १०० | १०० | १०० | १०० | १०० | × | × | × | १०० | १०० | १०० |

*स्रोत: नमुना विद्यालयका परीक्षा अभिलेख तथा जि.शि.का. मोरङ्गको परीक्षा अभिलेख, २०६७।*

दोस्रो तहको परीक्षालाई विश्लेषण गर्दा विद्यालयमा अध्ययनरत सबै दलित विद्यार्थीहरु १००% सम्मिलित भई १००% उतीर्ण गरेको पाइयो । विद्यालय छाड्ने दलितहरु ०% पाइनु कार्यक्रमको प्रभावकारिताको हिसावले लक्षित समुहको उपलब्धि तथा आवश्यकता प्राप्तिका लागि कार्यक्रमले सहयोग पुऱ्याएको पाइयो । यस सम्वन्धी समूह छलफल गर्दा यी लक्षित समूहका दलित वर्गमा काम गर्ने संघसंस्थाको चेतनामूलक कार्यक्रमको परिणाम तथा उनीहरुको शिक्षा प्रतिको आकर्षण वढ्नु स्वयं उनीहरुमा आएको

चेतनाको परिणाम भएको कुरा छलफलका क्रममा शिक्षक अभिभावक तथा वि.नि. स्रोत व्यक्तिहरुले उक्त कुरा वताएको पाइयो ।

### ४.१.६.२ जनजाति विद्यार्थीहरुको परीक्षा सम्वन्धी विवरण

नमूनाका रुपमा लिइएका चारवटा विद्यालयको परीक्षासम्वन्धी अभिलेख अध्ययनवाट प्राप्त सूचना तथा तथ्याङ्कहरुका आधारमा जनजाति विद्यार्थीहरुको परीक्षामा सम्मिलित, उतीर्ण तथा विद्यालय छाड्नेहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

कुल ७१ जना जनजाति विद्यार्थीमध्ये ४१.३७% छात्रा (२४ जना) र १५.३८% (२ जना) जनजाति छात्रमात्र परीक्षामा सम्मिलित भई १००% उतीर्ण गरेको देखिन्छ । ५८.६२% (३४ जना) छात्रहरुले बीचैमा विद्यालय छाडेको देखिन्छ भने कुल १३ जना जनजाति छात्र तर्फ ८४.६१% (११ जना) ले विद्यालय छाडेको पाइयो । यस सम्बनधी तालिका अनुसूची ९ मा प्रस्तुत गरिएको छ ।

शिक्षाविद मास्लोद्वारा प्रतिपादित आवश्यकताको सिद्धान्त अनुसार शिक्षा आधारभूत आवश्यकताभित्र पर्छ । शिक्षाकै माध्यमबाट व्यक्तिले आफ्ना आवश्यकता परिपूर्ति गर्ने क्षमता विकास गर्न सक्दछ । तथापी शिक्षालाई अझै आवश्यकताको सूचीमा राखी क्षमता विकास स्वरोजगारीको सिर्जना गरी व्यक्तिले आफ्नो उपल्लोस्तरको आवश्यकता तथा उपलब्धि हाँसिल गर्न उत्प्रेरीत हुन सकेको देखिएन । त्यस्तै मैकलैण्डको उपलब्धि सिद्धान्त अनुसार पेशागत उन्नति, प्रगति र विकासमा विजय हाँसिल गर्न उपलब्धिको आवश्यकता पर्दछ । तर पनि यहाँ शिक्षा प्राप्त गर्न अभिप्रेरित भएको देखिएन ।

यससम्वन्धी अध्ययनका क्रममा समूह छलफलका सहभागीहरुलाई किन विद्यालय छाडेको सङ्ख्या वढी देखिएको ? भन्ने जिज्ञासामा ७५% सहभागी शिक्षक प्र.अ., वि.व्य.स. अध्यक्ष तथा स्रोतव्यक्ति तथा वि.नि. हरुले कार्यक्रमप्रति अझै विश्वास कायम गर्न नसकिएको, गरिबीका कारण अन्यत्र काममै व्यस्त रहनपर्ने र अव पढेर के हुन्छ भन्ने जनचेतनाको अभावले कक्षा छाड्ने दर बढी देखिन आएको भन्ने जवाफ आएवाट कार्यक्रममा समस्या तथा चुनौती थपिएको देखियो । यस सम्बन्धमा विद्यालय छाड्नेका कारण के हो भनी गरिएको अन्तरवार्ताको प्रतिक्रिया तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

## ४.१.७ विषयगत औषत सिकाई उपलब्धि दर

अनौपचारिक प्रौढ विद्यालयका रुपमा संचालनमा रहेका नि.मा.वि. स्तरको विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको बिषयगत सिकाई उपलब्धि दर के कति छ भनी अनुसन्धानात्मक प्रश्नहरु राखी गरिएको यस अध्ययनका क्रममा नमूना छनोटमा परेका विद्यालयहरुको परीक्षासम्बन्धी अभिलेख अध्ययनबाट प्राप्त सिकाई उपलब्धि विवरण विद्यालयगत र बिषयगत रुपमा प्रस्तुत गरिएको छ ।

तालिका १० बिषयगत औषत उपलब्धि दर

| सि.नं. | विद्यालयको नाम | लिङ्ग | बिषयगत प्राप्ताङ्क प्रतिशत | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | अंग्रेजी (%) | गणित (%) | नेपाली (%) | सामाजिक (%) | विज्ञान (%) |
| १ | शारदा नि.मा.वि. | छात्रा | ३३ | ३५ | ३४ | ३६ | ४० |
| | | छात्र | ३४ | ३८ | ३६ | ३७ | ४२ |
| २ | शिक्षा सदन मा.वि. | छात्रा | २२ | ३३ | ३४ | ३३ | ३४ |
| | | छात्र | × | × | × | × | × |
| ३ | मच्छिन्द्र उ.मा.वि. | छात्रा | ३२ | ३३ | ३३ | ३७ | ४१ |
| | | छात्र | ३३ | ३४ | ३६ | ३९ | ४० |
| ४ | वीरेन्द्र मा.वि. | छात्रा | ३२ | ३४ | ३३ | ३८ | ३९ |
| | | छात्र | ३३ | ३३ | ३६ | ४३ | ३८ |
| | जम्मा | छात्रा | ३२.२५ | ३३.७५ | ३३.५ | ३६ | ३९.५ |
| | | छात्र | ३२.६६ | ३५ | २६ | ३९.६६ | ४० |
| कूल औषत जम्मा % | | | ३२.४५ | ३४.३७ | ३४.७५ | ३७.८३ | ३९.२५ |

*स्रोत: विद्यालय परीक्षा अभिलेख र जि.शि.का मोरङ्ग, परीक्षा अभिलेख, २०६७ ।*

तालिका नं. ११ मा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययन गरी जिल्लास्तरीय कक्षा ८ अर्थात निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा २०६७ मा बिषयगत रुपमा प्रौढ विद्यार्थीहरुले प्राप्त गरेको मुख्य बिषयहरु अंग्रेजी, गणित, नेपाली, सामाजिक र विज्ञान विषयको मात्र सिकाई उपलब्धि दर प्रस्तुत गरिएको छ ।

बिषयगत सिकाई उपलब्धि विवरणअनुसार विज्ञान बिषयमा सबैभन्दा बढी उपलब्धि दर ३९.२५ प्रतिशत देखिन्छ भने छात्राले ३८.५ र छात्रले ४० प्रतिशतसम्म सिकाइ उपलब्धि दर हाँसिल गरेको छ । अंग्रेजी बिषयमा ३२.४५ प्रतिशत मात्र सिकाइ उपलब्धि दर रहेको देखिन्छ । यसमा छात्राको ३२.२५ प्रतिशत र छात्रको ३२.६६ प्रतिशत मात्र देखियो ।

समग्रमा निम्न माध्यमिक शिक्षा परीक्षा समिति मोरङ्गले निर्धारण गरेको सबै बिषयमा पास अंक ल्याउनु पर्ने अनिवार्य सर्तलाई मात्र यी विद्यालयका विद्यार्थीहरुले अंक हाँसिल गरेको पाइनुका पछाडि विद्यार्थीहरुको नियमिततामा कमि तथा शिक्षकलाई तालिमको अभाव, पाठ्यसामग्री समयमा उपलब्ध नहुनु जस्ता पक्ष जिम्मेवार भएको छलफलमा  सहभागीले बताए ।

म्याकलैण्डको उपलब्धिको सिद्धान्तअनुसार, व्यक्तिलाई आफूले गरेको कामबाट उपलब्धि हाँसिल भएमा थप चुनौती, प्रगति र विकास हाँसिल गर्ने तर्फ उन्मूख हुन्छन् र भाबी जोखिम पूर्ण, नयाँ रचनात्मक कार्य गर्न, निर्णय गर्न, व्यक्तिगत उत्तरदायित्वको बहन गर्न, दक्षतानुसार कार्य गर्न रुचाउने र कार्यमा पृष्ठपोषण चाहने हुन्छन् भने यस अध्ययनका क्रममा गरिएको अन्तरवार्ताका सहभागीहरुद्वारा विद्यार्थीको सिकाई उपलब्धि बढाउन पृष्ठपोषण जस्ता कार्यको अभाव भएको कुरालाई स्वीकार गरेको र विद्यार्थीलाई उत्तरदायित्व बोध गराउन, रचनात्मक कार्यमा मार्गदर्शनको अभाव महसुस गरेको पाइयो । त्यस्तै शिक्षालाई केवल आधारभूत आवश्यकताका सूचीमा मात्र राखेर यसका लागि गर्न पर्ने प्रयासहरु पूर्ण रुपले यी विद्यालयमा भए गरेको देखिएन ।

### ४.१.८ पाठ्य सामग्रीको उपलब्धता

राष्ट्रिय अनौपचारिक शिक्षा केन्द्रद्वारा संचालनमा रहेका प्रौढहरुका लागि संचालित अनौपचारिक विद्यालय कार्यक्रम संचालनका लागि तहगत रुपमा निम्न माध्यमिक स्तरको कक्षा ६, ७, ८ को औपचारिक पाठयक्रम अनुसार ३ बर्षको कोर्सलाई संश्लेषित कोर्ष (Condensed Course) का रुपमा तयार गरी २ वर्षमा नि.मा.वि. तह सम्पन्न गर्ने लक्ष्य अनुसार संचालनमा रहेका मोरङ्ग जिल्लाका अनौपचारिक प्रौढ विद्यालयहरुमा पाठयसामग्रीको उपलब्धताको स्थिति के कस्तो रहेको छ, उपयुक्त समयमा पाठ्यसामग्री विद्यार्थीले उपयोग गर्न पाएको छ छैन, ती पाठ्यसामग्रीले सिकारुको चाहना र आवश्यकतालाई समेट्न सकेको छ छैन, भन्ने सन्दर्भमा अध्ययनका क्रममा तयार गरिएको विद्यालय अवलोकन फारम, अन्तरवार्ता प्रश्नावली, समूह छलफल अन्तरक्रिया तथा

विद्यालयको अभिलेख अध्ययनबाट प्राप्त पाठ्यसामग्रीहरु केन्द्रद्वारा विद्यालयसम्म उपयुक्त समयमा प्राप्त हुने गरेको पाइएन । यस सम्बन्धमा सम्बन्धित विद्यालयका प्र.अ. शिक्षक, अभिभावक तथा विद्यार्थी, विद्यालय निरीक्षक, श्रोतव्यक्ति तथा कार्यक्रम संयोजक (जि.शि.का का पदाधिकारी) सँग गरिएको अन्तरवार्ता समूह छलफलका क्रममा सहभागीहरुले बताएका आधारमा अनौपचारिक प्रौढ विद्यालयको पाठयसामग्री समयमा उपलब्ध हुन नसकेको कुरा सबैले स्वीकार गरेको पाइयो । त्यस्तै पाठ्यसामग्री सिकारुको चाहना र आवश्यकता समेटने खालको छ छैन भन्ने जिज्ञासामा ७६% ले सकारात्मक उत्तर दिएका छन भने २०% ले मात्र पूर्ण रुपमा समेटन नसकेको बताए । सो सम्बन्धमा अन्तरवार्तामा सहभागीहरको प्रतिक्रिया निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ११ पाठ्यसामग्रीको स्तर, सिकारुको चाहना र आवश्यकतासम्वन्धी विवरण

| क.सं. | अन्तरवार्तामा संलग्न पक्ष | संख्या | प्रतिक्रिया | | | |
|---|---|---|---|---|---|---|
| | | | समेटेको छ | % | पूर्ण रुपमा समेटेको छैन | % |
| १ | शिक्षक | ८ | ६ | ७५ | २ | २५ |
| २ | प्र.अ. | ४ | ३ | ७५ | १ | २५ |
| ३ | श्रोतव्यक्ति, वि.नि. र संयोजक | ५ | ४ | ८० | १ | २० |
| जम्मा संख्या र % | | १७ | १३ | ७६.४७ | ४ | २३ |

*स्रोत: अन्तरवार्ता प्रश्नावली तथा छलफल, २०६८*

पाठ्यक्रम तथा पाठ्यसामग्रीले सिकारुको आवश्यकता र चाहनालाई पूर्ण रुपमा समेटेको छैन भन्नेमा शिक्षक २५%, प्र.अ. २५%, श्रोतव्यक्ति वि.नि. र कार्यक्रम संयोजक २०% को जवाफ प्राप्त भएको देखिन्छ । अत: कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न आवश्यक पाठ्यसामग्री समयमा उपलब्ध नहुनाले उद्देश्य अनुसार सिकाई उपलब्धि हाँसिल गर्न तथा शिक्षण सिकाई कार्य संचालन गर्न कठीन भएको कुरा समूह छलफलमा भाग लिने सबैको धारणा पाइयो ।

सिकारुको उपलब्धि तथा आवश्यकता परिपूर्तिका लागि साधनका रुपमा पाठ्यसामग्री व्यवस्था भएका हुन्छन ती पाठ्यसामग्रीको माध्यमबाट नैं सिकारुले आफ्नो

फुर्सदको समयमा समेत स्वअध्ययन गरी ज्ञान तथा सीप आर्जन गरी आफ्नो भावी जीविकोपार्जनका लागि मार्ग प्रशस्त गर्न सक्छन । पाठ्यसामग्री नैं समयमा उपलब्ध हुन सकेनन भने उपलब्धि हाँसिल गर्नमा समस्या उत्पन्न हुन्छ र आफ्ना थप आवश्यकताको परिपूर्तिमा व्यक्तिलाई बाधा पुग्न जाने देखिन्छ । यी अनौपचारिक विद्यालयको वर्तमान अवस्थाले यस्तै समस्याको संकेत गरेकोले कार्यक्रमको प्रभावकारितामा असर पुऱ्याएको देखिन्छ । पाठयसामग्री तथा शैक्षिक सामग्रीको समुचित प्रयोग भयो भने सिकारुको उपलब्धि हाँसिलमा सहयोग पुग्न जाने हुन्छ । अझ यस्ता विद्यालयहरु जहाँ सिकारुले पूर्ण समय दिन सकिरहेका छैनन्, त्यस्ता विद्यालयमा आधुनिक शैक्षिक सामग्रीहरु जस्तै श्रव्य दृश्य सामग्री, कम्प्युटर आदिको प्रबन्ध पनि हुन सकेको पाइएन ।

## ४.२ कार्यक्रमको प्रभावकारिता

शिक्षाको मूलधारबाट अलग भएका दलित, महिला, जनजातिलगायत अन्य पिछाडिएका वर्गहरु, जसले औपचारिक शिक्षाको कक्षा ५ उत्तीर्ण गरी निमावि तहमा भर्ना हुन सकेका छैनन् तथा निमावि कै कक्षामा अध्ययन गर्दागर्दै गरिबी, सानो उमेरमा विवाह एवम् वालश्रमिक भएका कारण पढाइ छुटेकाहरुका लागि पुनः शिक्षाको मूलधारमा समाहित गराई शिक्षा आर्जन गर्न अभिप्रेरित गर्ने कार्यक्रमको रुपमा राज्यद्वारा आ.व. २०६५/०६६ देखि खुला सिकाइको अवधारणाअनुसार प्रौढहरुका लागि अनौपचारिक विद्यालय कार्यक्रम सञ्चालन भएको छ, (अनौपचारिक प्रौढ विद्यालय संचालन निर्देशिका, २०६५) । यसरी सञ्चालनमा रहेका मोरङ जिल्लाका अनौपचारिक निम्न माध्यमिक प्रौढ विद्यालय कार्यक्रमको प्रभावकारिता के कस्तो रहेको छ भनी लेखाजोखा गरी कार्यक्रममा देखापरेका कमी कमजोरीहरु पत्ता लगाई आगामी दिनमा प्रभावकारी ढंगले कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रम चलेका मोरङ जिल्लाका ९ ओटा अनौपचारिक निम्न माध्यमिक तहका विद्यालयहरुमध्ये उद्देश्यमा आधारित नमूना छनौटमा परेका चारओटा विद्यालयहरुको अध्ययन गरिएको छ । नमूनामा परेका विद्यालयहरुको कार्यक्रम सञ्चालनको प्रभावकारिताको लेखाजोखा गर्न विद्यार्थी सहभागिता तथा कक्षा नियमितता, शिक्षक व्यवस्थापन तथा तालिम संचालन, कक्षा संचालन तथा व्यवस्थापन, पाठ्यक्रम तथा पाठ्य सामग्रीको स्तरीयता एवं सान्दर्भिकता, सिकाई उपलब्धि तथा उतीर्ण दर, माथिल्लो कक्षामा पहुँच, पठनपाठनका लागि योजना निर्माण, शिक्षक परामर्श सहयोग तथा समन्वय, कार्यक्रम निरीक्षण अनुगमन तथा पृष्ठपोषण जस्ता बुँदाहरुका आधारमा प्रौढ विद्यालयको

कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गरिएको छ । सो सम्बन्धमा अवलोकन फारम, सरोकारवालाहरुसँग गरिएको छलफल, अन्तर्वार्ता तथा विद्यालयमा भएका विभिन्न अभिलेख अध्ययन जस्ता साधनको प्रयोगबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई निम्नानुसार प्रस्तुत गरी विश्लेषण एवम् व्याख्या गरिएको छ :

### ४.२.१ विद्यार्थी सहभागिता तथा कक्षा नियमितता

नमूनामा परेका चारओटा विद्यालयहरुको विद्यार्थी विवरण/ अभिलेखअनुसार दलित र जनजाति समूहका मात्र छात्रछात्राहरुको सहभागिता देखिन्छ । जसअनुसार कुल ८७ जना सहभागी विद्यार्थीहरुमध्ये ७० जना छात्रा र १७ जना छात्र भर्ना भएको देखिन्छ । त्यसमध्ये १६ जना दलित (१२ छात्रा र ४ छात्र) र जनजातिका ७१ जना (५८ छात्रा र १३ छात्र) छात्रछात्रा देखिनुले कार्यक्रमले लक्षित गरेको वर्गका छात्रछात्रालाई सम्बोधन गर्ने प्रयास भएको देखिन्छ । त्यस्तै शिक्षा सदन मावि विराटनगरमा २३ जनामा छात्राहरु मात्र अध्ययनरत देखिनु र अन्य तीनओटै विद्यालयमा छात्राहरुकै बढी सहभागिता देखिएकोले पनि कार्यक्रमको प्रभावकारिता छ भन्न सकिन्छ ।

तर कक्षामा विद्यार्थी नियमितताको पक्ष भने सारै निराशाजनक भएको छलफल तथा अन्तर्वार्तामा संलग्न सबैको धारणा रहेको पाइयो । माथि तालिका ६ मा प्रस्तुत गरिएको तथ्यांक अनुसार ७० दिनभन्दा पनि कम उपस्थित हुनेहरुको संख्या कुल ८७ जनामा १७.१४% छात्रा (१२ जना) र कुल १७ छात्रहरुमा ३५.१९% (६ जना) देखिनु नियमितताको दृष्टिकोणले कार्यक्रमको प्रभावकारिता छ भन्न सकिन्न । त्यस्तै ७०- ९९ दिनसम्म उपस्थित हुनेहरुमा नै उल्लेख्य सङ्ख्या कुल ७० छात्रामध्ये ५३ जना (७५.७१%) छात्रा र कुल १७ छात्रमध्ये ९ जना ५२.९४% छात्र मात्रको उपस्थिति पनि न्यून देखिन्छ भने १००-१४० दिनसम्म उपस्थित हुनेमा ५ जना छात्रा ७.१४% र छात्रतर्फ कुल १७ जनामा २ जना ११.७६% छात्रको मात्र उपस्थिति भएको कारण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको देखिँदैन ।

माथि प्रस्तुत तथ्यांकअनुसार विद्यार्थीको उपस्थिति न्यून भएकाले मास्लोको आवश्यकता सिद्धान्तअनुसार शिक्षालाई अझै महत्व दिएर आफ्ना आवश्यकता श्रृंखलाअनुसारका आवश्यकताको प्राप्तिमा जोड दिएको देखिएन । यसका लागि मैकलैण्डको अभिप्रेरणा सम्बन्धी उपलब्धिको सिद्धान्तअनुसार विद्यार्थीलाई उत्प्रेरणा जगाउनु पर्दछ । तर

विद्यार्थी कक्षामा नियमित उपस्थिति हुन अभिप्रेरित भएको पाइएन । तसर्थ विद्यार्थी हाजिरीलाई मूल मुद्दाको रुपमा राखेर कार्यक्रम तर्जुमा गर्नु पर्ने देखिन्छ ।

विद्यार्थीको सिकाइ कार्यमा सहभागिता के कस्तो अवस्थामा रहेको छ भन्नेबारे शिक्षकहरुसँग जिज्ञासा राख्दा अनौपचारिक शिक्षामा सहभागीहरुले निर्धक्कसँग प्रश्न सोध्ने, छलफलद्वारा सिकाइ गर्न रुचाउने, अभ्यासद्वारा सिक्न खोज्ने, बढी जिज्ञासु भएको कुरा बताएको पाइयो । यसले सिकाइ कार्यमा सहयोग पुग्न गई उपलब्धि हासिल गर्न मद्दत पुऱ्याएको देखिन्छ ।

### ४.२.२ शिक्षक व्यवस्थापन तथा तालिम सञ्चालन

कार्यक्रमको कार्यान्वयनको महत्वपूर्ण अंग शिक्षकहरु हुन् । शिक्षकको अभाव भएमा पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि पूरा गर्न गराउन समस्या हुन्छ । तसर्थ कक्षा सञ्चालनका लागि यी अनौपचारिक निम्न माध्यमिक प्रौढ विद्यालयमा शिक्षकहरुको व्यवस्था के कस्तो छ ? उनीहरुलाई कक्षा सञ्चालनसम्बन्धी सीप विकासका लागि तालिमको व्यवस्था छ छैन, भन्नेबारे यस अध्ययनले चासो राखेर नमूनामा परेका विद्यालयमा रहेका शिक्षक हाजिरी विवरण अध्ययन तथा अन्तर्वार्तासमेतको आधारमा कार्यक्रमसँग सम्बन्धित शिक्षक सङ्ख्या र तालिमको अवस्थासम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्कअनुसार नमूनामा परेका क्रमशः शिक्षासदन मा.वि. विराटनगर, मच्छिन्द्र उ.मा.वि. केराबारी र वीरेन्द्र मा.वि. लखन्तरीमा ३, ३ जना गरी ९ जना र शारदा नि.मा.वि. कर्सियामा २ जना गरी ११ जना शिक्षकको व्यवस्था गरिएको देखिन्छ ।

कार्यक्रम नयाँ खुला सिकाइको अवधारणाअनुसार चलाउन यससम्बन्धी शिक्षकलाई तालिमको व्यवस्था भने गरेको पाइएन । उक्त कुरा अन्तर्वार्ता र समूह छलफलमा महत्वका साथ उठेको पाइयो । अन्तर्वार्तामा संलग्न प्र.अ., शिक्षक, निरीक्षक, स्रोतव्यक्ति तथा जि.शि.का. को कार्यक्रम संयोजकसमेत १००% ले यी कक्षाका शिक्षकले तालिम नपाएको कुरा बताए । यस सम्बन्धमा अन्तरवार्तामा सहभागीहरुको प्रतिक्रिया निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १२ तालिमको व्यवस्थासम्बन्धी प्रतिक्रिया विवरण

| क.सं. | अन्तरवार्तामा संलग्न | संख्या | प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | छ | % | छैन | % | व्यवस्था छ तर प्रदान गरिएको छैन | % |
| १ | शिक्षक | ८ | × | ०% | ८ | १०० | | |
| २ | प्र.अ. | ४ | × | ०% | ४ | १०० | | |
| ३ | श्रोतव्यक्ति, वि.नि. र | ४ | × | ०% | | | ४ | १०० |
| ४ | कार्यक्रम संयोजक | १ | × | ०% | | | १ | १०० |
| जम्मा संख्या र % | | १७ | | ०% | १२ | १०० | ५ | १०० |

*स्रोतः अन्तर्वार्ता प्रश्नावली तथा छलफल, २०६८ ।*

अध्ययनका क्रममा शिक्षकहरुको लागि तालिमको व्यवस्था भएको छैन भन्नेमा शिक्षक र प्र.अ. हरु शतप्रतिशत को भनाई रहेको छ भने तालिमको व्यवस्था छ तर प्रदान गरिएको छैन भन्नेमा वि.नि. श्रोत व्यक्ति र कार्यक्रम संयोजक शतप्रतिशतको भनाई रहेको पाइयो । शिक्षण सिकाइ कार्य सक्षमतापूर्वक एक तालिम प्राप्त शिक्षकले जति आत्मबलका साथ सञ्चालन गर्न सक्दछ, उति नै तालिम अप्राप्त शिक्षकले मात्रात्मक हिसाबमा सकिँदैन भन्ने तर्क समूह छलफलका सहभागीहरुको रहेको पाइयो ।

म्याकलैन्डको उपलब्धिको सिद्धान्तअनुसार विद्यार्थीलाई प्रगति विकास, उन्नतितर्फ डोऱ्याउन आवश्यक हुन्छ । उनीहरुलाई उपलब्धिको आवश्यकता पर्दछ र उपलब्धि हात लागेमा सिकाइ कार्यका लागि थप अभिप्रेरणा प्राप्त हुन्छ भने सिकाइ उपलब्धिलाई आत्मसात् गर्दै व्यक्तिका आवश्यकताहरु झन्झन् बढ्दै जान्छ र माथिल्लो तहको आवश्यकता प्राप्ति तर्फ व्यक्तिले चाहना गर्दछ भन्ने सिद्धान्तकार अब्राहम मास्लोको सिद्धान्तअनुसार यी कक्षामा सहभागी हुन आएका विद्यार्थीलाई तालिमप्राप्त शिक्षकको अभावमा माथिल्लो स्तरको आवश्यकता प्राप्ति तथा निर्दिष्ट उद्देश्यहरु प्राप्तिमा समस्या हुने देखिन्छ ।

नमूना छनौटमा परेका विद्यालयहरुको अवस्था हेर्दा प्रभावकारी शिक्षणलाई टेवा पुऱ्याउने कार्यमा समस्या रहेकोले कार्यक्रम प्रभावकारी छ भन्न सकिने अवस्था देखिँदैन । एकातिर छात्राहरुको कक्षामा उल्लेख्य संख्या रहेको छ भने सबै पुरुष शिक्षकहरु मात्र विद्यालयमा कार्यरत रहनुले महिला शिक्षिकाको व्यवस्था गर्न सकेको देखिदैन । कक्षामा नियमित विद्यार्थी उपस्थिति बढाउन खासगरी छात्राहरुका लागि महिला शिक्षकको समेत व्यवस्था भएको खण्डमा छात्राहरुको उपस्थिति बढ्न जाने कुरा छलफलमा सहभागीहरुले बताए ।

## ४.२.३ कक्षा सञ्चालन तथा व्यवस्थापन

पाठ्यक्रम, पाठ्यपुस्तकले प्रदान गर्न खोजेका सिकाइ उपलब्धिहरु लक्षित समूहमा पुऱ्याउन नियमित कक्षा सञ्चालन तथा अन्य भौतिक एवं मानवीय स्रोत साधनको समुचित प्रयोग हुनुपर्दछ । त्यसका लागि कार्यरत मानवीय स्रोत साधनको परिचालन कसरी भएको छ ? नियमित कक्षा सञ्चालनको अवस्था के कस्तो छ ? कक्षा सञ्चालनका लागि महत्वपूर्ण भौतिक पक्षको व्यवस्थापन कसरी भएको छ ? यी प्रश्नहरुमा केन्द्रित भएर अध्ययनका क्रममा गरिएको विद्यालय अवलोकन, अन्तर्वार्ता प्रश्नावली तथा विद्यालयको स्थलगत भ्रमण गरी विद्यालयको शिक्षक हाजिरी पुस्तिका अध्ययन गर्दा नमूनामा परेका अनौपचारिक निम्न माध्यमिक प्रौढ विद्यालयको कक्षा सञ्चालन प्रक्रिया तथा भौतिक पक्षको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.२.३.१ कक्षा सञ्चालन

यी विद्यालयहरुको शिक्षक उपस्थिति विवरण हेर्दा १८० दिन शिक्षकहरु हाजिरी भएको देखिन्छ । शिक्षक हाजिरी हेर्दा १८० दिन शिक्षकहरु उपस्थित भएकोमा तालिका ६ मा प्रस्तुत विद्यार्थी हाजिरीको आधारमा पढाइ भएको दिन कम भएको देखिन्छ । यस सम्बन्धी शिक्षक र प्र.अ. वि.व्य.स. अध्यक्षहरु तथा अभिभावक र विद्यार्थीसहितको समूह छलफलमा शिक्षकले विद्यार्थी नियमित नहुनाले पठनपाठनमा अवरोध पुऱ्याएको बताए भने राम्ररी कक्षा सञ्चालन नै नभएको ६०% अभिभावकको गुनासो रहेको पाइयो । त्यस्तै विद्यार्थीहरु ५०% ले पनि कक्षा सञ्चालन नियमित नभएको बताए । त्यस्तै वि.नि. श्रोतव्यक्ति मध्ये ७५% ले कक्षा नियमित भएको बताएभने बाँकी २५ प्रतिशत ले कक्षा नियमित नभएको बताए । सो सम्बन्धी अन्तरवार्ता तथा छलफलमा सहभागीहरुलाई सोधिएको प्रश्नको प्रतिक्रिया निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १३ कक्षा नियमित संचालन भएको नभएको विवरण

| क.सं. | अन्तरवार्तामा संलग्न | संख्या | प्रतिक्रिया | | | |
|---|---|---|---|---|---|---|
| | | | नियमित छ | % | नियमित छैन | % |
| १ | विद्यार्थी | २० | १० | ५० | १० | ५० |
| २ | अभिभावक | २० | ८ | ४० | १२ | ६० |
| ३ | शिक्षक/प्र.अ. | १२ | ८ | ६६ | ४ | ३३ |
| ४ | वि.व्य.स. अध्यक्ष | ४ | ३ | ७५ | १ | २५ |
| ५ | वि.नि. श्रोतव्यक्ति संयोजक | ४ | ३ | ७५ | १ | २५ |
| *जम्मा संख्या/%* | | *६१* | *३२* | *५२.४५* | *२८* | *४५.९०* |

*स्रोतः अन्तर्वार्ता प्रश्नावली तथा छलफल, २०६८ ।*

सहभागीहरुको प्रतिक्रिया अनुसार विद्यालय नियमित संचालन भएको छ भन्नेमा विद्यार्थी ५०%, अभिभावक ४०%, शिक्षक,प्र.अ. ६६%, अध्यक्ष ७५% र वि.नि. श्रोतव्यक्ति मध्ये ७५% देखिन्छ। भने छैन भन्नेमा विद्यार्थी ५०%, अभिभावक ६०%, शिक्षक,प्र.अ. ३३%, अध्यक्ष २५% र वि.नि / श्रोतव्यक्ति र कार्यक्रम संयोजक २५% रहेका छन् । यसबाट विद्यालय नियमित नभएको तर्फ ४५.९०% देखिन्छ।

तसर्थ यी कक्षाहरुको सञ्चालन नियमित रुपमा गर्न सबैले जिम्मेवारी बोध गरेर कार्यक्रममा सहभागिता जनाउन पर्ने अनि मात्र कार्यक्रम प्रभावकारी हुने कुरा बताएको पाइयो।

### ४.२.३.२ कक्षा व्यवस्थापन

नमूना छनौटमा परेका विद्यालयहरुको स्थलगत अवलोकनका क्रममा यस्ता अनौपचारिक प्रौढ विद्यालय कार्यक्रम चलेका कक्षाकोठाहरु अन्य औपचारिक कक्षाको जस्तो आकर्षक रुपमा सजावट गरेको देखिएन भने कक्षाकोठाको अभावलाई पनि समस्याको रुपमा अन्तर्वार्तामा सहभागीहरुले बताए। नमूना छनौटमा परेका विद्यालयहरुमध्ये श्री शिक्षासदन मा.वि. र वीरेन्द्र मा.वि. लखन्तरी हाल निजी स्रोतमा कक्षा सञ्चालन गर्ने अनुमति मात्र भएका विद्यालय भएकाले औपचारिक शिक्षाका विद्यार्थीहरुलाई नै कक्षाकोठा अभाव भइरहेको अवस्था हुँदाहुँदै थप भौतिक समस्या रहेको छलफल तथा अन्तर्वार्तामा विद्यालयका शिक्षक,

प्र.अ. तथा वि.व्य.स. अध्यक्षहरुको भनाइ रहेको देखियो । तसर्थ यी कक्षाहरु प्रभावकारी रुपमा चलाउन अवरोध पुगेको पाइयो ।

कक्षाकोठा व्यवस्थित भयो भने पठनपाठनमा अभिप्रेरणा जाग्ने तथा उपलब्धि हासिल गर्न सघाउँ पुग्ने र नियमित कक्षा सञ्चालन गर्दा मात्र सिकाइ उपलब्धि हासिल गराउन आवश्यक क्रियाकलाप सञ्चालन गर्न सकिने हुन जान्छ । अतः कक्षाकोठाको अभावले म्याकलैण्डको उपलब्धिको सिद्धान्तअनुसारको प्रगति, उन्नति तथा उपलब्धि हासिल गर्न, आवश्यकता परिपूर्ति गर्न असर पुऱ्याउने भएकोले कक्षाकोठा व्यवस्था र नियमित कक्षा सञ्चालनद्वारा विद्यार्थीको आवश्यकता तथा उपलब्धि प्राप्तिमा बाधा पुग्न गएको देखिन्छ ।

## ४.२.४ पाठ्यक्रम तथा पाठ्यसामग्रीको स्तरीयता एवं सान्दर्भिकता

अनौपचारिक तरिकाले पनि खुला सिकाइको कार्यक्रममा सहभागी भएर आफ्ना व्यक्तित्व विकास एवं क्षमता र योग्यता बढाउन सकिन्छ । २१ औं शताब्दीका लागि आवश्यक जनशक्ति विकास गर्न अनौपचारिक शिक्षाको पाठ्यक्रम एवं पाठ्यसामग्री विकास गरिएको छ । ती पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि अनुसार पाठ्यविषयहरु तयार गरी शिक्षाको मूलधारमा समाहित हुन नसकेको वर्गलाई सम्बोधन गर्न यो कार्यक्रम लागू गरिएको हो, (प्रौढ विद्यालय संचालन निर्देशिका २०६५) । प्रौढहरुका लागि अनौपचारिक विद्यालय कार्यक्रममा संलग्न नमूना छनौटमा परेका विद्यालयहरुमा कार्यान्वयनमा ल्याइएको पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तरसम्बन्ध,, स्तरीयता तथा सहभागीहरुको इच्छा, चाहना तथा क्षमताअनुसार एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको युगअनुसारको आवश्यकतालाई ध्यान दिई तयार गरिएको छ छैन भन्नेबारे अध्ययनका क्रममा अन्तर्वार्तामा सामेल भएका प्र.अ. शिक्षक, अभिभावक, निरीक्षक एवं स्रोतव्यक्तिहरुको जवाफका आधारमा ७६.४७% सहभागीहरुले सिकारुको चाहना, रुचि र स्तरअनुसारको छ भन्ने भनाइ रहेको पाइयो भने २३% ले केही हदसम्म मात्र प्रयास भएको बताए । सो सम्बन्धमा अन्तरवार्ता र छलफलमा सहभागीहरुसँग राखिएको जिज्ञासामा सहभागीहरुको प्रतिक्रियालाई माथि तालिका नं. १२ मा प्रस्तुत गरिएको छ ।

त्यस्तै विषयवस्तुका सन्दर्भमा विषयगत पाठहरुको शीर्षक प्रौढहरुको व्यवहारमा लागू हुने खालका र पाठगत अभ्यासहरुसमेत प्रौढ व्यवहारअनुसारको भएको कुरा

सहभागीहरुले बताए । यस्ता विषयवस्तुबाट प्राप्त ज्ञान, सीप र अभिवृद्धि विकास गर्न अनौपचारिक प्रौढ विद्यालयमा प्रयोग गरिएका पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई समयअनुसार परिमार्जन गर्दै लान पनि उनीहरुको सुझाव प्राप्त भएको छ ।

अध्ययनका क्रममा मार्गदर्शक सिद्धान्तका रुपमा लिइएको अब्राहक मास्लो र म्याकलैन्डको अभिप्रेरणा सम्बन्धी सिद्धान्तअनुसार उपलब्धि र आवश्यकता परिपूर्तिका लागि प्रयोगमा ल्याइएको पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारिता सन्दर्भमा स्तर अनुसार हुँदा उपलब्धि हाँसिल गर्न सहज हुने र एउटा उपलब्धि तथा आवश्यकता परिपूर्ति भएपछि अर्को उपलब्धिका लागि प्रयास जारी रहने भएकोले यी सिद्धान्त नजिक भएर पाठ्यसामग्री व्यवस्था भएको देखिन्छ ।

### ४.२.५ सिकाइ उपलब्धि तथा उत्तीर्ण दर

कार्यक्रम कार्यान्वयनको प्रभावकारिता भन्नु नै कार्यक्रमद्वारा लक्षित वर्गले के कस्तो सफलता हासिल गर्न सक्यो भन्नेसँग सम्बन्धित हुन्छ । नमूना छनौट गरी अध्ययन गरिएका चारओटा विद्यालयहरु जहाँ अनौपचारिक निम्न माध्यमिक कक्षा चलेका छन्, ती विद्यालयको अभिलेख अध्ययन तथा विद्यालय अवलोकन फारमका आधारमा तालिका नौ मा प्रस्तुत तथ्यांकअनुसार परीक्षामा सामेल भएका सतप्रतिशत विद्यार्थी सफल भएकोले कार्यक्रमको प्रभावकारिता देखिए तापनि विषयगत औसत सिकाइ उपलब्धि दर जम्मा ३५.७३ (अंग्रेजी, गणित, नेपाली, सामाजिक र विज्ञान) रहेको छ । त्यसमध्ये सबभन्दा कम विषयगत उपलब्धि दर अंग्रेजी विषयमा ३२.४५% र विज्ञानमा सबभन्दा बढी ३९.२५% रहेको छ । यसले गर्दा अंग्रेजी विषयलगायत अन्य सबै विषयमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि न्यून भएको देखिन्छ । यस सम्बन्धमा छलफलका क्रममा सहभागी अभिभावकहरुलाई विद्यार्थीको सिकाइप्रति सन्तुष्ट हुनुहुन्छ भनी सोधिएको प्रश्नको जवाफमा ४०% ले मात्र केही हदसम्म सन्तुष्ट भएको बताए भने ६०% ले सन्तुष्टि प्रकट गरेको पाइएन । यस सम्बन्धमा अन्तरवार्ता प्रश्नावलीको प्रयोग गर्दा प्राप्त सहभागीहरुको प्रतिक्रिया निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४ विद्यार्थीको सिकाई उपलब्धि प्रति सन्तुष्ट, असन्तुष्ट विवरण

| क.सं. | अन्तर्वार्तामा संलग्न | संख्या | प्रतिक्रिया | | | |
|---|---|---|---|---|---|---|
| | | | सन्तुष्ट | % | असन्तुष्ट | % |
| १ | विद्यार्थी | २० | ८ | ४० | १२ | ६० |
| २ | अभिभावक | २० | ८ | ४० | १२ | ६० |
| | शिक्षक/प्र.अ. | १२ | ५ | ४२ | ७ | ५८ |
| *जम्मा / प्रतिशत* | | *५२* | *२१* | *४०.३८* | *३१* | *५९.६१* |

*स्रोतः अन्तर्वार्ता प्रश्नावली तथा छलफल, २०६८ ।*

सहभागीहरुको प्रतिक्रिया अनुसार विद्यार्थीको सिकाई उपलब्धि प्रति सन्तुष्ट हुनेहरुमा विद्यार्थी ४०%, अभिभावक ४०% र शिक्षक/प्र.अ. ४२% रहेको छ भने असन्तुष्ट भन्नेमा विद्यार्थी ६०%, अभिभावक ६०% र शिक्षक/प्र.अ. ५८% रहेको छ ।

उपलब्धि भनेको केवल जाँचमा पास हुनुमात्र होइन, त्यसलाई व्यवहारमा समेत उतार गर्न सक्ने हुनु हो भन्ने तर्क सहभागीहरुको पाइयो । तसर्थ सिकाइ उपलब्धि वृद्धि गर्न नियमित पठनपाठनको आवश्यकता पर्दाछ, यसका लागि विद्यार्थी नियमितता, अभिभावकको चासो वृद्धि हुनुपर्ने, शिक्षक, अभिभावक, भेटघाट, छलफल, अन्तरक्रिया तथा उपयुक्त भौतिक व्यवस्थापन, शैक्षिक सामग्री, व्यवस्थापन जस्ता पक्षले कार्यक्रमको प्रभावकारिता बढाउन मद्दत पुग्ने कुरा सहभागीले बताए ।

### ४.२.६ माथिल्लो कक्षामा पहुँच

अनौपचारिक निम्न माध्यमिक विद्यालयको दोस्रो तहको अन्तिम परीक्षा जिल्लास्तरीय रुपमा सञ्चालन गरिने प्रावधान रहेको छ, (प्रौढ विद्यालय संचालन निर्देशिका,२०६५) । नमूनामा परेका विद्यालयहरुको दोस्रो तहमा उत्तीर्ण गरी पुनःऔपचारिक शिक्षाको माथिल्लो तहमा भर्ना हुने क्रम कस्तो छ वा कति संख्यामा शिक्षाको मूलधारमा प्रवेश गर्न सकेका छन् भनी अनुसन्धानका क्रममा अत्यन्त न्यून संख्याले मात्र कक्षा ९ मा भर्ना भएको सूचना अन्तर्वार्तामा सहभागीहरुले बताए ।

दोस्रो तहको परीक्षामा कुल ८७ जना (७० छात्रा र १७ छात्र) मध्ये केवल ३६ छात्रा र ६ छात्रले मात्र परीक्षामा सामेल भई १००% उत्तीर्ण गरेको देखिन्छ भने ४२ जनामा कक्षा ९ को पढाइमा संलग्न हुने कुल ८ जना पाइयो । ती ८ जनामा पनि निम्नानुसारका

संख्यामा विद्यालयको औपचारिक कक्षामा भर्ना भएको अवलोकन फारम अन्तर्वार्तामा सहभागीको जवाफ अनुसार तथा विद्यालयको भर्ना रजिष्टर अध्ययन गर्दा पाइएको छ :

तालिका १५ औपचारिक विद्यालयको कक्षा ९ भर्ना भएका विद्यार्थी संख्या विवरण

| क्र. सं. | विद्यालयका नाम | जम्मा | छात्रा | छात्र | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शारदा नि.मा.वि. | २० | २ | १ | ३ | १५% | छिमेकी मा.वि.मा अध्ययन गरेको |
| २ | शिक्षा सदन मा.वि. | २३ | १ | | १ | ५% | आफ्नै विद्यालयमा भर्ना भएको । |
| ३ | मच्छिन्द्र उ.मा.वि. | २५ | २ | १ | ३ | १२% | आफ्नै विद्यालयमा भर्ना भएको । |
| ४ | वीरेन्द्र मा.वि | १९ | | १ | १ | ५.२६% | आफ्नै विद्यालयमा भर्ना भएको । |
| जम्मा,संख्या र प्रतिशत | | ८७ | ५ | ३ | ८ | ९.१९% | |

*स्रोतः विद्यार्थी भर्ना रजिष्टर र अवलोकन फारम, २०६८ ।*

अध्ययनका क्रममा दोस्रो तहको परीक्षामा उत्तीर्ण हुने ५ छात्रा र ३ छात्र गरी जम्मा ८ जनाले मात्र सोही विद्यालय तथा अन्यत्र भर्ना भएको तथ्यांकले देखाएको छ । यसरी कार्यक्रमले लक्षित गरेका विद्यार्थीहरु अनौपचारिक शिक्षाको माध्यमबाट पुनः शिक्षाको मूलधारमा प्रवेश गर्नेको संख्या अत्यन्त न्यून अर्थात् ९.१९% मात्र देखिन्छ । तालिकाअनुसार शारदा नि.मा.वि.मा २० जनामा ३ जना १५%, शिक्षा सदन मा.वि.मा २३ जनामा १ जना ५%, मच्छिन्द्र उ.मा.वि.मा २५ जनामा ३ जना १२% तथा वीरेन्द्र मा.वि.मा १९ जनामा १ जना ५.२६% रहेको छ ।  कार्यक्रमको लक्ष्य भनेको उत्तीर्ण भएकाहरु सबैलाई शिक्षाको माथिल्लो तहमा पढाइ निरन्तरता प्रदान गर्न अभिप्रेरित गर्नु हो । पास भएका सबै विद्यार्थीले कक्षा ९ मा भर्ना हुन नसके पनि अधिकांशलाई माथिल्लो तहको कक्षा प्रवेश गराई उपलब्धि हाँसिल गर्नु कार्यक्रमको प्रभावकारिताको उदाहरण हो भने यी नमूनामा परेका विद्यालयहरुकै मात्र विद्यार्थी प्रवाह विवरण हेर्दा पनि सन्तोष गर्ने अवस्था रहेको पाइएन । तसर्थ यहाँ कार्यक्रम पश्चात् व्यापक प्रचारप्रसार गरी थप शिक्षा आर्जन गर्न अभिप्रेरित गरेको अवस्था देखिएन ।

मास्लोको सिद्धान्तअनुसार एउटा आवश्यकताको प्राप्तिपछि व्यक्ति पुनः माथिल्लो श्रेणीको आवश्यकता प्राप्तिका लागि अभिप्रेरित हुन्छ भन्ने कुरालाई यहाँ आत्मसात् सबैले गर्न नसके पनि थोरै संख्याले सो कुराको पुष्ट्याई प्रदान गरेका छन् भने म्याकलैन्डको

उपलब्धिको सिद्धान्तअनुसार पनि थप प्रगतिका लागि केवल थोरै संख्यामा मात्र उपलब्धि प्राप्तिपछि अन्य प्रगतिका लागि अभिप्रेरित भएको सन्दर्भ यहाँ स्पष्ट हुन्छ ।

### ४.२.७ पठनपाठनका लागि योजना निर्माण

सामान्यतयाः २ घण्टाको सम्पर्क कक्षाको रुपमा यी अनौपचारिक निम्न माध्यमिक विद्यालयमा पठनपाठन कार्य गरेको देखिन्छ । यसका साथै विद्यार्थीको सिकाइमा प्रभावकारिता ल्याउन विभिन्न शैक्षिक सामग्री लगायत अन्य सन्दर्भसामग्रीहरु समेतको प्रयोग गरी सहभागी विद्यार्थीहरुलाई स्वाध्ययन सामग्री अध्ययन गर्ने तर्फ उत्प्रेरित गरेर तथा सोअनुसारका सामग्री व्यवस्थापन गरेर सिकाइ कार्य प्रभावकारी बनाउन सकिन्छ । यस सम्बन्धमा नमूना छनौटमा परेका विद्यालयहरुले के कस्तो व्यवस्थापन कार्य गरेको छ भन्ने जिज्ञासा राख्दा अन्तर्वार्तामा सहभागीको जवाफ तथा स्थलगत अवलोकनका क्रममा ती विद्यालयहरुमा विद्यार्थीको सिकाइ कार्यमा सहयोग पुऱ्याउने सन्दर्भ सामग्रीहरुको उपयोग गरेको स्थिति देखिएन । त्यस्तै अन्य शैक्षणिक सामग्रीसमेतको सही उपयोग गरेको पाइएन । शिक्षक कक्षाकोठामा शिक्षण गर्न जाँदा शैक्षिक सामग्रीको साथमा जाने र दैनिक कार्ययोजनाअनुसार क्रियाकलाप गर्ने गरेको कुरा स्वयं शिक्षक विद्यार्थी र प्र.अ. सँगको अन्तर्वार्तासमेतको नकारात्मक जवाफ पाइनुले कार्यक्रम प्रभावकारी रुपले सञ्चालन भइरहेको अवस्था देखिँदैन । अन्तर्वार्तामा सहभागी सरोकारवालाहरुमध्ये करिब ६०% ले पाठयोजना निर्माण गर्ने गरेको छैन भन्ने जवाफ दिएकोले सो कुराको पुष्टि गर्दछ । सो सम्बन्धमा अन्तर्वार्ता तथा छलफलका क्रममा सहभागीहरुद्वारा प्राप्त प्रतिक्रिया निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १६ पठनपाठन सम्बन्धी योजना निर्माण परामर्श, छलफल विवरण

| क्र.सं. | संलग्न व्यक्ति | संख्या | प्रतिक्रिया | | | |
|---|---|---|---|---|---|---|
| | | | छ | % | छैन | % |
| १ | अभिभावक | २० | ५ | ४० | १५ | ६० |
| २ | शिक्षक र प्र.अ. | १२ | ५ | ३३ | ७ | ६६ |
| ३ | वि.नि., श्रोतव्यक्ति तथा संयोजक | ५ | ३ | ४० | २ | ६० |
| ४ | अध्यक्षहरु | ४ | ३ | ५० | १ | ५० |
| जम्मा / प्रतिशत | | ४१ | १६ | ३९ | २५ | ६०.९० |

*स्रोतः अन्तर्वार्ता प्रश्नावली तथा छलफल, २०६८ ।*

सहभागीहरुको प्रतिक्रियाअनुसार पठनपाठनसम्बन्धी योजना निर्माण तथा परामर्श र छलफल हुने गरेको छ भन्नेमा अभिभावक ४०%, शिक्षक र प्र.अ. ३३%, वि.नि. श्रोतव्यक्ति ४०% र अध्यक्ष ५०% ले सकारात्मक जवाफ दिएका छन भने बाँकी ६०% ले नकारात्मक जवाफ दिएका छन् । तसर्थ सिकाई कार्यमा प्रभावकारिता ल्याउन नियमित पठनपाठन एवं योजनाबद्ध शिक्षण हुन आवश्यक छ । यी विद्यालयहरुमा एकातिर शिक्षकलाई तालिमको व्यवस्था नै हालसम्म भएको छैन भने शिक्षण सामग्री एवं अन्य सन्दर्भसामग्री व्यवस्थापनतर्फ सोच विकास भएको देखिएन ।

### ४.२.८ शिक्षक परामर्श, सहयोग तथा समन्वय

कुनै पनि कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न त्यहाँ कार्यरत व्यक्तिहरुबीच निरन्तर परामर्श, सहयोग आदानप्रदान तथा समन्वयकारी भूमिका निर्वाह भएको हुनुपर्दछ । यसो हुन सकेमा मात्र कुनै पनि संस्थाको संस्थागत विकास एवं संस्थाद्वारा सञ्चालित कार्यक्रम सफल हुन्छ । यसै सन्दर्भमा नमूना छनौट गरी अध्ययन गरिएका विद्यालयहरुमा शिक्षक परामर्श, छलफल, सहयोग तथा समन्वयको अवस्था के कस्तो छ भनी शोधकार्यका क्रममा गरिएको अन्तर्वार्ता तथा समूह छलफलका क्रममा यस्तो कार्य नगण्य मात्रामा हुने गरेको भन्ने उत्तर दिने अभिभावक, शिक्षक, प्र.अ. लगायत अन्य सरोकारवालाहरु वि.नि., स्रोतव्यक्ति ६०% देखियो । कक्षा सञ्चालनसम्बन्धी शिक्षक परामर्श, अभिभावकलाई सूचना सम्प्रेषण, समयावधि, कक्षा सञ्चालन, समय निर्धारण तथा स्थानका बारे प्र.अ. बाट कक्षा सञ्चालन हुनुपूर्व १ पटक मात्र गरेको भन्ने छलफल तथा अन्तर्वार्तामा संलग्न सरोकारवालाहरुले बताएको पाइयो । यसबाट कार्यक्रम प्रभावकारी बनाउन आवश्यक व्यवस्थापकीय कार्यका लागि वि.व्य.स. पदाधिकारी, अभिभावक, शिक्षक, विद्यार्थीबीच परामर्श, छलफल जस्ता कार्यलाई बढावा दिन र कार्यक्रमप्रति सबैसँग समन्वय गर्न यी विद्यालयहरुको समन्वयकारी भूमिका हुन नसकेको कुरा समेत छलफलका क्रममा उठाइएको पाइयो । तसर्थ यी अनौपचारिक विद्यालयहरुको प्रभावकारिताका लागि प्रचारप्रसार गरी विद्यालयको पढाइबाट विमुख भएकाहरुलाई कक्षामा भर्ना गरी नियमित पठनपाठनको माध्यमबाट नि.मा. तहको अनौपचारिक शिक्षापश्चात् पुनः माथिल्लो कक्षामा भर्ना गरी अध्ययन कार्यमा नियमितता प्रदान गर्न प्रोत्साहित गर्न सकेको पाइएन ।

## ४.२.९ कार्यक्रम निरीक्षण, अनुगमन तथा पृष्ठपोषण

कुनै पनि कार्यक्रम कार्यान्वयनको तहमा कसरी सञ्चालन भइरहेको छ ? कार्यक्रमको उद्देश्य लक्ष्यअनुसार कार्यान्वयन भएको छ छैन? यदि कार्यान्वयन लक्ष्यअनुसार भएको छैन भने, किन ? के गर्दा कार्यक्रम प्रभावकारी रुपमा सचालन गर्न सकिन्छ ? उपलबिध स्तर कस्तो छ ? यसको प्रभाव कस्तो छ ? भन्ने सम्बन्धमा स्पष्ट जानकारी प्राप्त गरी कार्यक्रममा थप सुधारको आवश्यकता भए सुधारसहित कार्यान्वयनमा प्रभावकारिता ल्याउन निरीक्षण, अनुगमन तथा पृष्ठपोषणको जरुरत पर्दछ । यसै सन्दर्भमा नमूना छनौट गरी अध्ययन गरिएका विद्यालयहरुको अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमको प्रभावकारिता के कस्तो रहेको छ? कार्यक्रम कार्यान्वयनका क्रममा सम्बन्धित निकाय, व्यक्ति तथा संघसंस्थाहरुले निरीक्षण अनुगमन, तथा पृष्ठपोषण प्रदान जस्ता कार्य के कति गर्ने गरेका छन् भनी अन्तर्वार्ता, समूह छलफल तथा अवलोकन फारम र विद्यालयमा रहेको निरीक्षण अनुगमन पुस्तिका अध्ययन गर्दा यी विद्यालयहरुमा कार्यक्रमगत रुपमा भन्नुपर्दा अत्यन्त न्यून अवस्था देखिन्छ । सो सम्बन्धमा कार्यक्रम चलेका क्षेत्रका विद्यालय निरीक्षण, स्रोतव्यक्ति, कार्यक्रम संयोजक लगायत प्र.अ., वि.व्य.स. अध्यक्षहरुसँग गरिएको अन्तर्वार्तामा सोधिएको प्रश्नको उत्तरदाताहरुको उत्तरका आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १७ निरीक्षण/ अनुगमन विवरण

| क्र.सं. | निरीक्षण गर्ने व्यक्ति तथा संस्था | निरीक्षण गरेको पटक | कैफियत |
|---|---|---|---|
| १ | प्रधानाध्यापक | १ | कार्यक्रम अवधि भर |
| २ | वि.व्य.स. अध्यक्ष | - | " |
| ३ | अभिभावक | - | " |
| ४ | वि.नि/ स्रोतव्यक्ति | १ | " |
| ५ | कार्यक्रम संयोजक | १ | " |
| ६ | संघसंस्था/ अन्य | - | " |
| | कूल जम्मा | ३ | |

*स्रोतः विद्यालयको निरीक्षण पुस्तिका तथा अवलोकन फारम, २०६८ ।*

अध्ययनका क्रममा कार्यक्रमको अनुगमन गर्नु पर्ने व्यक्ति तथा निकायहरुले नियमित रुपमा निरीक्षण अनुगमन गरी पृष्ठपोषण प्रदान गरेको अवस्था देखिएन । तालिकामा प्रस्तुत भएअनुसार प्र.अ. द्वारा निरन्तर कक्षा निरीक्षण गनुपर्ने भएपनि १ पटक मात्र कार्यक्रम अवधिभर गरेको पाइयो । निरीक्षक तथा स्रोतव्यक्ति र कार्यक्रम संयोजकबाट समेत १ पटकमात्र कार्यक्रम अवधिभर निरीक्षण भएको पाइनुले कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग प्राप्त भएको देखिएन । त्यस्तै स्वयं विद्यार्थीका अभिभावक, वि.व्य.स. अध्यक्षलगायत अन्य संघसंस्थाबाट समेत निरीक्षण अनुगमन गरी पृष्ठपोषण प्रदान नगरेको अवस्था छ । यसैले सरोकारवालाहरुको कार्यक्रम प्रति चासो नभएको देखिन्छ भने कार्यक्रममा भएका सुधार गर्नुपर्ने पक्षलाई सुधार गर्ने नै अवसर प्राप्त नभएको कारण प्रभावकारी ढंगले कार्यक्रम सञ्चालनमा आइरहेको देखिएन् ।

## ४.३ समस्या तथा निराकरणका उपायहरु

कुनै पनि कार्यक्रम सञ्चालन गर्दा त्यससँग सम्बन्धित समस्याहरु तथा चुनौतीहरु देखिनु स्वभाविक कुरा हो । समस्याहरु देखिन्छन् र ती समस्याहरुलाई उपयुक्त ढंगले समाधान गरी कार्यक्रममा प्रभावकारिता ल्याउन आवश्यक पहल र प्रयत्न गरिनु आवश्यक हुन्छ । यसै सम्बन्धमा प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय कार्यक्रम सञ्चालन भएका नमूनाका रुपमा लिइएका विद्यालयहरुको कार्यक्रम सञ्चालनका क्रममा के कस्ता समस्याहरु रहेका छन् र ती समस्याहरुलाई कसरी निराकरण गर्न सकिन्छ भनी उपायहरु सुझाउन विद्यार्थी, शिक्षक, प्र.अ., अभिभावक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, सम्बन्धित क्षेत्रका वि.नि., स्रोतव्यक्ति तथा जिल्ला शिक्षा कार्यालय मोरंगका कार्यक्रम संयोजकसँग लिइएको अन्तर्वार्ता, समूह छलफल, स्थलगत अवलोकन तथा विद्यालयको अभिलेखहरु अध्ययनबाट प्राप्त हुन आएका समस्याहरु तथा समस्या निराकरणका उपायहरु निम्नानुसार प्रस्तुत गरिएका छन् ।

### ४.३.१ विद्यार्थीसँग सम्बन्धित समस्याहरु

यी विद्यालयहरुमा अध्ययन गर्ने अधिकांश विद्यार्थी गरिबीका कारण श्रम गर्न, कलकारखाना, इट्टाभट्टा तथा अन्य आयआर्जनका काममा हिंड्न पर्ने भएकोले विद्यालयमा नियमित उपस्थित हुन समस्या भएको कुरा अन्तर्वार्ता तथा छलफलमा संलग्न सबै विद्यार्थीहरुले बताएको पाइयो । विद्यालयको विद्यार्थी हाजिरी अभिलेख अध्ययनगर्दा अत्यन्तथोरै दिन ७० देखि ९९ दिनसम्म वार्षिक हाजिरी हुने विद्यार्थीको संख्या ७१.२६%

(तालिका ६ अनुसार) देखिनुले कार्यक्रम सञ्चालनमा प्रभावकारिता ल्याउन समस्या भएको देखिन्छ । अभिलेखअनुसार भर्ना भएका सबै विद्यार्थीहरुले पहिलो तहसम्मको पढाइ निरन्तरता दिएको पाइयो । दोस्रो तहको अन्तिम परीक्षामा सम्मिलित हुनेहरु करिब ४८ प्रतिशतमात्र देखिन्छ भने कक्षा छाड्नेको संख्या ५२ प्रतिशत (तालिका ८) देखिनु अर्को समस्याका रुपमा रहेको देखिन्छ । सबै शिक्षक तथा प्र.अ. हरु ले अन्तर्वार्ता तथा छलफलका क्रममा समेत बीचैमा विद्यालय छाड्ने कुरालाई समस्याका रुपमा रहेको स्वीकार गरेको पाइयो । विवरणअनुसार परीक्षामा सम्मिलित हुनेहरु सबै उत्तीर्ण भएको देखिएपनि औसत उपलब्धि दर कम भएको देखिन्छ । दोस्रो तह उत्तीर्ण गरेपछि माथिल्लो कक्षामा ९ प्रतिशत मात्र भर्ना भएकाले यसलाई पनि समस्याका रुपमा लिइएको छ ।

पाठ्यपुस्तक तथा स्टेशनरी व्यवस्था समयमा उपलब्ध नहुनु, गृहकार्य, परियोजना कार्य गर्न समयको अभाव हुनु जस्ता समस्याका रुपमा रहेको कुरा सबै विद्यार्थीहरु तथा शिक्षकहरुले अन्तर्वार्ता तथा छलफलमा बताएको पाइयो । छलफलका क्रममा कार्यक्रम अनुसार दैनिक २ घण्टा मात्र समय निर्धारण भएकोमा विद्यार्थीहरु सबैले समय अपुग भएको बताए । यसबारे जिज्ञासा राख्दा उनीहरु नियमित कक्षामा आउन नसक्ने भएकोले उपस्थित भएको दिन अघिल्लो दिनको छुटेको पाठको विषयवस्तुसहित सिक्न पर्ने कारण २ घण्टा समय अपर्याप्त भएको भन्ने जवाफ पाइयो । छलफलमा गरिबीका कारण अधिकांश विद्यार्थीले विद्यालयमा उपस्थित हुन नसक्नु नै मुख्य समस्या भएको बताए ।

### ४.३.२ अभिभावकसँग सम्बन्धित समस्याहरु

अन्तर्वार्ता तथा छलफलका क्रममा सबै अभिभावकहरुद्वारा कार्यक्रममा विद्यार्थीको पठन-पाठनको समय व्यवस्थापन गरी नियमित विद्यालय पठाउन समस्याभएको, आर्थिक समस्याले आफूसँग काममा सघाउन हिँड्दा धेरथोर भएपनि आम्दानी हुन्थ्यो भने हालआएर विद्यालय पठाउँदा समस्या भएको कुरा बताइएको पाइयो । त्यस्तै अभिभावकहरु खेतीपाती, मजदुरी तथा अन्य श्रम गरी खान पर्ने भएकोले विद्यालयमा छोराछोरीको पठनपाठनसम्बन्धी रेखदेख, ध्यान पुऱ्याउन नसक्नु, शिक्षकसँग आफ्ना छोराछोरीको पढाइ बारे जिज्ञासा, चासो राख्न नसक्नु तथा घरमासमेत फुर्सदको समयमा आफू नजान्ने भएपनि छोराछोरीलाई पढ्ने वातावरण मिलाउन नसक्नु र विद्यालयको कार्यक्रमप्रति संलग्न हुन गाह्रो लाग्ने जस्ता समस्याहरु छलफल तथा अन्तर्वार्तामा संलग्न अभिभावकहरुले बताए ।

### ४.३.३ शिक्षकसँग सम्बन्धित समस्याहरु

प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय कार्यक्रम कार्यान्वयनका क्रममा शिक्षकहरुले के कस्ता समस्याहरु भोगिरहेका छन् ? भन्ने जानकारी लिने उद्देश्यले संलग्न शिक्षक, प्र.अ. सँग गरिएको छलफल, अन्तर्वार्ताका आधारमा सबै शिक्षकहरुले तालिमबिना नै कक्षामा शिक्षण गर्नु परेको बताए । त्यस्तै शिक्षण गरिने पाठ्यपुस्तकहरु तथा पाठ्यक्रम, निर्देशिका समयमा उपलब्ध नहुनु, प्रौढ विद्यार्थीहरुलाई बढी खटेर शिक्षण गर्नुपर्ने, धेरै सम्झाउँदा पनि बुझाइमा समस्या भएका विद्यार्थीहरु हुनु, गृहकार्य तथा परियोजना कार्य नै नगर्ने विद्यार्थीहरु हुनु, न्यूनतम पारिश्रमिकमा कामगर्न परेको, कुनै थप सुविधा नभएको, अभिभावकलाई उनीहरुको छोराछोरीको सिकाइ उपलब्धि जानकारी गराउन तथा विद्यार्थी नियमितता जस्ता विषयमा छलफल गर्न बोलाउँदा विद्यालयमा उपस्थित भई दिई सहयोग नगर्ने, विद्यार्थी नियन्त्रणमा समस्या तथा कक्षा चलिरहेकै समयमा विभिन्न बहाना बनाएर बिदा मागी हिँडि दिने प्रवृत्ति बढिरहेको र सिकाइ कार्यमा चासो कम दिने प्रवृत्ति भएका विद्यार्थीहरुको सहभागिता हुनु जस्ता समस्याका रुपमा रहेको छलफल तथा अन्तर्वार्तामा संलग्न ७५ प्रतिशत शिक्षक तथा प्र.अ. हरुले बताएको पाइयो ।

### ४.३.४ कक्षा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी समस्याहरु

कार्यक्रम कार्यान्वयनका सम्बन्धमा प्रमुख जिम्मेवार व्यक्तित्व विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, वि.नि., स्रोतव्यक्ति तथा जि.शि.का. मोरंगका कार्यक्रम संयोजकहरुसँग अन्तर्वार्ता तथा समूह छलफल, स्थलगत अध्ययन, अवलोकन तथा अभिलेख अध्ययनका आधारमा नमूना छनौटमा परेका चारओटा विद्यालयहरुमध्ये २ वटा क्रमश शिक्षा सदन मा.वि. र वीरेन्द्र मा.वि. को भौतिक पक्षतर्फ कक्षाकोठा अभाव भएको पाइयो । नमूनामा परेका चारवटै विद्यालयहरुमा शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा कमी, सन्दर्भ सामग्री, पुस्तकालय जस्ता पक्षको न्यून व्यवस्था, कक्षा सरसफाइमा कमी, कार्यक्रम सञ्चालनका लागि आधारभूत तालिमको अभाव, पाठ्यसामग्री समयमा उपलब्ध हुन नसक्नु, विद्यार्थी उपस्थितिमा कमी हुनु, कक्षा सञ्चालन तथा व्यवस्थापनका लागि योजना निर्माण, परामर्श, छलफल, सहयोग आदान-प्रदान, समन्वय जस्ता पक्षको अभाव, सम्बन्धित निकाय वा व्यक्तिहरुबाट निरीक्षण अनुगमन गरी पृष्ठपोषण लगायत नीति निर्देशनहरुको अभाव हुने भएको छलफलमा संलग्न शिक्षक, प्र.अ. तथा अभिभावक, वि.नि. स्रोतव्यक्तिहरुले बताएका छन् ।

त्यस्तै सरकारी अनुदान रकम थोरै भएकोले थप शिक्षकको व्यवस्था गर्न नसक्नु, बीचैमा कक्षा छाड्नेहरुको अत्यधिक संख्या हुनु, कार्यक्रम कार्यान्वयन पूर्व व्यापक प्रचारप्रसारको अभाव भएको छलफलमा सहभागीहरुले बताए । यथार्थमा विद्यार्थी नियमित हुँदैनन् । त्यस्तै कक्षा सञ्चालन पनि नियमित हुँदैन भन्ने गुनासो पनि सहभागी अभिभावक तथा विद्यार्थीहरुमध्ये ५० प्रतिशत ले बताएको पाइयो, (तालिका नं. १४ मा यस सम्बन्धी प्रतिक्रिया प्रस्तुत गरिएको छ), विद्यार्थी नियमित गराउन थप प्रयासस्वरुप घरदैलो, अभिभावक भेला, बैठक विद्यार्थीहरुसँग छलफल, अन्तरक्रिया, परामर्श सहयोग एवं समन्वयकारी भूमिका विद्यालयको तर्फबाट नभएको छलफलमा सहभागी ६० प्रतिशतले स्वीकार गरेको पाइयो । सहभागीको प्रतिक्रिया तालिका नं. १७ मा प्रस्तुत गरिएको छ ।

### ४.३.५ पाठ्यक्रम तथा पाठ्युस्तकसम्बन्धी समस्याहरु

पाठ्यक्रम, पाठ्यपुस्तकको उपलब्धता स्तरयुक्तता र सान्दर्भिकताको सम्बन्धमा विद्यालयमा कार्यरत, शिक्षक, प्र.अ. लगायत कार्यक्रम हेर्ने वि.नि., स्रोतव्यक्ति तथा कार्यक्रम संयोजक र विद्यार्थीहरुसँग गरिएको छलफल, अन्तर्वार्तामा जिज्ञासा राख्दा सहभागीहरुको प्रतिक्रिया निम्नानुसार रहेको पाइयो :

तालिका १८ पाठयसामग्री तथा शिक्षण सामग्री समयमा उपलब्ध भए/नभएको विवरण

| क.सं. | संलग्न व्यक्ति | संख्या | प्रतिक्रिया | | | |
|---|---|---|---|---|---|---|
| | | | समयमा प्राप्त हुन्छ | % | हुँदैन | % |
| १ | विद्यार्थी | २० | × | ०% | २० | १००% |
| २ | शिक्षक | ८ | × | ०% | ८ | १००% |
| ३ | प्र.अ. | ४ | × | ०% | ४ | १००% |
| ४ | वि.नि. श्रोतव्यक्ति तथा संयोजक | ५ | × | ०% | ५ | १००% |
| | जम्मा/प्रतिशत | ३७ | | ०% | ३७ | १००% |

*स्रोत: अन्तर्वार्ता प्रश्नावली तथा छलफल, २०६८ ।*

सहभागीहरुमध्ये १००% द्वारा पाठ्यसामग्रीहरु समयमा उपलब्ध नभएको बताइयो भने शिक्षक प्र.अ. र वि.नि. स्रोतव्यक्तिहरुमध्ये स्तरयुक्तता र सान्दर्भिकताको सवालमा

जिज्ञासा राख्दा विद्यार्थीको उमेर, रुचिअनुसारको पाठहरु, विषयवस्तुहरुको अभाव तथा विद्यार्थीको पेशा, व्यवसायसँग त्यति धेरै मेल खाने गरी विषयवस्तु छनौट गर्न नसकेको एवम् पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि २ वर्षमा हाँसिल गर्नै पर्ने हिसाबले मात्र संश्लेषित गरिएको हुँदा बिषयवस्तुको धारणा विकासमा समस्या भएको र दैनिक दुई घण्टामा कोर्षपूरा गर्न कठिन भएको सबै शिक्षकले बताए ।

यसको मुख्य कारण विद्यार्थी नियमित नहुनु, समयमा पाठ्यसामग्री उपलब्ध नहुनु र पाठ्यक्रम, पाठ्यपुस्तकको प्रयोगबारे शिक्षकलाई कुनै प्रकारको अभिमुखीकरण नगराइएकाले पनि यसको कार्यान्वयनमा समस्या भइरहेको पाइयो ।

## ४.४ समस्या निराकरणका उपायहरु

नमूना छनौटमा परेका विद्यालयहरुका शिक्षक, प्र.अ. वि.व्य.स. अध्यक्ष, अभिभावक, विद्यार्थी, वि.नि./ स्रोतव्यक्ति तथा कार्यक्रम संयोजकसँग गरिएको समूह छलफल तथा अन्तर्वार्ताका क्रममा देखिएका समस्याहरु निराकरणका उपायहरु निम्नानुसार प्रस्तुत गरिएका छन् :

### ४.४.१ विद्यार्थीसँग सम्बन्धित समस्या निराकरणका उपायहरु

विद्यार्थीहरु गरिबीका कारणले मजदुरी गर्न तथा आफ्नो खेती व्यवसाय सञ्चालनमा समय दिन पर्ने भएकोले विद्यालयमा नियमितता प्रदान गर्न नसकेको सम्बन्धमा स्वयं विद्यार्थीलाई सोधिएको अन्तर्वार्ता प्रश्नावली तथा समूह छलफलका आधारमा घरको काम तथा बुवाआमासँग अन्यन्त्र काममा व्यस्त हुनु नपर्ने अवस्थाको सिर्जना गर्न अभिभावकहरुलाई सम्झाइ दिनुपर्ने, छात्रवृत्ति, पोशाक पाउनुपर्ने, उपस्थित हुन नसकेको दिनको पाठ दोहोऱ्याएर स्पष्ट पारिदिनु पर्ने जस्ता कार्य भयो भने सहयोग पुग्ने कुरा सबै विद्यार्थीले बताए । त्यस्तै स्टेशनरी कपी, डटपेन, लगायत पाठ्यपुस्तक समयमै उपलब्ध गराउन सम्बन्धित निकायले पहल गर्नुपर्ने एवम् पठनपाठनका क्रममा गृहकार्य, परियोजना कार्य गर्न शिक्षकहरुले सहयोग गर्नुपर्ने र उक्त कार्य गर्न विद्यालयमा नै थप समयको व्यवस्था गरी शिक्षकहरुको प्रत्यक्ष सहयोग उपलब्ध हुनुपर्ने कुराहरु विद्यार्थीले उठाएको पाइयो । यसो हुन सकेमा विद्यालय आउन सहज हुने विचार प्रकट गरिएको पाइयो । विद्यार्थीले आशा गरेअनुसार कक्षा समय २ घण्टाबाट बढाउनु नसके पनि सहभागी केन्द्रित विधि, प्रयोगात्मक विधिजस्ता शिक्षणविधि अपनाई रोचक मनोरञ्जनपूर्ण अभ्यासमा आधारित

क्रियाकलापद्वारा उपलब्धिमूलक शिक्षण कार्य गरियो भने विद्यार्थी नियमितता बढाउन सकिने कुरा छलफल तथा अन्तर्वार्ताका क्रममा शिक्षक, प्र.अ. तथा विनि स्रोतव्यक्तिहरु सबैले उपायको रुपमा विचार प्रस्तुत गरेको पाइयो ।

त्यस्तै विद्यार्थी नियमितताका लागि अभिभावकसँग छलफल, परामर्श गरी छोराछोरीलाई विद्यालय पठाउन उत्प्रेरित गरिनु पर्ने, स्थानीय सरकारी तथा गैरसरकारी संघसंस्थासमेतलाई कार्यक्रमप्रति विद्यार्थी आकर्षित गर्न परिचालन गरिनुपर्ने, छात्रवृत्ति, पोशाकको व्यवस्था सम्बन्धित निकायबाट गरिनुपर्ने, बढी उपस्थित हुने विद्यार्थीलाई पुरस्कृत गर्ने, विद्यार्थीका सिकाई कार्यमा के समस्या भएको छ सो बारेमा शिक्षकले विद्यार्थीको नजिक भएर समस्या समाधानमा सहयोग पुऱ्याइ दिएर तथा विषयवस्तु शिक्षणका क्रममा उनीहरुको व्यावहारिक पक्ष वा पेशा व्यवसायमा सहयोग पुग्ने गरी विषयवस्तुको महत्व बताइदिने र सोहीअनुसारका क्रियाकलापहरुमा जोड दिइनुपर्ने एवं निरन्तर उनीहरुलाई पृष्ठपोषण प्रदान गरिनुपर्ने कुराहरु छलफलका सहभागी शिक्षक, प्र.अ., विनि तथा स्रोतव्यक्तिहरुले बताए ।

तालिका नं. ७ मा प्रस्तुत भएअनुसार विद्यालयमा भर्ना भएका मध्ये ४८.२७% ले मात्र परीक्षामा सहभागी भएको र बाँकी करिब ५२% ले परीक्षामा सामेल नै नभएको तथा बीचैमा विद्यालय छाडेको शैक्षिक क्षती तथा समस्यालाई निराकरण गर्न शिक्षक, विद्यार्थी तथा अभिभावकबीच बैठक सञ्चालन गरी अनौपचारिक शिक्षाको महत्व, उपयोग, प्रयोजन बारेमा स्पष्ट पार्नुपर्ने, कार्यक्रमसम्बन्धी सूचनाको प्रचार प्रसार गर्न स्थानीय निकाय तथा संघसंस्थालाई समेत सहयोग गर्न अपिल गर्ने, घरदैलो अभिभावक भेटघाट जस्ता कार्यक्रम सञ्चालन गरी एवं नियमित पठनपाठन कार्य सूचारु राखी प्रयोगात्मक शिक्षण सिकाइका माध्यमबाट सिकाइ उपलब्धि दर वृद्धि गर्न सकिने उपाय अन्तर्वार्तामा संलग्न सबै शिक्षक, प्र.अ., विनि. स्रोतव्यक्तिहरुले उपाय सुझाइएको पाइयो । कार्यक्रमको मुख्य उद्देश्य नै यस्ता प्रौढ विद्यालयको तह उत्तीर्ण गरेपछि माथिल्लो कक्षामा भर्ना हुन उत्प्रेरित गर्नु हो । तसर्थ यी विद्यालयहरुमा दोस्रो तह उत्तीर्ण गर्नेहरुलाई औपचारिक विद्यालयमा वा अनौपचारिक खुला विद्यालय कक्षा ९ मा भर्ना गर्न विद्यार्थीहरुलाई तथा अभिभावकहरुलाई उत्प्रेरित गर्ने र माथिल्लो कक्षामा भर्ना हुनेलाई विशेष छात्रवृत्तिहरुको व्यवस्था हुनुपर्ने कुराहरु उपायका रुपमा सुझाइएको पाइयो ।

### ४.४.२ अभिभावकहरुसँग सम्बन्धित समस्या निराकरणका उपायहरु

अभिभावकहरु आफ्नो छोराछोरीलाई नियमित विद्यालयमा पठाउन असमर्थ भएको तथा आफ्नो बालबालिकाहरुको पठनपाठनसम्बन्धी रेखदेख पुऱ्याउन नसकेको एवम् विद्यालयमा छलफल पठानपाठनका सम्बन्धमा जिज्ञासा राख्न जान नसकेको सन्दर्भमा अभिभावकहरुसँग यी समस्या कसरी निराकरण गर्न सकिन्छ भनी छलफल गर्दा कक्षाका लागि थोरै समय अर्थात् २ घण्टा मात्र समय तोकिएको तर धेरै विषयवस्तु सिक्नुपर्ने भएकोले विद्यार्थी विद्यालयमा जान नमानेको भन्ने अघिकांश अभिभावकले बताएको पाइयो । यसका लागि कक्षा समय थप गर्न पर्ने सुझाव प्रस्तुत गरेको पाइयो । त्यस्तै छात्रवृत्ति वितरण गरियो भने केही हदसम्म विद्यार्थी लगायत अभिभावकलाई सहयोग पुग्न जाने र आफूहरुलाई पनि विद्यालय बेलाबेलामा सम्पर्क राख्न आउन मन लाग्ने कुरा उल्लेख गरेको पाइयो । विद्यालयले पनि बेलाबेलामा बैठकहरुमा बोलाउने, छलफल अन्तरक्रियामा सहभागी गराउन पर्ने कुराहरु उपायका रुपमा अभिभावकहरुले बताए । यस सम्बन्धी शिक्षक, प्र.अ. वि.व्य.स. अध्यक्ष वि.नि. तथा स्रोतव्यक्तिसँग गरिएको छलफलमा समेत विद्यालयको तर्फबाट अभिभावकहरुलाई चेतनामूलक कार्यहरु सञ्चालन तथा सामुदायिक स्तरमा आयआर्जनका अवसरहरुको सिर्जना गरिनुपर्ने जस्ता उपायहरु अवलम्बन गरिनुपर्ने कुराहरु प्रस्तुत भएको पाइयो । अभिभावकहरुलाई विद्यालयको कार्यक्रम तथा निर्णय प्रक्रियामा समेत सहभागी गराई राय सुझाव लिई विद्यार्थीहरुका पठनपाठनको बारेमा निरन्तर जानकारी गराइरहन पर्ने छलफलमा सहभागीहरुले बताए ।

### ४.४.३ शिक्षकसँग सम्बन्धित समस्या निकारणका उपायहरु

अन्तर्वार्ता तथा समूह छलफलका क्रममा उठेको शिक्षकका प्रमुख समस्याहरु शिक्षकलाई तालिमको अभाव, पाठ्यक्रम तथा पाठ्यपुस्तक, निर्देशिकाहरु समयमा उपलब्ध नुहुनु जस्ता समस्याहरुलाई निराकरण गर्न शिक्षक तालिमको व्यवस्था तथा शिक्षणसिकाइका लागि नभई नहुने पाठ्यक्रम, पाठयपुस्तक, निर्देशिकाहरु लगायत अन्य सन्दर्भसामग्रीहरुको उचित समयमा सम्बन्धित निकाय तथा विद्यालयमार्फत् उपलब्ध गरिनुपर्ने कुराहरु शिक्षक प्र.अ.हरु लगायत अन्य सरोकारवालाहरुले बताएको पाइयो । त्यस्तै शिक्षकलाई थप पारिश्रमिकको व्यवस्था तथा कक्षामा विद्यार्थी केन्द्रित विधि, सहभागी केन्द्रित विधि अपनाएर शिक्षण गर्न हौसला प्रदान गर्न शिक्षकको क्रियाकलापको सही मूल्यांकन गरिनुपर्ने, समयसमयमा कार्यक्रमसँग सम्बन्धित निकायका व्यक्तिहरुबाट अनुगमन निरीक्षण गरी सही

मार्गदर्शन तथा पृष्ठपोषण प्रदान गरिनुपर्ने, विद्यालयमा वि.व्य.स. अध्यक्ष, प्र.अ. अभिभावकहरुबाट समेत कार्यरत शिक्षकहरुलाई हौसला प्रदान गर्न समयसमयमा छलफल अन्तरक्रियाहरुको व्यवस्था गरिनुपर्ने तथा आवश्यक अन्य सहयोगहरु जस्तैः विद्यार्थी नियन्त्रण गर्न तथा कक्षामा नियमित गराउन घरदैलो कार्यक्रम, शिक्षक विद्यार्थी तथा अभिभावक बैठकको व्यवस्था, शिक्षण सिकाइ सामग्री व्यवस्था गरिनुपर्ने कुराहरु छलफलको क्रममा प्राप्त भयो ।

### ४.४.४ कक्षा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी समस्या समाधानका उपायहरु

विद्यार्थीको सिकाइ कार्यमा प्रभाव पार्ने तत्वहरुमध्ये भौतिक व्यवस्थापन पनि एक महत्वपूर्ण पक्ष हो । भौतिक व्यवस्थापन अन्तर्गत कक्षाकोठा, फर्निचर, कालोपाटी सरसफाइ जस्ता पक्षमा जोड दिन आवश्यक छ । तसर्थ यी अनौपचारिक प्रौढ विद्यालय कार्यक्रम चलेका विद्यालयहरुलाई व्यवस्थित शिक्षण सिकाइका लागि भौतिक व्यवस्थापन गर्न आवश्यक सरसहयोग जुटाएर वा सरकारी तथा गै.स.स. सँग सहकार्य गरी कक्षाकोठाको अभावलाई परिपूर्ति गर्न अभिप्रेरित गरिनुपर्ने तथा विद्यालयको व्यवस्थापन समितिसमेत सक्रिय बनाइनुपर्ने भन्ने अन्तरवार्तामा संलग्न शिक्षक, अभिभावक, वि.नि. स्रोतव्यक्तिहरु सबैले कक्षाकोठाको अभावका साथसाथै अन्य शिक्षणसम्बन्धी सामग्री निर्माण तथा प्रयोगमा जोड दिनुपर्ने, अन्य सन्दर्भसामग्री तथा पुस्तकालयको व्यवस्थापन गरी शिक्षकहरुलाई स्वाध्ययन गर्न लगाई  कक्षा शिक्षण गर्न उत्प्रेरित गरिनु पर्ने, कक्षाको नियमित सरसफाईमा ध्यान दिइनुपर्ने, पाठ्यसामग्रीहरु सम्बन्धित निकायबाट समयमै प्राप्त गर्न पहल गरिनुपर्ने एवं शिक्षण कार्य सञ्चालन गर्नु पूर्व शिक्षण योजनाका बारेमा विद्यालयमा मौजुदा अन्य तालिम लिएका शिक्षकबाट अभिमुखीकरण गर्ने व्यवस्था मिलाइनुपर्ने र समग्रमा कक्षा सञ्चालनसम्बन्धी सरोकारवाला सबैलाई जानकारी प्रदान गरी योजना निर्माण, परामर्श, छलफल, सहयोग आदानप्रदान, समन्वय जस्ता पक्षको थालनी गरी कार्यान्वयन गरिनुपर्ने तथा सम्बन्धित निकाय वा व्यक्तिहरुबाट कक्षा निरीक्षण अनुगमन गरी पृष्ठपोषण लगायत नीतिगत निर्देशनहरु बेलाबेलामा हुनुपर्ने कुरा छलफलका सहभागीहरुले समस्या निराकरणका उपायहरुका रुपमा प्रस्तुत गरेका छन् ।

सरकारी अनुदान रकममा वृद्धि गर्न सम्बन्धित निकायमा सुझावस्वरुप लेखी पठाउने तथा स्थानीय तहका सरकारी तथा गैरसकारी संस्थाहरुसँग सहयोगका लागि पहल गरिनुपर्ने विद्यालयमा कार्यरत अन्य शिक्षकहरुलाइ समेत यस्ता अनौपचारिक कक्षामा सहयोगस्वरुप

शिक्षण कार्य गर्न उत्प्रेरित गरिनु पर्ने एवम् बीचैमा विद्यालय छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न कार्यक्रमका बारेमा प्रचारप्रसार गर्न छलफल, भेलाको आयोजना गरिनुपर्ने लगायतका उपायहरु अन्तरवार्ता तथा छलफलका क्रममा सहभागीहरुले बताए । विद्यार्थी नियमित गराउन थप प्रयासस्वरुप घरदैलो, अभिभावक भेला, बैठक, विद्यार्थीसँग छलफल, सरसहयोग आदानप्रदान जस्ता कार्यहरु कक्षा सञ्चालन तथा व्यवस्थापनका क्रममा पर्याप्त मात्रामा गरिनुपर्ने र विद्यालयमा पनि नियमित पठनपाठन कार्य सुचारु गरिनुपर्दछ भन्ने सुझाव प्राप्त भयो ।

### ४.४.५ पाठ्यक्रम तथा पुस्तकसम्बन्धी समस्या निराकरणका उपायहरु

प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालयमा शिक्षण सिकाइ कार्य सञ्चालनको महत्वपूर्ण सामग्री नै पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु हुन् । यी सामग्रीहरुको व्यवस्थापन उचित समयमा गरिनु पर्दछ । यसका लागि सम्बन्धित निकायमा सुझाव पठाउने र सामग्री समयमा उपलब्ध गराउन पहल गरिनुपर्छ । यसका साथै शिक्षकहरुलाई पाठ्यक्रम कार्यान्वयनमा सहज बनाउन पाठ्यक्रमसम्बन्धी अभिमुखीकरण आवश्यक छ । पाठ्क्रम तथा पाठ्यपुस्तकमा राखिएका विषवस्तुहरु २ वर्षमा सहज तरिकाले विद्यार्थीलाई सिक्न सजिलो हुने किसिमका स्तरअनुसार रुची, क्षमता तथा आवश्यकतालाई ध्यानमा राखी निर्माण गर्न समयानुसार अवलोकन, निरीक्षण, अनुगमन गरी पृष्ठपोषण गर्ने परम्परा कायम गर्न जरुरी भएको देखिन्छ । यसको साथै सिकाइ उपलब्धिहरु बढी व्यावहारिक तथा सीप विकासमा जोड दिने खालका तय गरी पाठ्यक्रम निर्माण तथा विकासमा जोड दिनुपर्दछ । यस्तो भएमा मात्र विद्यार्थीले कार्यक्रमप्रति सकारात्मक धारणा बनाउन सक्दछन् ।

# परिच्छेद पाँच : प्राप्ति, निश्कर्ष र सुझाव

## ५.१ प्राप्ति

अनुसन्धानको क्रममा अध्ययन क्षेत्रमा गएर सङ्कलन गरिएका तथ्याङ्कहरुबाट निम्न कुराहरु प्राप्ति भएका छन :

अनौपचारिक रुपमा चलेका प्रौढ विद्यालयहरु जसले गरिब, पिछडिएका, दलित, जनजाति, महिला जो शिक्षाको मूलधारमा समाहित भएर बीचैमा कक्षा तथा विद्यालय छाडेका वा प्रा.वि. तहको पढाइ पश्चात् घरैमा बसेका छन्, तिनीहरुलाई पुनः शिक्षाको मूलधारमा समाहित गरी पढाइ निरन्तरता प्रदान गर्ने उद्देश्यका साथ ल्याइएको कार्यक्रमप्रति ८०% अन्तर्वार्तामा संलग्न हुनेहरुले सकारात्मक धारणा राखेको पाइयो । विद्यालयको विद्यार्थी भर्ना अभिलेखअनुसारका महिला सहभागिता कुल ८७ जनामा ७० जना ८०.४५% र पुरुषहरुको सहभागिता १७ जना १९.५४% पाइयो । यसै गरी दलित छात्रा कुल ७० जनामा १७.१४% र दलित छात्र कुल १७ जनामा २३.५२% देखियो । जनजाति छात्रा कुल ७० जनामा ८२.८५% र जनजाति छात्र कुल १७ जनामा ७६.४७% पाइयो । समग्रमा भन्नुपर्दा नमूनामा परेका चारओटै विद्यालयमा जनजाति छात्रछात्राहरुको सहभागिता तथा पहुँच रहेको देखियो भने अन्य जातिमा पर्ने छात्रछात्राहरुको यी विद्यालयहरुमा सहभागिता ० % देखियो । अध्ययनरत छात्रछात्राको आर्थिक अवस्था कमजोर देखियो । विद्यार्थीहरुको उपस्थिति दिन न्यून देखिन्छ भने परीक्षामा सम्मिलित संख्या कुल छात्रा ७० जनामा ३६ जना ५१.४२% र कुल छात्र १३ मा ६ जना ४६.१५% मात्र देखियो । तसर्थ बीचैमा विद्यालय छाड्नेहरुको सख्या अत्यधिक कुल ८७ जनामा ४५ जना ५१.७२% पाइयो । परीक्षा दिने जति ४२ जना नै उत्तीर्ण भएको पाइयो । तर विषयगत औसत सिकाइ उपलब्धिदर ३५७३% रहेको पाइयो । यसको मुख्य कारण न्यून हाजिरी हुने विद्यार्थीहरुको प्रवृत्ति नै हो भन्ने छलफलबाट स्पष्ट गरिएको पाइयो । त्यस्तै पढाइ सञ्चालन नियमित रुपमा गर्न कठिन भएको, शिक्षकलाई विना तालिम शिक्षण गर्न परिरहेको, पाठ्यसामग्री समयमा उपलब्ध हुन नसकेको, शिक्षण सामग्री निर्माण र प्रयोगमा कमी, सन्दर्भ सामग्री पुस्तकालयको निर्माण हुन नसकेको, गृहकार्य तथा परियोजना कार्य जस्ता महत्वपूर्ण क्रियाकलापमा ध्यान दिन नसकेको अवस्था पाइयो । विद्यार्थीको पठनपाठनसम्बन्धी अभिभावकहरुमा चासो नभएको, विद्यालयमा छलफल, भेला, अन्तरक्रिया तथा सरसहयोग, समन्वयको अभाव भएको देखियो । समग्रमा भन्नुपर्दा कार्यक्रमको आवश्यकता र महत्वलाई जोड दिई कक्षाकोठाको

व्यवस्थापनसमेत राम्रो नभएको, कार्यक्रमलाई प्रभावकारी बनाउन कुनै ठोस योजना, परामर्श, सहयोग जुटाउने कार्यको लागि स्थानीय संघसंस्थासँग सहकार्य गरिएको देखिएन । कार्यक्रम सञ्चालनसम्बन्धी व्यापक प्रचारप्रसार गरी सबै पिछडीएका वर्गलाई यस्ता कार्यक्रममा सहभागी हुन पहल गरिएको अवस्था देखिएन ।

पाठ्यक्रम तथा पुस्तकहरुको तालमेल, विषयवस्तुको सान्दर्भिकता सम्बन्धमा छलफलमा संलग्न व्यक्तिहरुको भनाइअनुसार स्तरयुक्त बनाउन सम्बन्धित निकायले समय समयमा परिमार्जन सुधार गर्नुपर्ने आवश्यकता भएको पाइयो । कार्यक्रमसँग सम्बन्धित निकाय तथा व्यक्तिहरुबाट कक्षा अवलोकन, निरीक्षण तथा पृष्ठपोषण प्रदान गरेको अवस्था न्यून देखिन्छ ।

## ५.२ निश्कर्ष

अनुसन्धानको क्रममा सङ्कलित तथ्यांकहरुको आधारमा निम्न निष्कर्षहरु प्रस्तुत गरिएका छन् :

विद्यालयको शिक्षाको मूल प्रवाहमा पुन समावेश हुन सहयोग पुऱ्याउने अभिप्रायले कार्यान्वयनमा ल्याइएको अनौपचारिक प्रौढ विद्यालयहरुको आफ्नो महत्व रहेको छ । यसले गरिब, पिछडीएका, महिला, दलित तथा जनजाति वर्गका प्रौढ महिला तथा पुरुषहरुलाई विद्यालयीय शिक्षाको अभाव महसुस गर्न नदिन, फुर्सदको समयको सदुपयोग गरेर तथा दिनको २ घण्टा विद्यालयमा सिकाइ कार्यमा लगाई शिक्षकहरुको प्रत्यक्ष सहयोगमा शिक्षा आर्जन गरी भावी दिनमा जीविकोपार्जन गर्न टेवा पुऱ्याउने कार्य गर्दछ । यसैप्रयोजनका लागि मोरङ जिल्लाका नमुनामा परेका विद्यालयहरुद्वारा गरिब, महिला, दलित, जनजातिका व्यक्तिहरु जो खेतीपाती, मजदुरी तथा अन्यत्र श्रम गरी खान्छन्, उनीहरुलाई समेट्ने प्रयास गरेको छ ।

विद्यालयको विद्यार्थी विवरण हेर्दा कुल ८७ जनामा ७० जना छात्राहरु देखिनु अर्थात् ८०% जति छात्राको संख्या देखिनु कार्यक्रमको राम्रो संकेत हो । त्यसमध्ये दलित छात्राहरुको कुल ७० जनामा १२ जना १७.१४% र दलित छात्र कुल १७ जनामा ४ जना (२३.५२%) एवं जनजाति विद्यार्थीहरुको सहभागिता पनि कुल ७० छात्रामा ८२.८५% जनजाति छात्रा र कुल १७ जना छात्रमध्ये ७६.४७% जनजाति छात्र अध्ययरत भएको देखिनु कार्यक्रमको अर्को प्रभावकारी पक्ष हो । यति हुँदाहुदै पनि यी विद्यार्थीहरुको विद्यालयमा नियमित उपस्थिति हुने दिन अत्यन्त थोरै अर्थात् सरदर वार्षिक १०० दिनभन्दा तल देखिनु कार्यक्रमको चुनौतीको

रुपमा रहेको छ । विद्यार्थी न्यून हाजिर हुने भएकोले यी विद्यार्थीहरुको कक्षा सञ्चालनमा समेत बाधा पुगेको छ ।

एकातिर विद्यार्थी न्यून उपस्थिति, अर्कोतिर विद्यालयमा उपस्थित भएको दिन बढी मेहनत गरेर शिक्षकले क्रियाकलापमा जोड दिनुपरेको छ भने ती शिक्षकहरुलाई कुनै तालिमको अवसर प्राप्त भएको छैन । यसले कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनमा बाधा पुगेको छ । त्यस्तै कक्षा समय दैनिक २ घण्टा मात्र व्यवस्था भएकाले सिकाइ उपलब्धि पूरा गर्न कठिन भएको छ । अतः उक्त समस्याको बारेमा सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । २ वर्षमा ३ वर्षे कोर्ष पूरा गर्ने कार्य जटिल भएको छ ।

पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशकाहरु समयमा उपलब्ध हुन सकिरहेको छैन । कक्षकोठालगायत अन्य भौतिक सुविधाको अभाव भएको छ भने विद्यार्थीको पठनपाठन स्तरोन्नतिका लागि अभिभावकले चासो देखाएका छैनन् । नपढ्दा पनि हुन्छ, आखिर यो कक्षामा पढेर के उपलब्धि हुन्छ भनेर कार्यक्रमलाई कम महत्व प्रदान गरेको अवस्था छ । यसका लागि अभिभावक शिक्षाको जरुरत परेको देखिएको छ । अभिभावक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन पक्षको बीचमा सामान्य छलफलजस्ता कार्यक्रमको अभाव छ भने कार्यक्रमको बारेमा स्थानीय संघसंस्थासँग समन्वय गरेर प्रचारप्रसार गर्ने, योजना निर्माण, परामर्श सहयोग आदानप्रदानजस्ता महत्वपूर्ण पक्षको अभाव भएको छ ।

कक्षामा पढाउने शिक्षकलाई पारिश्रमिक थोरै भएको अन्य कुनै सुविधाहरु प्रदान नगरिएको तथा आफ्नो विषयवस्तुको ज्ञानमा टेवा पुऱ्याउने खालका कक्षा सञ्चालन गर्न सहयोग पुऱ्याउने सन्दर्भ सामग्रीहरुको समेत अभाव देखिएको छ । यसले कार्यरत शिक्षकहरुको मनोबल बढाउन मद्दत गरेको देखिदैन । एकातिर कार्यक्रमले गृहकार्य तथा परियोजना कार्यलाई बढावा दिएर कक्षा सञ्चालन गर्ने उद्देश्य राखेको पाइन्छ भने सो कार्य प्रति सम्बन्धित शिक्षक र विद्यार्थीको संलग्नता कम भएको छ ।

कार्यक्रम सञ्चालनका लागि तयार गरिएका पाठ्यक्रम तथा पाठ्यपुस्तकको स्तर, विषयवस्तुको सान्दर्भिकता जस्ता पक्षमा समेत विद्यार्थीको इच्छा, चाहना, तथा क्षमता तथा आवश्यकताका आँखाले निरन्तर हेर्नपर्ने तथा समयअनुसार परिवर्तन गर्दै जानुपर्ने आवश्यकता देखिएको छ । यसका साथै कार्यक्रममा प्रभावकारिता ल्याउन नियमित निरीक्षण अनुगमन तथा पृष्ठपोषणजस्ता महत्वपूर्ण पक्ष ओझेलमा परेको छ । यसतर्फ सम्बन्धित पक्षको ध्यान कम पुगेको छ ।

## ५.३ सुझावहरु

प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय कार्यक्रम चलेका नमूनाका रुपमा लिइएका विद्यालयहरुबाट प्राप्त तथ्याङ्क तथा अन्तर्वार्ता, समूह छलफलका आधारमा देखिएका समस्याहरु निराकरण गर्दै कार्यक्रममा प्रभावकारिता बढाउन निम्नानुसार सुझावहरु प्रस्तुत गरिएका छन् :

### ५.३.१ नीतिगत तह

विगतका दशकदेखि सुविधाविमूख वर्गका केटाकेटीहरुका लागि समान पहुँच दिलाउने उद्देश्य लिई शिक्षा मन्त्रालय तथा विभागले विभिन्न मिडियाहरु मार्फत सुचना प्रवाह गरी नयाँ कार्ययोजनाको व्यवस्थापन गर्नुपर्ने, सवैका लागि शिक्षा कार्यक्रमअन्तर्गत सामाजिक असमानता र लैङ्गिक विभेदको अन्त्य गरी समाजमा रहेका असमानता र पक्षपात पूर्ण व्यवहारको अन्त्य गर्ने नेपाल सरकारको प्रमूख रणनिति रहेपनि अध्ययन क्षेत्र भित्रवाट भएका समस्याहरुलाई मध्यनजर राखी केही नीतिगत सुझावहरु प्रस्तुत गरिएको छ ।

नेपाल सरकारले नीतिनिर्माण तहबाट नै अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमलाई प्रभावकारी र वास्तविक गरिब, दलित र पिछडीएको वर्गसम्म अनौपचारिक कार्यक्रमलाई पुऱ्याउन विशेष कार्यक्रमहरु तथा सीपमूलक कार्यक्रमहरुको व्यवस्था गर्ने नीति निर्माण गरिनु पर्दछ ।

अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमको प्रभावकारिता अध्ययन गर्न राज्य क्षेत्रबाट बेलाबेलामा अनुगमन तथा निरीक्षण गर्नु पर्दछ । त्यसको लागि कार्यक्रमसम्बन्धी अनुगमन तथा नीरीक्षण टोली खटाई विद्यार्थीहरुको वास्तविक समस्या पहिचान गरी गरिब, जेहेन्दार र पिछडीएका वर्गमा कार्यक्रमले कस्तो प्रभाव पारेको छ प्रतिवेदन पेश गरिनु पर्दछ । उक्त प्रतिवेदनलाई तुरुन्तै कार्यान्वयन तहमा पुऱ्याई आवश्यक कदम चाल्नुपर्ने नीति निर्माण गर्नुपर्दछ ।

अघिल्ला अध्ययन अनुसन्धानहरुलाई मध्यनजर गरी अनौपचारिक प्रौढ कार्यक्रम सम्बन्धी नीतिनिर्माण गर्दा लैङ्गिक असमानतालाई हटाएर समावेशी शिक्षाको धारणा लिई नीति निर्माण गरिनु पर्दछ ।

विद्यालयमा छात्रा शिक्षालाई लक्षित गरेर नीतिनिर्माण गर्नुपर्ने देखिन्छ किनभने समाजमा अझैपनि लिङ्गभेद रहेको र छोरीमान्छेले पढ्नु हुन्न भन्ने मान्यता अझैपनि

कहिँकतै रहेको हुनाले त्यसको समाधानका लागि छात्राहरुका लागि घरमै बसी गर्न मिल्ने विशेष सीपमूलक कार्यक्रमहरु जस्तै सिलाई, बुनाई तथा उत्पादनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने नीति निर्माण गरी लागु गरिनु पर्दछ । जसले गर्दा कार्यक्रमको प्रभावकारिता बढ्नुका साथै अधिकांश महिलाहरुको आयआर्जनमा समेत  वृद्धि हुने देखिन्छ ।

विद्यार्थी प्रोत्साहनका लागि छात्रहरुको लागि विशेष सीपमूलक कार्यक्रमको व्यवस्था गरिनु पर्दछ जसले गर्दा उनीहरुलाई आफ्नै दैनिक गुजारा चलाउन मद्दत पुगोस । साथै विद्यार्थीहरुको वास्तविक समस्या पहिचान गरी टाढाटाढाबाट आउने विद्यार्थीहरुको लागि घरदैलोमै गई पठ्नपाठन गर्ने गराउने नीति निर्माण गरिनु पर्दछ ।

प्रौढ विद्यार्थीका लागि तयार गरिने पाठ्यसामग्रीद्वारा उनीहरुको पेशा, व्यवसायसँग सम्बन्धित तथा उक्त पेशा व्यवसायमा सहयोग पुऱ्याउने खालका विषयवस्तु समावेश गर्न सक्नुपर्दछ । यसो हुन सकेमा उनीहरुको सहभागिता बढ्न गई कार्यक्रमको प्रभावकारिता बृद्धि हुन जान्छ । त्यसैले उक्त विषयमा नीतिनिर्माण तहबाटै विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

अनौपचारिक कक्षामा अध्ययन गर्ने १००% प्रौढ विद्यार्थीहरुको आर्थिक स्थिति कमजोर भएकोले कक्षामा उपस्थित हुन नसकिरहेको अवस्था छ । उनीहरुलाई कक्षामा आकर्षित गरी नियमित उपस्थिति हुने वातावरण निर्माणका लागि मासिक तथा बार्षिक रुपमा छात्रवृत्तिको व्यवस्था, स्टेशनरी विद्यालय पोशाकजस्ता कुराहरुको व्यवस्था गर्नको लागि उपयुक्त नीतिनिर्माण गरिनु पर्दछ ।

विद्यालयमा नियमित अनुगमन, मूल्याङ्कन गरी वि.व्य.स. र प्र.अ.लाई आफ्नो काम, कर्तव्य र अधिकारप्रति सचेत र थप जवाफदेही बनाउन वि.नि., स्रोतव्यक्ति र प्र.अ. सम्मिलित समूह सुपरीवेक्षण प्रणालीको विकास गरिनु पर्दछ । जसले गर्दा विद्यार्थीहरुको वास्तविक समस्याको पहिचानमा सहयोग पुग्दछ ।

## ५.३.२ अभ्यास तह

विगतलाई नियालेर हेर्दा नीतिगत तहमा भएका कुराहरु कार्यान्वयन हुन नसकेको देखिन्छ । अभ्यास तहमा भएका कमि कमजोरीहरुलाई हटाएर अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि निम्न सुझावहरु पेश गरिएको छ :

अनौपचारिक प्रौढ कार्यक्रमलाई प्रभावकारी बनाई शैक्षिक अवसरबाट वञ्चित बालबालिकाहरुलाई शिक्षाको मूलधारमा समावेश गर्नको लागि खासगरी विद्यालय, समुदाय,

छरछिमेक, समाजसेवी, राजनीतिक व्यक्तित्वहरु आदिले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

अनौपचारिक प्रौढ कार्यक्रमलाई अझ प्रभावकारी बनाउन शिक्षामा पारदर्शिता र रोजगारमूलक शिक्षा प्रदान गरिने व्यवस्था गरिनु पर्दछ जसले गर्दा गरिव र शिक्षाको पहुँचदेखि टाढा रहेकाहरु शिक्षाको महत्वलाई बुझेर शैक्षिक मूलधारमा आउँछन् । यसका लागि घरदैलो कार्यक्रम गरी अभिभावकहरुलाई शिक्षाको महत्व बारेमा स्पष्ट पार्नुपर्छ ।

विद्यार्थीको सिकाई उपलब्धि र प्रगति मूल्याङ्कन गर्न अन्तिम परीक्षालाईमात्र प्रमुख आधार बनाउने नीतिलाई हटाई गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता, विद्यार्थी अवलोकनलाई समेत मूल्याङ्कनको आधार बनाइनु पर्दछ जसले गर्दा विद्यार्थीहरु नीयमित रुपमा विद्यालय आउने र उनीहरुको शिक्षाप्राप्तिको गुणस्तर बढ्नुका साथै कार्यक्रमको परिधिलाई समेत फराकिलो बनाएर लैजानु पर्दछ ।

विद्यार्थीहरुका लागि समयमा पाठ्यपुस्तक नपुगेको भन्ने गुनासो अभिभावकहरु तथा शिक्षकहरुबाट आएको हुनाले सम्बन्धित निकायबाट पाठ्यपुस्तकहरु समयमा नै लक्षित वर्गसम्म पुऱ्याउनको लागि आवश्यक कदमहरु चाल्नुपर्ने देखिन्छ ।

अनौपचारिक प्रौढ कार्यक्रमका अतिरिक्त विद्यालयले आयोजना गर्ने विभिन्न उत्सव, समारोह, कार्यक्रमहरुमा शिक्षक र अभिभावकहरुलाई सम्मान गर्ने तथा विद्यार्थीहरुलाई पुरस्कार दिई उत्साहजनक सहभागिता बढाइनु पर्दछ ।

धेरैजसो विद्यार्थीहरु परीक्षामा सम्मिलित नभएको हुनाले विद्यार्थीहरुको प्रगति विवरण मूल्याङ्कनका लागि समय समयमा विद्यार्थीहरुलाई थाहै नदिई परीक्षा कार्यक्रमहरु सञ्चालन गराउनु पर्दछ ।

अनौपचारिक प्रौढ कार्यक्रमलाई राहत मिल्ने किसिमका कार्यक्रमहरु चन्दा संकलन, सहयोग र अन्य सहयोगहरु जुटाउन विभिन्न कार्यक्रमहरु संचालन गर्ने र शिक्षाको प्रभावकारिता बुझाउनको लागि प्रगति विवरणहरु विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था, समाजसेवी र शिक्षा क्षेत्रमा सहयोग गर्ने संस्थाहरुलाई सहयोग पुऱ्याउन अपिल गरिनुपर्दछ ।

त्यस्तै विद्यालयको २ घण्टाको समय मात्र विद्यार्थीका लागि पर्याप्त छैन । त्यसका लागि घरमा समेत सिक्ने वातावरण अभिभावकहरुले तयार गरिदिनु आवश्यक हुन्छ साथै

विद्यार्थीको पठनपाठन कार्यको सदैव जानकारी अभिभावक वर्गले पनि विद्यालयबाट तथा स्वयं विद्यार्थीबाट लिइरहन आवश्यक देखिन्छ ।

अनौपचारिक प्रौढ विद्यालयको सञ्चालनका लागि तयार गरिएको संश्लेषित पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुको प्रयोगसम्बन्धी शिक्षकहरुलाई प्रवोधीकरण पश्चात् मात्र कार्यान्वयनमा आएको भए प्रभावकारी हुने थियो । तर यस्तो स्थिति नदेखिएकोले सम्बन्धित कार्यक्रमसँग सरोकार राख्ने निकाय शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र लगायत जिल्ला शिक्षा कार्यालयहरुको ध्यान जानुपर्ने देखिन्छ ।

### ५.३.३ अनुसन्धान तह

सीमित क्षेत्रमा गरिएको प्रस्तुत शिर्षकको अध्ययनलाई गहन रुपमा चिन्तन मनन गरी सम्बद्ध निकायले राष्ट्रिय स्तरको अध्ययन अनुसन्धान गर्न थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । यसले आगामी अनुसन्धानलाई महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नेछ । भावी अनुसन्धानका लागि थप सम्भाव्य शीर्षकहरु निम्न बमोजिम सुझाइएको छ :

(क) प्रौढहरुका लागि सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रमका जटिलताहरुः एक अध्ययन

(ख) अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमले विद्यार्थी उपस्थितिमा पारेको प्रभावः एक अध्ययन

(ग) दलित प्रौढहरुका लागि अनौपचारिक शिक्षा कार्यक्रमको सम्भावना र चुनौतिहरु

(घ) अनौपचारिक प्रौढ शिक्षामा देखिएका समस्या निराकरणमा देखिएका जटिलताहरु

ङ) अनौपचारिक प्रौढ शिक्षा र औपचारिक शिक्षामा विद्यार्थी उपलब्धि स्तरको तुलनात्मक अध्ययन

अतः यस अनुसन्धानमा अनौपचारिक शिक्षा कार्यक्रमको मात्र अध्ययन गरिएकोले औपचारिक शिक्षाको सम्भावना र शैक्षिक व्यवस्थापनका विभिन्न उपागमहरुको खोजी गरी अध्ययन गर्न सके यस क्षेत्रबाट आशातित शैक्षिक प्रतिफल प्राप्त हुने देखिन्छ ।

# सन्दर्भसामग्री


अधिकारी, रामप्रसाद (२०६२), वीचैमा विद्यालय छाड्ने बालबालिकाको लागि अनौपचारिक शिक्षाको माध्यमबाट पुनः विद्यालयमा प्रवेश गराउने कार्यक्रम *साक्षरता विशेषाङ्क, २०६२ (पेज ७९ -८७)* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

अनौपचारिक शिक्षा केन्द्र (२०६३), *अनौपचारिक शिक्षा नीति,* भक्तपुरः लेखक ।

आचार्य एस. तथा सिंह, जि.बि. (२००२), *र्‍यापिड एसेस्मेन्ट अफ अल्टरनेटिभ स्कूलिङ,* काठमाण्डौंः सवमिटेड टु युरोपियन कमिशन एडुकेशन को-अर्डिनेशन अफिस ।

कार्की, युवराज (२०६७), *अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम पूरा गरेका बालबालिकाको औपचारिक शिक्षा प्रणालीमा मूलप्रवाहीकरण,* शोधपत्र, अप्रकाशित कृति, शिक्षाशास्त्र सङ्काय केन्द्रीय विभाग, कीर्तिपुर ।

कानुन किताब महल *(२०६३), नेपालको अन्तरिम संविधान-२०६३,* काठमाण्डौं : लेखक ।

काफ्ले, वासुदेव तथा अन्य (२०६१), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाण्डौः विद्यार्थी प्रकाशन प्रा.लि. ।

काफ्ले, नारायणप्रसाद (२०६४), शिक्षाका वैकल्पिक माध्यम, *साक्षरता विशेषाङ्क (२०६४),* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

कोइराला, विद्यानाथ र अन्य (२०५७), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६२), *अनुसन्धान पद्धति,* काठमाण्डौ : सनलाइट पब्लिकेशन ।

गुरागाई, देवकुमारी (२०६७), सबैका लागि शिक्षा प्रतिबद्धतामा अनौपचारिक शिक्षाको सान्दर्भिकता, *साक्षरता विशेषाङ्क- २०६७,* (पेज ४१-४८) भक्तपुरः अनौपचारिक शिक्षा केन्द्र ।

तिम्सिना, जमुना (२०६७), *साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रम,* शोधपत्र, अप्रकाशित कृति, सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ ।

फ्यारेल, पि. जे. र हार्टवेल, ए. (२००८), *प्लानिङ्ग फर सक्सेसफुल अल्टरनेटिभ स्कूलिङ्ग अ पोसिबल रुट टु एजुकेशन फर अल रिसर्च पेपर, युनेस्को ।*

भट्टराई, गोपालप्रसाद (२०६२), अनौपचारिक शिक्षा, अवधारणा र पद्धति, सीताराम कोइराला (सं) *शिक्षा प्रशासनका आयामहरु* (पेज ३७९-३८०), काठमाण्डौं : सोपान मासिक ।

युनेस्को (२००७), *सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन,* पेरिसः लेखक ।

युनेस्को (२००८), *सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन,* पेरिसः लेखक ।

शर्मा, चिरञ्जीवि र शर्मा, निर्मला (२०६३), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाण्डौं : एम.के पब्लिशर्स एण्ड डिस्ट्रीव्युटर्स ।

शिक्षा मन्त्रालय (२०५८), *सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना, २००१-२०१५,* काठमाण्डौं : लेखक ।

शिक्षा मन्त्रालय (२०६३), *खुला शिक्षा तथा दूर सिकाईसम्बन्धी नीति (२०६३),* काठमाण्डौः लेखक ।

शिक्षा मन्त्रालय (२०६४), *अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वियन निर्देशिका,* काठमाण्डौंः लेखक ।

शिक्षा मन्त्रालय (२०६५), *प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका (२०६५),* काठमाण्डौ : लेखक ।

शिक्षा मन्त्रालय (२०६६), *विद्यालय क्षेत्र सुधार योजना,* २०६६-२०७२, काठमाण्डौः लेखक ।

श्रेष्ठ, पूर्णबहादुर (२०६४), विद्यालयस्तरको खुला विद्यालय, *साक्षरता विशेषाङ्क (२०६४),* (पेज ८०-८५), भुक्तपुर : अनौपचारिक शिक्षाकेन्द्र ।

सिन्हा, रामस्वरुप (२०६२), शैक्षिक मूलप्रवाहिकरणः मुद्दा र चुनौती, *शिक्षा प्रशासनका आयामहरु, (पेज* १२३-१३४) काठमाण्डौं : सोपान मासिक ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६६), परिवर्तित सन्दर्भमा प्रभावकारी सेवा प्रवाहकालागि शैक्षिक नेतृत्व विकास, कार्यपत्र, (पेज २३), भक्तपुर : लेखक ।

# प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय शिक्षाको प्रभावकारिता

## नमूनाको आकार

## अनुसूची-१

| क.सं. | विद्यालयको नाम | प्र.अ. | शिक्षक | अभिभावक | विद्यार्थी | अध्यक्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | श्री शारदा नि.मा.वि.सोराभाग | १ | २ | ५ | ५ | १ | १४ |
| २ | श्री शिक्षासदन मा.वि.विराटनगर | १ | २ | ५ | ५ | १ | १४ |
| ३ | श्री मच्छिन्द्र उ.मा.वि.केरावारी | १ | २ | ५ | ५ | १ | १४ |
| ४ | श्री वीरेन्द्र मा.वि.लखन्तरी | १ | २ | ५ | ५ | १ | १४ |
| ५ | वि.नि./स्रोतव्यक्ति | | | | | | ४ |
| ६ | सम्पर्क व्यक्ति | | | | | | १ |
| **कूल जम्मा** | | ४ | ८ | २० | २० | ४ | ६१ |

# प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय शिक्षाको प्रभावकारिता

## अवलोकन फाराम

## अनुसूची- २

१. जम्मा विद्यार्थी संख्याः छात्र [ ] छात्रा [ ]

२. जातिगत विवरणः

दलित छात्र [ ] दलित छत्रा [ ]

जनजाति छात्र [ ] जनजाति छात्रा [ ]

अन्य जातिः छात्र [ ] छात्रा [ ]

३. उमेरगत विद्यार्थी विवरणः

१० वर्षका छात्रः [ ] छात्राः [ ]

११ देखि १२ वर्षका छात्र [ ] छात्रा [ ]

१२ वर्ष माथिका छात्र [ ] छात्रा [ ]

४. विद्यालय खुलेको दिनः- [ ] वार्षिक ।

पढाई सञ्चालन भएको दिनः- [ ] वार्षिक ।

५. वार्षिक औषत उपस्थिति दिन :

छात्रः- [ ] छात्रा [ ]

६. पाठ्यक्रम तथा पाठ्यपुस्तकः

भएको [ ] नभएको [ ]

७. वसाई व्यवस्थापन :

उपयुक्त भएको [ ] नभएको [ ]

८. तहगत तथा विषयगत औषत उपलब्धी दरः

| तह /विषय | नेपाली | | | गणित | | | अंग्रेजी | | | विज्ञान | | | सामाजिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | | | | | | | | | | | | | | | |

९. कार्यरत शिक्षक विवरणः

शिक्षक संख्याः पुरुष [ ] महिला [ ]

## प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय शिक्षाको प्रभावकारिता

## विद्यार्थीका लागि अन्तरवार्ता प्रश्नावली

## अनुसूची- ३

नामः........................................................ छात्र ☐ छात्रा ☐

विद्यालयः........................................................ कक्षा/तहः..................

१.तपाईंको वावुआमा के काम गर्नु हुन्छ ?

२. तपाईंले पहिले पढ्दै गरेको विद्यालय छोड्नुपर्नाको कारण के थियो ?

३. तपाईं यस अनौपचारिक प्रौढ विद्यालयमा किन भर्ना हुनुभएको हो ?

४. अहिले पढिरहेको कक्षाको पठनपाठनबाट कस्तो अनुभव भएको छ ?

५. पाठ्यपुस्तक समयमा पाउँने गरेको छ छैन ?

६. तपाईं महिनामा कति दिन विद्यालय आउने गर्नुभएको छ ?

७. तपाईंको यो विद्यालय नियमित चल्ने गरेको छ, छैन ?

८. तपाईं यो विद्यालयमा पढ्न आउँदा के कस्ता समस्याहरु परेको ठान्नुभएको छ ?

९. यी समस्याहरु समाधान गर्न तपाईंले के के गर्दै आउनु भएको छ ?

१०. यी समस्याहरु समाधानका अन्य उपायहरु के के देख्नु भएको छ ?

११. यो कक्षाको तह पुरा गरेपछि पढाई निरन्तरताका लागि माथिल्लो कक्षामा पढ्ने योजना छ, छैन ?

धन्यवाद

# प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय शिक्षाको प्रभावकारिता

## अभिभावकहरुका लागि अन्तर्वार्ता प्रश्नावली

## अनुसूची -४

नामः.........................................................

ठेगानाः .......................................................

१. तपाईंको पारिवारिक पेशा के छ ?

२. तपाईंको परिवार सङ्ख्या कति छ ?

३. तपाईंका नानीहरुले बीचैमा विद्यालय छोड्नु पर्ने कारण के थियो ?

४. प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालयमा नानीहरुलाई पढाउनुपर्ने कुरा कसरी थाहा पाउनुभयो ?

५. औपचारिक विद्यालयमा नानीहरु नपठाई अनौपचारिक विद्यालयमा किन पठाउनुभएको हो ?

६. तपाईंले नानीहरुलाई घरमा के के काम गर्न लगाउनुभएको छ ?

७. तपाईं आफ्ना नानीहरुलाई महिनामा कति दिन कक्षामा पढ्न पठाउनु हुन्छ ?

८. तपाईका नानीहरुले यस प्रौढ विद्यालय कार्यक्रमबाट के कस्तो सिकाई गरेको पाउनुभएको छ ?

९. यी विद्यालयहरु नियमित सञ्चालन भएका छन् छैनन् ?

१०. आफ्ना नानीहरुको पठनपाठनको अवस्था बुझ्न शिक्षकसँग भेटघाट तथा अनुगमन गर्ने गर्नु भएको छ,छैन ?

११. यस्ता विद्यालयमा अभिभावकको सहभागिताका लागि विद्यालयले बोलाउने गरेको छ, छैन ?

१२.अनौपचारिक प्रौढ विद्यालयमा नानीहरु पठाउँदा के कस्ता समस्या रहेको पाउनुभएको छ ?

१३. तपाईंको विचारमा समस्याहरु कसरी समाधान गर्न सकिन्छ ?

१४. यो कक्षाको तह पश्चात माथिल्लो कक्षामा पढाउने योजना बनाउनु भएको छ, छैन ?

धन्यवाद

## प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय शिक्षाको प्रभावकारिता

## शिक्षक तथा प्र.अ.हरुका लागि अन्तरवार्ता प्रश्नावली

## अनुसूची -५

नामः.................................................................. पदः ............................

विद्यालय........................................................... ठेगाना............................

१. तपाईंले प्रौढहरुका लागि सञ्चालित विद्यालयमा पढ्ने विद्यार्थीहरुको आर्थिक स्थिति कस्तो पाउनुभएको छ ?

२. यी विद्यार्थीहरुले प्राथमिक तह पुरा गरी निम्नमाध्यमिक तहको औपचारिक विद्यालयमा भर्ना नहुनुको कारण के के होलान ?

३. यी विद्यार्थीहरुले नि.मा.तहको अध्ययन पुरा नगरी वीचैमा विद्यालय छाड्नुका कारणहरु के के ठान्नुभएको छ ?

४. विद्यार्थीहरु औपचारिक शिक्षाको नि.मा.तहमा भर्ना नभई किन यसप्रकारको अनौपचारिक कक्षामा भर्ना भएका हुन् ?

५. औपचारिक र अनौपचारिक कक्षाका विद्यार्थीहरुको सिकाइ कार्यमा सहभागिता वीच के कस्तो फरक पाउनुभएको छ ?

६. यस्ता कक्षामा विषयवस्तु विद्यार्थीको रुचि र आवश्यकता पूरा गर्ने खालका छन, छैनन् ?

७. कक्षा सञ्चालन प्रकृया र शिक्षण विधि सम्बन्धी तालिमको व्यवस्था छ, छैन ?

८. कक्षा सञ्चालनका लागि आवश्यक शिक्षण सिकाई सामग्री समयमा उपलब्ध हुने गरेको छ ?

९. कक्षा सञ्चालन नियमित हुने गरेको छ छैन ?

१०. कक्षा सञ्चालन सम्बन्धी नीति निर्देशन तथा अनुगमन निरीक्षण र पृष्ठपोषण सम्बन्धित निकायबाट हुने गरेको छ, छैन ? छ भने कुन निकाय तथा व्यक्तिबाट हुने गरेको छ ?

११. पठनपाठन सञ्चालन सम्बन्धी योजना निर्माण, शिक्षक परामर्श एवं छलफल जस्ता कार्य गर्ने गर्नुभएको छ ?

१२. कक्षामा सहभागीहरुको उपलब्धि स्तर कस्तो पाउनु भएको छ ?

१३. यस्तो कक्षाको तह पारपछि औपचारिक विद्यालयमा भर्ना हुने गरेको छ, छैन ?

१४. कक्षा सञ्चालनको क्रममा के कस्ता समस्याहरु भोगिरहनु भएको छ ?

१५. यी समस्याहरुको समाधानका उपायहरु के के देख्नु भएको छ ?

१६. यी समस्याहरु हल गर्न तपाईंको तर्फबाट के के प्रयास गर्नु भएको छ ?

धन्यवाद

## प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय शिक्षाको प्रभावकारिता

## वि.नि.,स्रोतव्यक्ति तथा कार्यक्रम संयोजकहरुका लागि अन्तरवार्ता प्रश्नावली

## अनुसूची -६

नामः.................................................................... पदः .............................

कार्यालय/निरीक्षण क्षेत्र/स्रोतकेन्द्र.......................................................

१. तपाईंको जिल्ला/निरीक्षण क्षेत्र/स्रोतकेन्द्रमा कतिवटा नि.मा.तहका अनौपचारिक कक्षाहरु चलेका छन् ?

२. तपाईंले यस्ता कक्षाहरुको कतिपटक अनुगमन गर्नु भएको छ ?

३. यस्ता कक्षाको अनुगमनका क्रममा विद्यार्थीहरुको उपस्थिति कस्तो पाउनु भएको छ ?

४. कक्षा अनुगमनका क्रममा शिक्षकहरुको शैक्षणिक क्रियाकलाप सुधार गर्न पृष्ठपोषण दिने गर्नु भएको छ,छैन ? छ भने कसरी ?

५. कक्षा व्यवस्थापनका लागि स्थानीय स्तरमा अभिभावक, शिक्षक विद्यार्थी वीच समन्वयको अवस्था कस्तो पाउनु भएको छ ?

६. यस्ता कक्षाको आवश्यकता कत्तिको ठान्नु भएको छ ?

७. तपाईंको जिल्ला/निरीक्षण क्षेत्र/स्रोतकेन्द्रमा यस्ता कक्षाको प्रभावकारिता कस्तो पाउनु भएको छ ?

८. के यी कक्षाहरु नियमित चलेका छन् ?

९. कक्षामा सहभागीहरुको उपलब्धि स्तर कस्तो पाउनु भएको छ ?

१०. यस्तो कक्षाको तह पारपछि औपचारिक विद्यालयमा भर्ना हुने गरेको छ, छैन ?

११. यस्ता कक्षा सञ्चालनका क्रममा के कस्ता समस्याहरु आइपरेको पाउनु भएको छ ?

१२. ती समस्याहरु निराकरण गर्न के कस्तो के कस्तो पहल र प्रयास गर्नु भएको छ ?

धन्यवाद

## प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय शिक्षाको प्रभावकारिता

## वि.व्य.स.अध्यक्षहरुका लागि अन्तरवार्ता प्रश्नावली

## अनुसूची -७

नाम थरः ..............................................

विद्यालयः ..............................................

ठेगानाः ..............................................

१. तपाईं अध्यक्ष रहनु भएको विद्यालयमा प्रौढहरुका लागि सञ्चालित कक्षाका विद्यार्थीहरुको आर्थिक अवस्था कस्तो पाउँनु भएको छ ?

२. यी प्रौढ विद्यार्थीहरुले औपचारिक विद्यालयको कक्षामा भर्ना नभएको कारण के होला ?

३. यी कक्षा सञ्चालन भएको बेला अनुगमन कतिपटक गर्नु भएको छ ?

४. विद्यार्थीहरु नियमित कक्षामा उपस्थित हुने गरेको कुरा तपाईंले कक्षा अनुगमनका क्रममा पाउनु भएको छ ?

५. यी विद्यार्थीहरुले किन वीचैमा कक्षा छोडकेका होलान ?

६. याहाँले प्रौढ विद्यालयका कक्षामा पढ्ने विद्यार्थीहरुका के कस्ता समस्याहरु रहेको सुन्नु भएको छ ?

७. कक्षा नियमित रुपमा सञ्चालन भएको छ छैन ?

८. अभिभावकहरुको के कस्ता गुनासो तथा समस्या रहेको पाउँनु भएको छ ?

९. कक्षा सञ्चालनका क्रममा शिक्षकहरुले के कस्ता समस्याहरु राख्ने गरेका छन् ?

१०. ती समस्याहरु क्सरी समाधान गर्दै आउनु भएको छ ।

धन्यवाद

## प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालय शिक्षाको प्रभावकारिता

## समूह छलफलका लागि तयार गरिएका वुँदाहरु

## अनुसूची -८

१. प्रौढहरुका लागि सञ्चालित अनौपचारिक विद्यालयहरुको आवश्यकता कसरी महसुस गर्नुभएको छ ?

२. यस्ता कक्षाहरु कसरी सञ्चालन गरिरहनु भएको छ ?

३. यी कक्षाहरुमा महिलाहरुको सहभागिता कस्तो रहेको छ ?

४. कक्षा सञ्चालनमा के कस्ता समस्याहरु भोगिरहनु भएको छ ?

५. ती समस्याहरुलाई समाधान गर्ने उपायहरु के के हुन सक्छन ?

६. के यस्ता कक्षा सञ्चालनलाई निरन्तरता दिनु आवश्यक छ ?

७. यी कक्षाहरुमा विद्यार्थीहरुले पढाई सकेर अन्य माथिल्लो कक्षामा भर्ना भएको पाउनु भएको छ ?

८. विद्यार्थीहरुको सिकाई प्रति सन्तुष्ट हुनुहुन्छ ?

९. पाठ्यक्रमको सान्दर्भिकताको स्थिति

१०. पाठ्यक्रममा थप गर्नु पर्ने कुराहरु

११. २ वर्षमा ३ वर्षको पाठ्यक्रमलाई कसरी एकिकृत ढंगले लागु गर्ने ?

१२. विद्यार्थी नियमितता

१४. नियमित कक्षा सञ्चालन/कक्षा व्यवस्थापन/शिक्षक व्यवस्थापन

१५. शिक्षक परामर्श, छलफल, सहयोग तथा समन्वय

धन्यवाद

## जनजाति विद्यार्थीहरुको परीक्षासम्बन्धी विवरण :

### अनुसूची ९

| सि.नं. | विद्यालयको नाम | कूल विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | उत्तीर्ण संख्या | | | उत्तीर्ण प्रतिशत(%) | | | विद्यालय छाड्ने संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | शारदानि.मा.वि. | १३ | ४ | १७ | ८ | १ | ९ | ८ | १ | ९ | १०० | १०० | १०० | ५ | ३ | ८ |
| २ | शिक्षासदन मा.वि. | १८ | | १८ | ४ | | ४ | ४ | | ४ | १०० | | १०० | १४ | | १४ |
| ३ | मच्छिन्द्र उ.मा.वि. | १३ | ५ | १८ | ६ | १ | ७ | ६ | १ | ७ | १०० | १०० | १०० | ७ | ४ | ११ |
| ४ | विरेन्द्र मा.वि. | १४ | ४ | १८ | ६ | | ६ | ६ | | ६ | १०० | १०० | १०० | ८ | ४ | १२ |
| | जम्मा | ५८ | १३ | ७१ | २४ | २ | २६ | २४ | २ | २६ | १०० | १०० | १०० | ३४ | ११ | ४५ |
| सम्मिलित प्रतिशत जम्मा | | | | | ४१.३७ | १५.३८ | ३६.६१ | १०० | | | | १०० | १०० | ५८.६२ | ८४.६१ | ६३.३८ |

स्रोतः विद्यालयको परीक्षा अभिलेख तथा अवलोकन फारम, २०६८

## अनुसूची १०

## अनौपचारिक निम्नमाध्यमिक प्रौढ विद्यालय विवरण

| सि.नं. | विद्यालयको नाम | ठेगाना गा.वि.स./न.पा | सञ्चालित | तह कक्षा |
|---|---|---|---|---|
| | | | ०६५/०६६ | ०६६/०६७ |
| १. | श्री नि.मा.वि. वैरीया | भाथिगछ गा.वि.स. | पहिलो तह | दोस्रो तह |
| २. | श्री सुन्दर नि.मा.वि | भौंडाहा गा.वि.स. | पहिलो तह | दोस्रो तह |
| ३. | श्री सार्वजनिक नि.मा.वि. | शिसवनी जहदा गा.वि.स. | पहिलो तह | दोस्रो तह |
| ४. | श्री शिवशक्ति नि.मा.वि | सोराभाग गा.वि.स. | पहिलो तह | दोस्रो तह |
| ५. | श्री शारदा नि.मा.वि | सोराभाग गा.वि.स. | पहिलो तह | दोस्रो तह |
| ६. | श्री शिक्षासदन मा.वि | विराटनगर उ.प.म.न.पा. | पहिलो तह | दोस्रो तह |
| ७. | श्री जनता मा.वि इक्राही | विराटनगर उ.प.म.न.पा. | पहिलो तह | दोस्रो तह |
| ८ | श्री मच्छिन्द्र उ.मा.वि | केरावारी गा.वि.स. | पहिलो तह | दोस्रो तह |
| ९ | श्री वीरेन्द्र मा.वि. | लखन्तरी गा.वि.स | पहिलो तह | दोस्रो तह |

*स्रोतः जिल्ला शिक्षा कार्यालय मोरङ्ग, २०६८ ।*